अदालतले भर्ने ..........
दर्ता नं. .....................
दर्ता मिति ................

# श्री काठमाडौं जिल्ला अदालत, काठमाडौंमा

## मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ वमोजिम दायर गरेको

## अभियोग पत्र

आ.व. २०७९/०८० सालको निर्णय नम्बरः-

**त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाडौंका प्रमुख भन्सार प्रशासक अरुण पोखरेलको** जाहेरीले नेपाल.......................................................................................................**वादी**

**विरुद्धः-**

(प्रतिवादी)

**१.** रत्न बहादुर खड्काको नाती, अमर बहादुर खड्काको छोरा, कर्णाली प्रदेश, सुर्खेत जिल्ला बिरेन्द्रनगर नगरपालिका वडा नं.५ स्थायी वतन भई हाल बागमती प्रदेश, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं.३२ नरेफाँट बस्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचरका नायव सुब्बा बर्ष २७ को **रेवन्त खड्का (ना.प्र.प.नं.११२५०१)...........................१**

२. जुद्ध बहादुर बस्नेतको नाती, भिम बहादुर बस्नेतको छोरा, बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला साविक थुम्पाखर गाविस वडा नं.७ हालको परिवर्तित सुनकोशी गा.पा. वडा नं.६ स्थायी वतन भई हाल काठमाडौं जिल्ला कागेश्वरी मनहरा नगरपालिका वडा नं. ९ बस्ने बर्ष ३२ को **दिनेश बस्नेत (ना.प्र.प.नं. २४१०२५/१०४६५).....................................................................१**

३. रामकिशन अग्रवालको नाती, सावलराम अग्रवालको छोरा, कोशी प्रदेश, सुनसरी जिल्ला साविक धरान नगरपालिका वडा नं. २ परिवर्तित धरान उपमहानगरपालिका वडा नं. २ स्थायी वतन भई हाल काठमाडौं जिल्ला, का.म.पा. वडा नं. २५ भोटेबहाल बस्ने बर्ष ५४ को **वेद प्रकाश अग्रवाल (ना.प्र.प.नं. २६८४)...........................................................................१**

४. बालु मरगलेको नाती, पांडुरङ मरगलेको छोरा, भारत देश, महाराष्ट्र प्रदेश- ४१५३०१, जिल्ला साङली, थाना आटपाडी घर भई हाल बागमती प्रदेश, काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ ओटुमा बस्ने वर्ष ३९ को **साहेब राव पाण्डुरङ मरगले (आधार कार्ड नं. ८०४३१२९४६०२२)...................................................................१**

**प्रतिवादी**

५. कृष्ण बहादुर कार्कीको नाति, विष्णु बहादुर कार्कीको छोरा, बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला साविक थुमपाखर गा.वि.स. वडा नं. ९ परिवर्तित सुनकोशी गा.पा. वडा नं. ६ हाल काठमाडौं जिल्ला, का.म.पा.वडा नं. ३१ शान्तिनगर बस्ने वर्ष ३२ को **अमृत कार्की** (ना.प्र.नं.२४१०२५/४८)**..........................................................................................१**

६. रविलाल वि.क. को नाति, तुल बहादुर वि.क. को छोरा, गण्डकी प्रदेश, बाग्लुङ जिल्ला काठेकोला गा.पा. वडा नं. ३ स्थायी वतन भई हाल कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ०४ गैह्रीटापाटनमा बस्ने वर्ष २२ को **निर्मल कुमार वि.क. (ना.प्र.नं.१४२६)...............................१**

७. जुद्द बहादुर बस्नेतको नाति, भिम बहादुर बस्नेतको छोरा, बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला साविक थुम्पाखर गाविस वडा नं. ७ हालको परिवर्तित सुनकोशी गा.पा. वडा नं.६ स्थायी वतन भई हाल काठमाडौं जिल्ला कागेश्वरी मनहरा नगरपालिका वडा नं. ९ मा बस्ने वर्ष २९ को **दिपेश बस्नेत (ना.प्र.नं.२४-०१-६९-०५९५७)..........................................................(फरार)..१**

८. भिम बहादुर बस्नेतको छोरा बागमती प्रदेश, सिन्धुपाल्चोक जिल्ला साविक थुम्पाखर गाविस वडा नं. ३ हालकोपरिवर्तित सुनकोशी गा.पा. वडा नं. ६, पाखर स्थायी वतन भई हाल का.जि. का.म.पा. ३२ पेप्सिकोला बस्ने वर्ष ४२ को **गोपाल सुवेदी (ना.प्र.नं.९७९४/९४४४१)....................................................................(फरार)..१**

**९.** चेत बहादुर थापा क्षेत्रीको नाती, नारायण बहादुर थापा क्षेत्रीको छोरा, बागमती प्रदेश, काभ्रेपलाञ्चोक जिल्ला, साविक उग्रतारा गा.वि.स. वडा नं.२ हाल परिवर्तित बनेपा न.पा. वडा नं. १० थापा गाउ बस्ने वर्ष ५५ को **रामकेशव थापा** (ना.प्र.नं.५८०६, काभ्रे)**…........…..(फरार)..१**

**प्रतिवादी**

## <u>मुद्दाः आपराधिक विश्वासघात गर्न नहुने र संगठित अपराध सम्बन्धि कसूर ।</u>

**<u>मुद्दाको संक्षिप्त तथ्यः</u>**

**१. <u>प्रहरी प्रतिवेदनहरुः</u>**

**क) <u>त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौको च. नं १५२१, मिति २०८०/०१/२६ गतेको पत्रः-</u>**

यस कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ गते मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes)साटफेर गरी उक्त मालवस्तुको ठाउँमा सोही प्रकृतिको अर्को सामान राखेको कार्यालयको आन्तरिक छानबिनबाट देखिएको र सो सम्बन्धमा विस्तृत अनुसन्धान गरी सत्य तथ्य एकीन गर्न जरुरी देखिएकोले कार्यालयको मुद्दा शाखामा गोदामको कार्य जिम्मेवारी तोकिएका जिल्ला सुर्खेत, विरेन्द्रनगर न पा, वडा नं ५ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ३२, पेप्सीकोला बस्ने ना सु रेवन्त खड्का र सो कार्यमा संलग्न अन्य व्यक्ति वा समूहको पहिचान गरी आवश्यक अनुसन्धान र तहकिकात गरी कानून बमोजिम कारवाही हुन अनुरोध भन्ने व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौको च. नं १५२१, मिति २०८०/०१/२६ गतेको पत्र ।

**ख)** **प्रहरी प्रतिवेदन:-**

त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल, भन्सार कार्यालय गौचर काठमाडौंको यात्रु आगमन शाखावाट जफत गरि मिति २०७९।१०।२९ मा मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ वट्टामा रहेको ७३० थान इलेक्ट्रिक सिगरेट (Vapes) रहेको र उक्त सुटकेश साटफेर गरि उक्त मालवस्तुको ठाउमा सोही प्रकृतीको अर्को सामान राखेको कार्यालयको आन्तरिक छानविनबाट देखिएको र सो सम्बन्धमा विस्तृत अनुसन्धान गरि सत्य तथ्य एकिन गर्न जरुरी देखिएकोले कार्यालयको मुद्दा शाखामा गोदामको कार्य जिम्मेवारी तोकिएका स्थायी ठेगाना सुर्खेत जिल्ला विरेन्द्रनगर न.पा.वार्ड नं.५ घर भै हाल पेप्सीकोला, काठमाडौं बस्ने ना.सु. रेवन्त खडका र सो कार्यमा संलग्न अन्य व्यक्ति वा समुहको पहिचान गरि आवश्यक अनुसन्धान र तहकीकात गरि कानुन बमोजिम कारवाही हुन अनुरोध छ भन्ने समेत व्यहोराको भंसार कार्यालय गौभर काटमाडौंको पत्र प्राप्त भएकोमा सो सम्वन्धमा प्रारम्भिक अनुसन्धानको क्रममा निज रेवन्त खड्का नेपाल सरकारको कर्मचारी भई आफ्नो जिम्मामा रहेको र सुरक्षीत राख्नका लागी जिम्मामा पाएको जफत भएको इलेक्ट्रिक सिगरेट (Vapes) सट्टा गरी सोमा रहेको भनिएको सून दिनेश वस्नेतसँग मिली वेचविखन गरी निजले आफ्नो साथी तथा आफन्तको खातामा रकम जिम्मा गर्नको लगाई रु.६५,००,०००|– (रु.पैसट्ठी लाख मात्र) लिई खाएको देखिन आएकोमा निज दिनेश वस्नेत र रेवन्त खड्का समेतका अनुसन्धानमा खुल्न आएका अन्य उक्त कार्यमा संलग्न व्यक्तिहरुलाई अपराधिक विश्वासधात गर्न नहुने कसूर र अनुसन्धानको क्रममा खुल्न आउने अन्य कानून अनुसार समेत अनुसन्धान हुन भन्ने समेत ब्यहोराको प्रहरी प्रतिवेदन।

**ग)** **प्रहरी प्रतिवेदन:-**

त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरको पत्र समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रेवन्त खड्का समेत भएको निज प्रतिवादीहरुले त्रि.वि. भन्सार कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ मा मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ वट्टामा रहेको ७३० थान इलेक्ट्रिक सिगरेट (Vapes) साटफेर गरि उक्त मालवस्तुको ठाउमा सोही प्रकृतीको अर्को सामान राखेको कार्यालयको आन्तरिक छानविनबाट देखिएको र सो सम्बन्धमा विस्तृत अनुसन्धान गरि सत्य तथ्य एकिन गर्न जरुरी देखिएकोले कार्यालयको मुद्दा शाखामा गोदामको कार्य जिम्मेवारी तोकिएका सो कार्यालयका ना.सु. रेवन्त खडका र सो कार्यमा संलग्न अन्य व्यक्ति वा समुहको पहिचान गरि आवश्यक अनुसन्धान र तहकीकात गरि कानुन बमोजिम कारवाही हुन अनुरोध छ, भन्ने समेत व्यहोराको पत्र प्राप्त भएकोमा सो सम्वन्धमा प्रारम्भिक अनुसन्धानको क्रममा निम्न अनुसार देखिन आएकोमा निज रेवन्त खड्काले नेपाल सरकारको कर्मचारी भई कानूनी कर्तव्य भएको हैसियतमा पाएकोमा आफ्नो जिम्मामा गोदाममा रहेको वा सुरक्षीत राख्न जिम्मामा पाएको चिनियाँ नागरिकले लिई आएको अवस्थामा जफत भएको इलेक्ट्रिक सिगरेट (Vapes) सट्टा गरी सोमा रहेको भनिएको सून दिनेश वस्नेतसँग मिली वेचविखन गरी निजले आफ्नो साथी तथा आफन्तको खातामा रकम जिम्मा गर्नको लगाई रु.६५,००,०००|– (रु पैसट्ठी लाख मात्र) लिई खाएको देखिन आएकोमा निज दिनेश वस्नेत र रेवन्त खड्का समेतका अनुसन्धानमा खुल्न आउने अन्य संलग्न व्यक्तिहरुलाई अपराधिक विश्वासधात गर्न नहुने कसूर र अन्य अनुसन्धानको क्रममा खुल्न आउने अन्य कानून अनुसार समेत अनुसन्धान हुन भन्ने समेत व्यहोराको प्रहरी प्रतिवेदन समेत पर्न आएकोमा प्रस्तुत वारदातयस ब्यूरोको कसूर दर्ता किताबमा “ठगी, आपराधिक विश्वाशघात र आपराधिक लाभ सम्बन्धी कसूरमा’ मुद्दा दर्ता गरी प्रस्तुत मुद्दाको अनुसन्धान कार्य शुरु भएको। यस ब्यूरोमा प्राप्त हुन आएको त्रि.वि. भन्सार कार्यालयको पत्र र प्रहरी प्रतिवेदन समेतमा

किटानी भएका प्रतिवादी रेवन्त खड्का काठमाण्डौमा पक्राउ भई निजको सोधपुछबाट खुल्न आएका तथा मिसिल संलग्न प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएका तथ्यहरुको आधारमा दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल र भारतीय नागरिक साहेब राव मरगले समेत पक्राउ भई दाखिला हुन आएको र निज प्रतिवादीहरुले भन्सार कार्यालय गौचरको पत्र समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रेवन्त खड्का समेत भएको त्रि.वि. भन्सार कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ मा मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ वट्टामा रहेको ७३० थान इलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सो भित्र रहेको सुन निकाली बिक्री गरेको र उल्लेखित बरामद इलेक्ट्रिक सिगरेट (Vapes) लाई साटफेर गरी सो को साटोमा अर्को ब्राण्डको इलेक्ट्रिक सिगरेट (Vapes) राखि दिएको निज प्रतिवादीहरुको प्ररम्भिक बयान समेतबाट खुल्न आएको,निज प्रतिवादीहरुले यसरी कसूर अपराध गरेको कुरा लुकाउन छिपाउन कसूरबाट आर्जित रकम मध्ये रु.६५,००,०००/- (पैंसठ्ठी लाख) निज प्रतिवादी रेवन्त खड्काको नजिकको नाता सम्बन्ध समेत नभएको प्रेरणा थापा, ललिता थापा, गंगाराम थापा र समर बहादुर थापा समेतको नाममा जम्मा गरेको तथा प्रतिवादी दिनेश बस्नेत समेतको लगानी रहेको साझेदारी व्यवसाय Dexter Tours and Travels pvt. Ltd. को नाममा ग्लोबल आईएमई बैंकमा रहेको खातामा सोहि कसूरबाट आर्जित रकम मध्ये रु.८०,००,०००/- (असी लाख) जम्मा गरेको निज प्रतिवादीहरुको बयान र प्रेरणा थापा समेतको घटना विवरण कागज र संलग्न कागजातबाट खुलेको,प्रतिवादी दिनेश बस्नेतले यसरी कसूर अपराध गरेको कुरा लुकाउन छिपाउन कसूरबाट आर्जित रकम मध्ये रु. २,९५,००,०००/- (दुई करोड पन्चानब्बे लाख) खर्च गरी निजको ससुरा राम केशव थापाको नाममा भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. १७ मा कि.नं. ९९३ को जग्गा खरिद गरेको निज प्रतिवादी दिनेश बस्नेतको बयान, निजको ससुरा रामकेशव थापाको कागज र कागजसाथ पेश भएको जग्गाधनी दर्ता प्रमाण पुर्जा, राजिनामा लिखत समेतका कागजातबाट खुल्न आएको, यसरी प्रस्तुत वारदातको सम्बन्धमा अनुसन्धानको सिलसिलामा संकलन भएको त्रि.वि. भन्सार कार्यालयको पत्र, प्रतिवादीहरुको बयान कागज, बुझिएका मानिसहरुको कागज समेतबाट रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेब राव मरगले, गोपाल सुवेदी र दिपेश बस्नेत समेतका प्रतिवादीहरुले गैह्र कानूनी तवरले त्रि.वि. भन्सार कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ मा मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ वट्टामा रहेको ७३० थान इलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सो मा रहेको सुन झिकी अवैध तवरबाट बिक्री वितरण गरी रकम लिन खान,आर्थिक लाभ प्राप्त गर्न संगठित भई अपराध गर्नका लागि पिरामिड शैलीमा तहगत जिम्मेवारीहरु बाँडफाँड गर्दै त्रि.वि. भन्सार कार्यालय मार्फत नेपाल सरकारलाई प्राप्त हुने राजश्व नोक्सानगरी र आफूहरुलाई फाईदा पुग्ने गरी कार्यगरी रकम ठगी गरी आफुले लिने खाने नियतले तीन वा तीन भन्दा वढी व्यक्तिहरुको आपराधिक समूह भई, प्रचलित कानून बमोजिम ३ वर्ष भन्दा वढी कैद सजाय हुने कसूर समेत गरी संगठित अपराध निवारण ऐन, २०७० समेतको कसूर अपराध गरी मुलुकी अपराध संहिता, २०७४ को ठगी, आपराधिक लाभ र आपराधिक विश्वाशघात सम्बन्धी कसूर गरेको हाल सम्मको अनुसन्धानबाट देखिएकोले मुलुकी अपराध संहिता, २०७४ को ठगी, आपराधिक विश्वाशघात र आपराधिक लाभ सम्बन्धी कसूरमा मुद्दा दर्ता भई अनुसन्धान भई रहेको हुँदा तपसिलमा उल्लेखित नामथर वतन खुलेका ६ (छ) जना प्रतिवादीहरु, अन्य ब्यक्तिहरु समेतको संलग्नतामा नेपाल सरकारलाई घाटा पुर्याउने उद्देश्य र मनसायका साथमा प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेब राव मरगले, गोपाल सुवेदी र दिपेश बस्नेत समेतको मिलेमतोमा संगठित रुपमा कसूर गरेको अपराधको कार्यबिधि (Modus

Operandi) रहेकोले निजहरुलाई संगठित अपराध निवारण ऐन,२०७० बमोजिमको मुद्दामा समेत अनुसन्धान तथा कारवाही गर्नुपर्ने देखिएको भन्ने समेत ब्यहोराको प्रहरी प्रतिवेदन।

२) **<u>घटनास्थल बरामदी मुचुल्का</u>**

काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा न.९ गौचर स्थित रहेको त्रिभुवन बिमानस्थल भन्सार कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ मा मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ वट्टामा रहेको भित्र सुन रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) दुई तल्ले कार्गो भवनको माथिल्लो तल्लाको कोठा नं.१११ मा राखिएकोमा भित्र सुन भएको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) साटफेर गरी सोही प्रकृतिको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) सोही स्थानमा राखी सुन भएको ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र रहेको सुन निकाली बिक्री गरेको भन्ने समेत ब्यहोराको घटनास्थल बरामदी मुचुल्का।

३. **<u>प्रतिवादी रेवन्त खड्काको बयान</u>**:-

उक्त ७३ बट्टा ईलेक्ट्रिक सिगरेट (Vapes) म सँगै पक्राउ भई आएका प्रतिवादी दिनेश बस्नेतले जफत भएको ७३ बट्टा ईलेक्ट्रिक सिगरेट (Vapes) लाई सुटकेशबाट झिकी साटफेर गरि राखेको अर्को ईलेक्ट्रिक सिगरेट (Vapes) हो, हेरी चिन्हि सनाखत समेत गरि दिएँ। उक्त सुटकेश मेरो जिम्मामा आउनु अघि नै ताल्चा नलागेको अवस्थामा थियो । बरबुझारथको क्रममा ताल्चा खोलिएको हुन सक्छ, यकिन भन्न सक्दिँन । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिभिन्न एयरलाईन्सबाट आएका यात्रुहरुको लगेजलाई ग्राउण्ड ह्याण्डलिङका कर्मचारीहरुले स्क्रिनिङ बेल्टमा राखे पछि स्क्रिनरले एक्सरेबाट लगेज पास हुँदा कानूनले निषेध गरेका अवैध सामान वा भंसार लाग्ने सामान देखिएमा लगेजको ट्यागमा RC लेखि बेल्टमा लगेज पठाउँछन। यसरी RC लेख्नुको अर्थ उक्त लगेज Red Channel मा पुन : परिक्षण गर्नु पर्ने भन्ने हो। तत्पश्चात यात्रुले बेल्टबाट आफ्नो लगेज लिई Exit तर्फ प्रस्थान गर्छन। यात्रु Exit हुनु अघि भन्सार कार्यालयको Green Channel र Red Channel छुट्याउने ठाउँमा ड्यूटीमा रहेका भन्सारका कर्मचारीहरुले लगेजको ट्यागमा RC उल्लेख भए, नभएको यकिन गरी ट्यागमा RC उल्लेख भएको भए त्यस्ता लगेजलाई पुन: स्क्रिनिङको लागि एक्सरे मेसिनमा राख्दछन, तत्पश्चात RC मा रहेका स्क्रिनरले स्क्रिनिङ गरी सम्बन्धित RC मा रहेका अफिसर, ड्युटी अफिसर र प्रमुख भन्सार अधिकृतसँग समन्वय गरी निजहरुको निर्देशन बमोजिम उक्त मालबस्तुको भन्सार दाखिला गराई जाँचपास गर्ने वा जफत गर्ने निर्णय गरिन्छ। जफत गर्ने गरी गरेको निर्णय जफतको निस्सा वा जफत पुस्तिकामा अभिलेखिकरण गरिन्छ र जफत भएको निस्सा १ प्रति सम्बन्धित यात्रुलाई दिने गरिन्छ। जफत गरिएको मालबस्तु आवश्यक कारवाहीको लागि त्रि.वि. भन्सार कार्यालय गौचर काठमाण्डौंको मुद्दा तथा लिलामी शाखामा पत्र सहित पठाईन्छ। यसरी जफत भएका सामग्रीहरु मुद्दा तथा लिलामी शाखामा लैजाने क्रममा त्रि.अ.वि. सुरक्षा कार्यालय,बाट खटिएका सुरक्षाकर्मीले पुन: एक पटक स्क्रिनिङ गरे पश्चात सम्बन्धित भन्सार कर्मचारीले मुद्दा तथा लिलामी शाखामा लागी सामान बुझाउँछन। उल्लेखित सुटकेशहरु समेत माथि उल्लेखित प्रकृया पुरा गरी स्टोर दाखिला गरिएको हो। उल्लेखित प्रक्रियामा यात्रु जाँचपास तथा सहजिकरण शाखामा खटिएका प्रमुख भन्सार अधिकृत,ड्यूटी अफिसर, स्क्रिनर समेतका कर्मचारीहरु संलग्न हुन्छन। उक्त लगेज जफत गर्ने समेतको प्रकृयामा को को संलग्न थिए, यकिन भन्न सक्दिँन। उक्त जफत भएको दिनको ड्यूटी रजिष्टरबाट उक्त प्रकृयामा संलग्न कर्मचारीहरुको बारेमा प्रष्ट हुन्छ। लगेज स्क्रिनिङ गर्दा / एक्सरेमा राख्दा उक्त लगेजमा सुन रहेको भए एक्सरेमा सुनको आकार (Size) को कालो रंगको धब्बा देखिन्छ। यसरी लगेजको

एक्सरे गर्दा कालो धब्बा देखिएको अवस्थामा ब्यागेज स्क्रिनिङ बेल्टमा रहेको लगेज एक्सरे गर्ने स्क्रिनरले Risk Analysis गरी ब्यागेजमा रहेको ट्यागमा RC लेख्ने वा भन्सारको कुनै कर्मचारीलाई बोलाई ब्यागेज हस्तान्तरण गर्नु पर्दछ । यदि शुरु स्क्रिनरले ब्यागेजमा रहेको ट्यागमा RC लेखि पठाएको अवस्थामा Red Channel मा रहेको एक्सरे गर्ने स्क्रिनरले पुन: स्क्रिनिङ गरी ब्याग खोली ब्याग भित्र रहेको मालबस्तुको भौतिक परिक्षण (Physical Verification) गरी देखिएको व्यहोरा सम्बन्धित ड्यूटी अफिसरलाई जानकारी गराई आवश्यक कारवाही गर्नु पर्दछ । विदेशी नागरिकको ब्यागेजमा सुन भेटिएको अवस्थामा तत्काल नियन्त्रणमा लिई आवश्यक कारवाही अगाडी बढाउनु पर्छ । २०७९ फागुन महिनाको दोश्रो हप्ता तिर निज बब्लु कुमार गुप्ताले मलाई भेटीचिनियाँ नागरिकबाट जफत भई मुद्दा शाखामा दाखिला भई मुद्दा शाखाको गोदाममा रहेको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन छ भन्ने सुनेको छु भनि मलाई जानकारी गराउँदा मलाई विश्वाश नलागी निज बब्लु कुमार गुप्तालाई मुद्दा शाखाको गोदाममा लगि सुटकेशबाट १ थान ईलेक्ट्रिक सिगरेट (Vapes) झिकि निज बब्लु कुमार गुप्ताले मुखमा राखी सास तान्दा धुँवा नआए पछि उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) सक्कली नभई सो ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अन्य केहि बहुमुल्य बस्तु छ भन्ने कुरामा म समेत विश्वस्त भएँ, उक्त गोदाममा सिसिटिभी (CCTV)बाट निगरानी हुने भएकोले उक्त कोठामा थप चेकजाँच गरिएन । सो को १/२ दिन पछि हाल म सँगै पक्राउमा परि आएका दिनेश बस्नेतले मलाई भेटी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन रहेको र उक्त सुन बिक्रीको लागि आफूले भारतिय नागरिक सँग Deal गरि सकेको भनि बताई मलाई समेत सो सुन बिक्रीबाट प्राप्त रकम मध्ये राम्रो रकम हिस्सा दिने भनि उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) उपलब्ध गराउन आग्रह गरेका थिए, तत्पश्चात सो को करिब ७/१० दिन पछि मुद्दा शाखामा रहेका लिलामी गर्नु पर्ने र नष्ट (Dispose) गर्नु पर्ने सामानहरुलाई छुट्याई उल्लेखीत प्रयोजनका लागि स्थानान्तरण गर्ने क्रममा उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) सहितको सुटकेश Dispose गर्ने प्रयोजनका लागि मैले कोठा नं. १११ मा सारेँ । कोठा नं. १११ मा रहेका सामानहरु मध्ये लिलामी गर्नु पर्ने र नष्ट (Dispose) गर्नु पर्ने सामानहरुलाई छुट्याउनका लागि मजदुरहरुलाई उक्त कोठामा लाने क्रममा निज दिनेश बस्नेत समेत सँगै जाने गरेका थिए । मेरो सहमतिमा निजले पटक पटक गरी जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) कोठा नं. १११बाट झिकि सो को ठाउँमा हाल बरामद भई आएको ईलेक्ट्रिक सिगरेट (Vapes) राखि दिएका हुन । निज दिनेश बस्नेतले उक्त जफत भई आएको ईलेक्ट्रिक सिगरेट (Vapes)बाट सुन झिकि रु.६,००,००,०००/- (छ करोड) मा वेद प्रकाश अग्रवाल समेतलाई बिक्री गरेका रहेछन भन्ने हाल थाहा पाएको हुँ । मैले उक्त जफत भई आएको ईलेक्ट्रिक सिगरेट (Vapes) साटफेर गरी बाहिर लैजान सहजिकरण गरे वापत निज दिनेश बस्नेतले मेरो निर्देशनमा मेरी साथी प्रेरणा थापाको बैंक अफ काठमाण्डू र कृषी बिकास बैंक लिमिटेडको खातामा रु.३०,००,०००।– (तीस लाख मात्र), मैले भाउजु भन्ने गरेको ललिता राजभण्डारीको विभिन्न बैंक खातामा रु.३५,००,०००।– (पैंतीस लाख मात्र) गरी जम्मा रु.६५,००,०००।– (पैसठ्ठी लाख मात्र) जम्मा गरी दिएका थिए । सो बाहेक अन्य केहि रकम खानपानमा खर्च गरेको हुन सक्छ । उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes)बाट सुन झिक्ने कार्य दिनेश बस्नेतले गरेको हुँदा के कति परिमाणमा सुन झिकियो र सो मध्ये के कति परिमाणमा बिक्री गरियो, निजलाई नै थाहा होला । निज प्रेरणा थापा कारोबारमा विश्वशिलो व्यक्ति भएको र म आफू सरकारी कर्मचारी भएको र आफ्नो खातामा ठूलो रकम राख्दा पछि कुनै अप्ठ्यारो पर्न सक्छ भन्ने सोची प्राप्त रकम सुरक्षित राख्नको लागि मैले निज प्रेरणा थापालाई अनुरोध गरी निजको नाममा बैंकमा रकम जम्मा गराएको हुँ । यस्तैगरि मेरो पुर्व चिनजान भएकी ललिता

राजभण्डारीले तत्काल उपलब्ध गराएको बैंक खातामा दिनेश बस्नेतलाई भनी रु.३५,००,०००।– (पैंतीस लाख मात्र) जम्मा गर्न लगाएको हुँ। निज प्रेरणा थापा र ललिता राजभण्डारी समेतलाई मैले निजहरुको खाता समेतमा जम्मा गर्न लगाएको रकम उक्त सुन बिक्री गरेको कसूरबाट आर्जन गरेको रकम हो। मैले दिनेश बस्नेतलाई प्रेरणा थापाको नाममा रहेको बैंक खाता र ललिता राजभण्डारीले उपलब्ध गराएको बैंक खाताहरुमा रकम जम्मा गरि दिनु भनेको थिएँ। निजले मैले भने बमोजिम प्रेरणा थापा र ललिता राजभण्डारीको बैंक खातामा जम्मा ६५,००,०००।– (पैसठ्ठी लाख मात्र) जम्मा गराई दिएका थिए। निजले को मार्फत रकम जम्मा गराए यकिन भन्न सक्दिँन। निज विश्वराम खड्कालाई म चिन्दिँन। आफ्नो जिम्मामा रहेको उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) साटफेर गरी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा रहेको सुन समेत निकाली बिक्री वितरण गरी रकम बाँडचुड गरी लिँदा आकर्षक रकम प्राप्त हुने भएकोले आर्थिक लाभको लोभमा परि मबाट यस्तो काम भएको हो। त्रि.वि. भन्सार कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ गते मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) मेरो संलग्नतामा दिनेश बस्नेतले बाहिर लगि सो को सट्टामा हाल बरामद भई आएको ईलेक्ट्रिक सिगरेट (Vapes) राखी साट फेर गरी राखेका हुन। तत्पश्चात निज दिनेश बस्नेतले लगेको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes)बाट सुन झिकी निजले नै वेद प्रकाश अग्रवाललाई बेचेको र वेद प्रकाश अग्रवालले उक्त सुन अर्का प्रतिवादी भारतिय नागरिक साहेब राव मरगलेलाई बेचेका रहेछन भन्ने कुरा हाल थाहा जानकारी पाएको हुँ। सो बाहेक उक्त सुन निकाल्ने र बिक्री वितरण गर्ने कार्यमा अन्य को कसको संलग्नता छ, निज दिनेश बस्नेत समेतलाई थाहा होला। उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) सम्बन्धित यात्रु (चिनियाँ नागरिक) लाई नै लिलाम सकार गर्ने व्यवस्था मिलाउनु पर्छ भनि मलाइ प्रमुख भन्सार प्रशासक अरुण पोखरेलबाट मौखिक निर्देशन भएको थिय। यसरी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) लिलाम गर्ने निर्णय भए पश्चात म कार्यालयमा नरहेको अवस्थामा के कुन कर्मचारीले कोठा नं. १११ मा गई उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) को अवस्थाको बारेमा चेकजाँच गरेछन, मलाई थाहा भएन। चेकजाँच गर्ने कर्मचारीले प्रमुख भन्सार प्रशासकलाई जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) गोदामबाट साटफेर गरी अर्को ईलेक्ट्रिक सिगरेट (Vapes) राखिएको अवस्था छ भनि जानकारी गराएका रहेछन। तत्पश्चात यसमा के कसो भएको हो भनि प्रमुख भन्सार प्रशासक र प्रमुख भन्सार अधिकृत अम्बिका प्रसाद खनाल समेतले मलाई सोध्दा मैले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) दिनेश बस्नेत मार्फत साटफेर गरे वापत रु. १,००,००,०००/- (एक करोड) आएको भनि जानकारी गराएको थिएँ, मैले निजहरुलाई यसरी जानकारी गराए पछि प्रमुख भन्सार प्रशासकले मलाई उक्त सामानहरु दुरुस्त हालतमा फिर्ता ल्याएर गोदाममा जम्मा गरि दिनुहोस भन्नु भएको थियो। मैले उक्त कुरा दिनेश बस्नेतलाई जानकारी गराई सामान फिर्ता ल्याईदिनु भन्दा निज दिनेश बस्नेतले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन रहेको थियो, उक्त सुन निकाली रु.६,००,००,०००/- (छ करोड) मा बिक्री गरि सकेँ भनि जानकारी गराए। मैले सोहि व्यहोरा प्रमुख भन्सार प्रशासक समेतलाई जानकारी गराएको थिएँ। यसरी मैले निजहरुलाई घटना सम्बन्धमा सत्य तथ्य जानकारी गराए पछि त्रि.वि. भन्सार कार्यालयबाट आवश्यक कारवाहीको लागि केन्द्रीय अनुसन्धान ब्यूरोमा पत्राचार गर्नु भएको रहेछ। सोहि पत्र समेतको आधारमा भएको अनुसन्धानको क्रममा म पक्राउमा परि आएको हुँ भन्ने समेत व्यहोराको प्रतिवादी रेवन्त खड्काको बयान।

४. **प्रतिवादी दिनेश बस्नेतको बयान:**

मिति २०७९ सालको फागुन महिनाको दोश्रो हप्ता तिर त्रि.वि. भन्सार कार्यालयको कार्गो भवनमा कार्गो, कुरियर भन्सार छुटाउने क्रममा भन्सारबाट लिलाम हुन लागेका सामानहरु लिलाम सकार गर्न आएका मैले नचिनेका मानिसहरुले चिनियाँ यात्रुबाट जफत भई त्रि.वि. भन्सार कार्यालयको प्रशासनिक भवनको गोदाममा रहेको ७३ बट्टा ईलेक्ट्रिक सिगरेट (Vapes) सक्कलि नभई सो मा अवैध रुपमा नेपाल भित्र्याईएको सुनिरहेको छ भनि एक आपसमा कानेखुशी गरेको सुनि थाहा पाए पश्चात मैले सो कुरा त्रि.वि. भन्सार कार्यालयको मुद्दा तथा लिलामी शाखामा काम गर्ने सुब्बासाब रेवन्त खड्कालाई जानकारी गराउँदा निजले ल म हेरौंला नि भनेका थिए। मैले निजसँग उक्त कुरा गरेको करिब एक हप्ता पछि २०७९/११/२० गते निज रेवन्त खड्काले मलाई भेटी सामान १११ नं. कोठामा आईसक्यो, हेरौं भनेकाले म निजसँग १११ नं. कोठामा गई निजकै सामुन्ने सुटकेशबाट १ (एक) थान ईलेक्ट्रिक सिगरेट (Vapes) झिकि मुख लगाई श्वास तान्दा धुँवा आएन। त्यसपछि मैले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) खोल्दा सुन जस्तो पहेँलो धातुको टुक्रा झर्यो। मैले रेवन्त खड्कालाई ए दाई सुन रहेछ त भन्दा निजले ए हो र ? ल जे गर्नु पर्छ गर, के कसरी हुन्छ, मिलाउ भनेकाले मैले हुन्छ भनि निजको सहयोग र संलग्नतामा पटक पटक गरी कार्यालय समयमा करिब ८/९ दिन लगाएर सोही १११ नं. कोठामा निज रेवन्त खड्काको सामुन्नेमा उक्त जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सो मा रहेको सुन झिकि बाहिर लगि सो को सट्टामा मैले अर्कै ब्राण्डको ईलेक्ट्रिक सिगरेट (Vapes) ल्याई साटफेर गरी सुटकेशमा राखि दिएको हुँ। जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) मा रहेको सुन निकाली बिक्री गरी आएको रकम बाँडचुँड गरि लिने खाने, आर्थिक लाभ लिने उद्देश्यले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) साटफेर गरेको हो। मैले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सुन निकाल्ने समयमा कोठा नं. १११ मा म र रेवन्त खड्का बाहेक अन्य कोही थिएनन। मैले सुन झिक्ने प्रयोजनका लागि फुटाएको ईलेक्ट्रिक सिगरेट (Vapes) को खालि खोल, बट्टा र फुटाएको ईलेक्ट्रिक सिगरेट (Vapes) को टुक्रा समेतपटक पटक गरी बाहिर लगि धुलो पारी बानेश्वर सुकुम्बासी बस्ती नजिक बाग्मती खोलामा लगि फालि दिएको हुँ। उक्त सम्पुर्ण टुक्रा नष्ट भईसक्यो। उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाएर झिकेको सुनको जम्मा परिमाण ९ (नौ) किलोग्राम थियो। उक्त सम्पुर्ण सुन बिक्री गरेको हुँ। म समेतले भिनाजु गोपाल सुवेदी र दिपेश बस्नेत सँगै पटक पटक गई वेद प्रकाश अग्रवाल, निजले चिनाएका साहेब राव अग्रवाल र अन्य नचिनेका ४/५ जना भारतिय नागरिकहरुलाई उक्त सुन बिक्री गर्दा निजहरुले कागजमा सुनको तौल र मुल्य लेखिएको कागज दिने गरेका थिए, उक्त कागजमा भएको सम्पूर्ण तौल जोड्दा ९ (नौ) किलोग्राम भएको थियो। उक्त हिसाब लेखिएको कागज मैले के कहाँ फालें, मलाई याद छैन। मैले रेवन्त खड्कासँग ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाएर सुन झिकि बिक्री गर्ने सल्लाह गर्दा हामीले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र थोरै परिमाणमा सुन होला भन्ने सोचेका थियौं तर यसरी त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको कोठा नं. १११ मा रहेको सुटकेशबाट ईलेक्ट्रिक सिगरेट (Vapes) झिकि फुटाई निकाली संकलन गरेको सुनको परिमाण ९ किलो ग्राम भई हामीले सोचे भन्दा ज्यादै ठूलो भएको हुँदा यत्रो ठूलो परिमाणको सुन के कसरी व्यवस्थापन गर्ने भन्ने समस्या भएकाले २०७९ साल फागुन महिनाको अन्तिम तिर मैले सो कुरा त्रि.वि. भन्सार कार्यालयमा कार्गो एजेण्टको रुपमा काम गर्ने मेरो सहोदर भाई दिपेश बस्नेतलाई म सँग एकजना मानिस मार्फत सुन आएको छ, बिक्री गर्नु पर्योर, तिमि कार्गो एजेन्टको काम गर्ने मान्छे, धैरै व्यापारीहरु चिनेका छौ, अवैध सुन खरिद गर्ने मानिस चिनेको होला,बिक्रि गर्ने व्यवस्था मिलाउनु पर्यो भन्दा निजले सुन खरिद गर्ने २/४ जना मानिस चिनेको छु, कुरा गरौंला भनेका थिए। यसरी कुरा भएको

भोलिपल्ट म सँग भएको त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको कोठा नं. १११ मा रहेको सुटकेशबाट ईलेक्ट्रिक सिगरेट (Vapes) झिकि फुटाई निकाली संकलन गरेको ९ किलोग्राम सुन बिक्री गर्न जानका लागि मेरो भाई दिपेश बस्नेत सँग मेरो भिनाजु गोपाल सुबेदी पनि सँगै आउनु भएको थियो। निज भिनाजु गोपाल सुबेदीलाई बिशालबजार, न्यूरोडमा घडी पसल गरी बस्ने वेद प्रकाश अग्रवालले अवैध सुन खरिद बिक्री कारोबार गर्छन भन्ने जानकारी रहेछ। म समेतले त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको कोठा नं. १११ मा रहेको सुटकेशबाट ईलेक्ट्रिक सिगरेट (Vapes) झिकि फुटाई निकाली संकलन गरेको ९ किलोग्राम सुन मध्ये पहिलो पटक ८० ग्राम जति सुन लिई म, मेरो भाई दिपेश बस्नेत र भिनाजु गोपाल सुवेदी का.म.पा. न्यूरोड, विशालबजार गयौं। बिशालबजार पुगे पछि मेरो भिनाजु गोपाल सुवेदी सँगै मेरो भाई दिपेश बस्नेतले उक्त सुन भएको झोला बोकी हाल म सँगै पक्राउ परि आएका प्रतिवादी वेद प्रकाश अग्रवालले संचालन गरि आएको घडि पसलमा गए भने म उक्त पसलको बाहिर पट्टी सडकमा बसी पसल भित्रको गतिविधि नियाल्न थालें। केहि समय पछि निज वेद प्रकाश अग्रवालले मेरो भाई दिपेश बस्नेतलाई सोही घडी पसलमा छाडी उक्त सुन रहेको झोला सहित बाहिर निस्किए। मैले निज वेद प्रकाश अग्रवाल के कहाँ जान्छन र को कसलाई भेट्छन भनि निजको चियो गर्न पछि लागें। निजले का.जि.का.म.पा. २२ वटु, असन लगायतका बिभिन्न गल्लि गल्लिमा गई मैले नचिनेका भारतिय नागरिकहरु समेतलाई भेटी फर्कि आए। उक्त दिन निज वेद प्रकाश अग्रवाल सँग रु. ६,००,०००/- (छ लाख) लिई फर्कि आयौं। तत्पश्चात पनि म र मेरो भाई दिपेश बस्नेतले पटक पटक गरी आफूसँग भएको उल्लेखित सुन बोकी न्यूरोड लगि निज वेद प्रकाश अग्रवाल र निज मार्फत चिनजान भएका साहेब राव मरगले र अन्य यकिन नाम, थर, वतन थाहा नभएका ४/५ जना भारतिय नागरिकहरु समेतलाई सुन बिक्री गरी रकम लिई आएका हौं। यसरी सम्पूर्ण सुन बिक्रीको रकम हिसाब गर्दा निजहरुले रु.६,२१,००,०००/- (छ करोड एक्काईस लाख) भयो भनेका थिए , सो मध्ये जम्मा रु.६,००,००,०००/- (छ करोड) मात्र निजहरुले म समेतलाई दिएका हुन। उल्लेखित सुन अवैध तवरबाट प्राप्त भएको सुन हो भन्ने जानकारी निज खरिदकर्ताहरुलाई भएकाले निजहरुले चलन चल्तीको मुल्य भन्दा कम मुल्य तिरी मबाट खरिद गरेको हुँदा निजहरुले सुनको बिल बिजक समेत म सँग मागेनन्। ठूलो परिमाणमा सुन बिक्री गरेकोमा वेद प्रकाश अग्रवाल समेतले केहि रकम छुट गरि दिनुहोस भनि अनुरोध गरेकाले निजहरुको अनुरोध स्वीकार गरी रु.२१,००,०००/- (एक्काईस लाख) छुट गरी रु.६,००,००,०००/- (छ करोड) मात्र लिएको हुँ। यसरी सुन बिक्रीबाट प्राप्त रकम मध्ये रेवन्त खड्काको निर्देशनमा प्रेरणा थापाको बैंक अफ काठमाडौं र कृषी बिकास बैंक लिमिटेडको खातामा रु ३०,००,०००।– (तीस लाख मात्र), निजले भाउजु भन्ने ललिता थापा (राजभण्डारी) ले उपलब्ध गराएको निज ललिता थापा, समर बहादुर थापा र गंगाराम थापा समेतको नामको विभिन्न बैंक खातामा रु ३५,००,०००।– (रु पैंतीस लाख मात्र) गरी जम्मा ६५,००,०००।– (रु पैसठ्ठी लाख मात्र) जम्मा गरी दिएको हुँ, निज रेवन्त खड्कालाई बिभिन्न मितिमा रु.१०,००,०००/- (दश लाख) नगदै दिएको थिएँ। रु.२,७५,००,०००/- (दुई करोड पचहत्तर लाख) मा मेरो ससुरा राम केशब थापाको नाममा भक्तपुर जिल्ला मध्यपुर थिमी न.पा. वडा नं. १७ दिव्येश्वरी प्लानिङ भित्रको जग्गा खरिद गरें। रु.८०,००,०००/- (असी लाख) Dexter Travels and Tours Pvt. Ltd. को नाममा ग्लोबल आईएमई बैंक लि. सुकेधारा शाखामा रहेको खातामा जम्मा गरेको छु। रु.३०,००,०००/- (तीस लाख) त्रि.वि. भन्सार कार्यालयबाट लिलाम भएका कपडा समेत लिलाम सकार गर्दा खर्च भयो। रु.२५,००,०००/- (पच्चिस लाख) मैले केहि समय अघि बब्लु गुप्तालाई ऋण सापटी दिने क्रममा बिभिन्न व्यक्तिहरुको भन्सार बुझाउन दिएको रकम आफूले खर्च गरेकोमा सो रकम

हिसाब मिलान गर्न खर्च गरें। रु.२०,००,०००/- (बीस ला) मेरो भाई दिपेश बस्नेतलाई दिएँ, रु.८,००,०००/- (आठ लाख) मलाई जग्गा खरिद गराउने यकिन नाम थर वतन थाहा नभएको बिचौलियालाई दिएँ, रु. ४,००,०००/- (चार लाख) सुकुटे बिच रिसोर्टमापार्टि गर्दा खर्च भयो । सो बाहेक बाँकी रु.८३,००,०००/- (त्रियासी लाख) के कहाँ कसरी खर्च भयो, यकिन भन्न सक्दिँन, साथिहरु सँग बसेर खानपान गर्दा समेतमा खर्च भएको हुन सक्छ । मैले निज जग्गा बिक्रेतालाई रु.२,७५,००,०००/- (दुई करोड पचहत्तर लाख) नगदै दिई ससुरा रामकेशव थापाको नाममा जग्गा राजिनामा पास पारित गरि लिएको हुँ । उक्त जग्गाको न्यूनतम सरकारी मुल्यांकन रु.५१,९०,०००/- (एकाउन्न लाख नब्बे हजार) भएकोले सोहि रकम उल्लेख गरी सो वापत लाग्ने राजश्व तिरी कारोबार गरेको हो । भिनाजु गोपाल सुवेदीलाई रकम दिएको छैन । मलाई रेवन्त खड्काले रकम जम्मा गरि दिनु भनि प्रेरणा थापा र ललिता थापा समेतको खाता नम्बर उपलब्ध गराएकोमा उल्लेखित खाताहरुमा रकम जम्मा गर्न म आफू जान नभ्याएकोले मैले त्रि.वि. भन्सार कार्यालय कार्गो भवनमा ज्याला मजदुरी गर्ने विश्वराम खड्कालाई रकम दिई जम्मा गर्न पठाएको हुँ । उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) साटफेर गरी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा रहेको सुन समेत निकाली बिक्री वितरण गरी रकम बाँडचुड गरी लिँदा आकर्षक रकम प्राप्त हुने भएकोले आर्थिक लाभको लोभमा परि मबाट यस्तो काम भएको हो । त्रि.वि. भन्सार कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ गते मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) रेवन्त खड्काको मिलेमतो र संलग्नतामा मैले त्रि.वि. भन्सार कार्यालय कार्गो भवनको कोठा नं. १११ मा पटक पटक गरी करिब ८/९ दिन लगाएर निज रेवन्त खड्काको सामुन्नेमा उक्त जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सो मा रहेको सुन झिकि बाहिर लगी मेरो सहोदर भाई दिपेश बस्नेत र भिनाजु गोपाल सुवेदीको सहयोगमा वेद प्रकाश अग्रवाल र निजले चिनाएका भारतिय नागरिक साहेब राव मरगले समेत अन्य ३/४ जना यकिन नाम थर वतन थाहा नभएका भारतीय नागरिकहरु समेतलाई बिक्री गरेको हुँ भन्ने समेत ब्यहोराको प्रतिवादी दिनेश बस्नेतको बयान ।

५. **<u>प्रतिवादी वेद प्रकाश अग्रवालको बयान:-</u>**

मिति २०७९ साल फागुन महिनाको अन्तिम तिर मेरो पुर्व चिनजानका माहिला दाई भन्ने गोपाल सुवेदी न्यूरोड बिशाल बजार स्थित मैले संचालन गरेको भुषण चश्मा तथा घडी पसलमा आई मलाई भेटी मलाई पैसा आवश्यक परेको छ, मेरो सुन बेचि देउ भनी निजले बोकी ल्याएको टुक्रा काँचो सुन मलाई दिएकोमा मैले उक्त सुन का.जि.का.म.पा.२२ वटु स्थित पशुपति सुनचाँदी पसलमा लगी पसलका संचालक नन्द कुमार पांडुरङ मरगले मार्फत करिब २/३ बर्ष अघि देखि चिनेको साहेब राव मरगलेलाई बिक्री गरी नगदै रकम ल्याई निज गोपाल सुवेदीलाई दिएको हुँ । तत्पश्चात पनि निजले ४/५ पटक टुक्रा काँचो सुन ल्याई मलाई दिई बिक्रि गरी नगदै रकम लिई गएका हुन । तत्कालिन अवस्थामा निजले उक्त सुन के कहाँबाट ल्याएका हुन मलाई थाहा भएन । निजले मलाई र म मार्फत साहेव राव मरगले समेतलाइ बिक्री गरेको सुन निजका साला दिनेश बस्नेत समेतले त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको कोठा नं. १११बाट झिकी ल्याएको सुन रहेछ भन्ने कुरा हाल थाहा जानकारी पाएको हुँ । निज गोपाल सुवेदीले सुन लिई बिक्री गर्न भनि मेरो पसलमा निज एक्लै आउँथे । निजसँग अन्य कोही आए मेरो पसल बाहिर बसेको भए मलाई थाहा भएन । मैले निज गोपाल सुवेदीबाट पटक पटक गरी अं.१८१ (एकसय एकासी) ग्राम सुन खरिद गरी रु.१६,००,०००/- (सोह्र लाख) भुक्तानी दिएको हुँ । मैले सुन खरिद बिक्रीको लागि नेपाल सरकारको सम्बन्धित निकायबाट अनुमति ईजाजत लिएको छैन । निज पुरानो

चिनजानको मानिस भएको र त्रि.वि. भन्सार कार्यालयबाट कार्गो, कुरियरको काम गर्ने व्यवसायी भएकाले विश्वाशमा निजबाट सुन खरिद गरेको हुँ। उक्त सुन मैले हाल म सँग पक्राउ परि आएका साहेब राव मरगलेलाई बिक्री गरि सकेको छु। हाल उक्त सुन के कहाँ छ ? निजलाई नै थाहा होला। मैले सुवेदीबाट पटक पटक गरी ५/६ पटकमा अं.१८१ (एकसय एकासी) ग्राम सुन खरिद गरी साहेब राव मरगलेलाई बिक्री गरेको हुँ भन्ने समेत ब्यहोराको प्रतिवादी वेद प्रकाश अग्रवालको बयान।

६. **<u>प्रतिवादी साहेव राव पाण्डुरङ मरगलेको बयान:-</u>**

प्रतिवादीहरु मध्येका वेद प्रकाश अग्रवाल वि.सं. २०७९/१२/१६ गते बिहान अं. १०/११ बजेको समयमा २५६ (दुई सय छपन्न) ग्राम काँचो ढिक्का सुन लिई बिक्री गर्न भनि मेरो पसलमा आएका थिए। उक्त समयमा मेरो दाजु नन्द कुमार पाण्डुरङ मरगले मार्फत सोहि बेला मैले वेद प्रकाश अग्रवाललाई चिनेको हुँ,अन्य प्रतिवादीहरुलाई चिन्दिँन। उक्त समयमा मेरो दाजु नन्द कुमार पाण्डुरङ मरगले भारत जाने तयारीमा भएका कारण निज दाजुले मलाई उक्त सुनको रकम हिसाब गरी रु.४,०००/- (चार हजार) कमिसन राखी बाँकी रकम दिनु भनेकाले मैले उक्त सुन खरिद गरी राखी रु.२३,५०,०००/- (तेईस लाख पचास हजार) निज वेद प्रकाश अग्रवाललाई नगदै दिई पठाएको हुँ। सो को २/३ दिन पछि निज वेद प्रकाश अग्रवाल २३३ (दुई सय तेतिस) ग्राम काँचो ढिक्का सुन लिई मेरो पसलमा आई सुन बिक्री गरी मबाट रु.२१,३५,०००/- (एक्काईस लाख पैंतिस हजार) नगद लिई गए। सो को करिब एक हप्ता पछि पुन : निज वेद प्रकाश अग्रवाल १९ (उन्नाईस) ग्राम काँचो ढिक्का सुन लिई आई बिक्री गरी मबाट रु.१,७०,०००/- (एक लाख सत्तरी हजार) नगद लिई गए। यसरी निजले ३ पटक गरी जम्मा ५०८ (पाँच सय आठ) ग्राम काँचो ढिका सुन मलाई बिक्री गरी मबाट रु. ४६,५५,०००/- (छयालिस लाख पचपन्न हजार) नगदै लिई गएका हुन। निजले मलाई बिक्री गरेको सुन दिनेश बस्नेत समेतले त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको कोठा नं. १११बाट झिकी ल्याएको सुन रहेछ भन्ने कुरा हाल थाहा जानकारी पाएको हुँ। वेद प्रकाश अग्रवालले काँचो ढिका सुन बिक्री गर्न भनि मेरो पसलमा आउँदा निज एक्लै आउने गरेका थिए। निजले सुन धेरै ठूलो परिमाणमा छ, पछि एकै पटक त्रि.वि. भन्सार कार्यालयबाट जारी भएको विजक, प्रज्ञापन पत्र दिन्छु भनेकाले निजको विश्वाशमा परि सुन खरिद गरेको हुँ। उक्त सुन मैले वेद प्रकाश अग्रवालबाट खरिद गर्ने बित्तिकै भेडासिं, काठमाण्डौंमा शिवनेरी सुनचाँदी पसल संचालन गरी बस्ने भारतीय नागरिक सचिन पवारलाई बिक्री गरि सकेँ। उल्लेखित सुन मध्ये मैले वेद प्रकाश अग्रवाल मार्फत जम्मा ५०८ (पाँच सय आठ) ग्राम मात्र आफूले खरिद गरेको हुँ। बाँकी सुनको बारेमा मलाई केहि थाहा छैन। निज वेद प्रकाश अग्रवालले मलाई सुन बिक्री गर्ने क्रममा त्रि.वि. भन्सार कार्यालयको सक्कल प्रज्ञापन पत्र ल्याई दिन्छु भनेको र निज वेद प्रकाश अग्रवाल आफै व्यापारी समेत भएका कारण निजसँग थोरै रकम मात्र मार्जिन राखी सुन खरिद गरेको हुँ। यस्तो कार्य प्रचलित ऐन कानून विपरितको कार्य हो, यस्तो कार्य गर्नु कानून बमोजिम दण्डनिय हुन्छ भन्ने मलाई थाहा थियो। उक्त सुन निज वेद प्रकाश अग्रवालले को कसको संलग्नतामा, के कहाँबाट, के कसरी ल्याए मलाई थाहा छैन। उक्त सुन वेद प्रकाश अग्रवालले मेरो पसलमा ल्याई मलाई बिक्री गरी नगद रकम लिई गएका हुन। हाल आएर बुझ्दा म सँगै पक्राउमा परि आएका दिनेश बस्नेत र रेवन्त खड्का समेतले त्रि.वि. भन्सार कार्यालय कार्गो भवनको कोठा नं. १११बाट ९ (नौ) किलोग्राम सुन झिकि ल्याई गोपाल सुवेदी, दिपेश बस्नेत र वेद प्रकाश अग्रवाल समेतको मिलेमतोमा म समेतलाई बिक्री गरेका रहेछन भन्ने थाहा पाएको हुँ भन्ने समेत ब्यहोराको प्रतिवादी साहेव राव पाण्डुरङ मरगलेको बयान।

७. **प्रतिवादी अमृत कार्कीको बयान:-**

प्रतिवादी दिनेश बस्नेत र म सगै पढ्दा देखिको साथी हौ। दिनेश बस्नेत निजको भाई दिपेश बस्नेत र भिनाजु गोपाल सुवेदीले त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा भन्सार एजेन्टको प्रतिनिधी भई अन्य देशहरुबाट पैठारी भएका मालबस्तुहरु भन्सारबाट छुटाउने (Clearing) काम गर्दै आएका थिए। निज दिनेश बस्नेत, रोजन राउत र म समेतको संयुक्त लगानीमा Dexter travels&Tours Pvt.Ltd कम्पनी पार्टनरशिपमा संचालन गर्दै आईरहेकोमा कोभिड संकटपछी उक्त कम्पनी बन्द अवस्थामा रहेको छ। गोपाल सुवेदी, दिनेश बस्नेतको भिनाजु भएको हुँदा गोपाल सुवेदीलाई मैले पनि भिनाजु भन्ने गरेको थिए। २०७९ साल चैत महिनाको ७ गते तिर साथी दिनेश बस्नेतले मेरो नाममा पहिले नै घर जग्गा भएको र हामी दाजुभाई बिच अंशवण्डा समेत नभएको हुँदा पछि अंशवण्डा गर्दा समस्या हुने हुँदा हाल तिम्रो नाममा जग्गा खरिद गर्नुपर्ने भयो भनेपछी मैले चिनजानको साथी भएको नाताले निजलाई विश्वास गरी हुन्छ भनेको र सोको एक हप्ता पछी निज दिनेश बस्नेतको भिनाजु गोपाल सुवेदीले मलाई जग्गा पास गर्नु पर्ने छ भनि मालपोत कार्यालय भक्तपुरमा बोलाएपछि म मालपोत कार्यालय भक्तपुरमा जाँदा भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका स्थित कित्ता नं. २५३ को १९०.७४ व.मि. क्षेत्रफल भएको जग्गाको धनी मलाई कायम राखी जग्गा पास सम्बन्धी सम्पुर्ण प्रकृया पुरा गरिसकेको रहेछन त्यसपछी मैले उक्त कागजातहरुमा सहिछाप गरि दिएपश्चात जग्गा मेरो नाममा पास भएको हो। त्रिभुवन विमानस्थल यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ गते मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) साटफेर गरी सोमा रहेको भनिएको सुन सोही कार्यालयका ना.सु. पदमा कार्यरत रेवन्त खड्का, दिनेश बस्नेत, दिपेश बस्नेत र भिनाजु गोपाल सुवेदी समेतको मिलेमतोमा त्रि .वि. भन्सार कार्यालय, कार्गो भवनको कोठा नं. १११बाट झिकी ल्याई विशालबजार स्थित चस्मा पसल संचालन गर्ने वेद प्रकाश अग्रवाल र पशुपती सुनचादी पसल संचालक साहेवराव पांडुरङ मरगलेलाई बिक्री गरी आर्जन गरेको रकम प्रयोग गरी निज दिनेश बस्नेत र गोपाल सुवेदीले मेरो नाममा जिल्ला भक्तपुर,मध्यपुर ठिमी नगरपालिका स्थित कित्ता नं. २५३ को १९०.७४ व.मि. क्षेत्रफल भएको जग्गा खरिद गर्न प्रयोग भएको रहेछ भन्ने निजहरु पक्राउ परेपछी जानकारी पाएको हुँ। जग्गा पास गर्ने क्रममा गोपाल सुवेदीले २/३ महिनाको लागि मात्र जग्गा तिम्रो नाममा राख्ने हो त्यसपछी उक्त जग्गा बिक्रि गर्ने हो भनि बताएका थिए। जग्गा पास गर्ने क्रममा जग्गा धनीलाई प्रति आना रु ५०,०५०००।– (पचास लाख पाँच हजार) को दरले ६ आनाको रु.३,००,३०,०००।- (तीन करोड तिस हजार) भुक्तान गरी खरिद गरिएको रहेछ उक्त रकम मध्ये म समेतको संयुक्त लगानीमा रहेको Dexter travels&Tours Pvt.Ltd कम्पनीको ग्लोबल आइएमई बैंकको खाताबाट रु.३०,००,०००।- (तीस लाख) चेक काटी बैना बापत भुक्तानी दिएका रहेछन भन्ने हाल आएर थाहा पाए बाँकी रकम के-कुन माध्यमबाट भुक्तानी गरेका हुन मलाई थाहा छैन। म निजहरुको कुरामा विश्वासमा परी निजहरुले खरिद गरेको उक्त जग्गा मेरो नाममा पास गरिएको हो। दिनेश बस्नेत, दिपेश बस्नेत र गोपाल सुवेदीले सुनियोजित ढङ्गले मलाई विश्वासघात गरी, झुटो बोली, विश्वासमा पारी मेरो नाममा जग्गा खरिद गरि दिएको हुँदा उल्लेखित कसूरमा मेरो संलग्नता छैन भन्ने समेत ब्यहोराको प्रतिवादी अमृत कार्कीको बयान।

८. **प्रतिवादी निर्मल कुमार वि.क.को बयान:-**

मैले २०७८/२०७९ साल देखि एक वर्ष सम्म त्रि.वि. भन्सार कार्यालय, सुरक्षा गार्डको काम गर्दै आएकोमा करिव तीन महिना पहिले सरुवा भई कास्की जिल्ला पोखरा म.न.पा. वडा ६ स्थितमा रहेको होटेल Vyas

Reted भवनमा गार्डको काम गर्दै आईरहेको छु । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको स्क्रिनिङ शाखाबाट जफत भएका ७३ बट्टा ईलेक्ट्रिक सिगरेट (Vapes) दुई थान सुटकेस सोही शाखामा कार्यरत ना.सु. सरोज श्रेष्ठले उक्त दुई वटा सुटकेश लिएर आउदै गर्दा म ड्युटी सकी भन्सार कार्यालयको गेटमा बसिरहेको हुँदा निज सरोज श्रेष्ठले मलाई देखि एउटा सुटकेश बोक्न लगाई आफुले एउटा सुटकेश बोकेर मुद्दा शाखामा लिएर गएपछी मुद्दा शाखामा कार्यरत ना.सु. मधुसुदन पोखरेल समेतको उपस्थितीमा लक गरिएको अवस्थामा रहेको उक्त दुई थान सुटकेश मध्ये एउटा सुटकेशको लक फुटाई सामान हेरेपछी सोही कोठामा उपस्थित रहेका नाम थाहा नभएका व्यापारीले सोही सुटकेशबाट एउटा बट्टा निकाली उक्त बट्टा भित्र रहेको एक थान इलेक्ट्रिक सिगरेट निकाली हेरेपछी ना.सु.मधुसुदन पोखरेलले उक्त सामान चलाउन मिल्दैन नचलाउनु होस भनेपछी निज व्यापारीले उक्त सिगरेट बट्टा भित्र नराखी सुटकेशमा राखिदिएका थिए । त्यसपछी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भएको सुटकेस थान-१ को लक फुटाईएको अवस्थामा रहेकोले राम्रोसँग सुटकेशको चेन पनि नलागेको हुँदा मुद्दा शाखाबाट सगै रहेको गोदाममा मैले लैजाने क्रममा एक थान इलेक्ट्रिक सिगरेट (Vapes) सुटकेशबाट झरेपछी उक्त सिगरेट मैले टिपेर आफ्नो पाईन्टको पकेटमा राखी मधुसुदन पोखरेलले गोदामको ढोका खोलि दिएपछी मैले ल्याएको सुटकेश र अविनाश राउतले बोकेर ल्याएको निलो रङको सुटकेश गोदाममा लगि राखेका हौ । उक्त ईलेक्ट्रिक सिगरेट लिई कोठामा पुगेको केही समय पछी उक्त इलेक्ट्रिक सिगरेटको कभर हटाई सिगरेटको टुप्पोको भागमा मुख जोडी श्वासले तानी हेर्दा धुवा नआएपछी के-कस्तो सिस्टमबाट धुवा आउछ भनि उक्त सिगरेटको स्वीच, बटम र चार्ज गर्ने सिस्टम छ की भनि हेर्दा पनि नदेखेको र पटक-पटक कोशिस गर्दा पनि धुवा नआएपछी सिगरेट तान्नको लागि समाउने भागमा ब्याट्री सिस्टम जडान छ की भनि फुटाई हेर्दा केही तारहरु रहेको र त्यसैको बिचमा प्लाष्टिकले प्याक गरि राखिएको पहेलो सुन जस्तो धातु देखेपनि सुन नै हो भन्ने मलाई थाहा भएन । त्यसपछी मैले उक्त सुन जस्तो धातुलाई के रहेछ भनि ग्यास चुल्होमा तताउदा पनि नपग्लिए पछी मेरो कोठामा सोही भन्सार कार्यालयमा उपसचिव पदमा कार्यरत विष्णु प्रसाद पौडेलको ड्राईभर अविनाश राउत भन्ने दाई आएपछि मैले निजलाई उक्त धातु देखाउदा निजले उक्त धातुलाई भाची दुई टुक्रा पारी एक टुक्रा मैले राखेको र अर्को टुक्रा निजले चिनेको सुनचादी पसलमा लगि देखाउला भनि हामी सगै निस्किएर कोटेश्वर स्थित अविनाश राउतले चिनेको सुनचादी पसलमा गई सुन पसलेसँग मेरो आफन्तको सुन हो निजलाई रकमको जरुरी भएको हुँदा निजलाई रकम दिई सुन मैले लिएको हुँ भनि कुरा गरी चेकजाच गराउदा उक्त धातु सुन नै भएको र तौलिदा एक तोला पुगेको थिएन । त्यसपछी निज अविनाश राउतले उक्त धातु सुन हो भन्ने प्रमाणित भई सकेपछी के-कहाबाट लिएको हो ? कसरी पायौ ? भनि सोधेपछी मैले निजलाई उक्त सुन मेरो श्रीमतीको भएको भनि बताई उक्त सुनको सिक्री बनाउन दिएकोमा तीन दिन पछी म र अविनाश सगै सुन पसलमा गई उक्त सुनको सिक्री ल्याएर राखेको थिए । सुनको सिक्रि बनाउदा लाग्ने ज्याला रकम सोही सुनबाट काटी बाकी रहेको सुनको सिक्री बनाउन दिएकोमा सिक्रि लिन जादा सुन पसलेले सुनको रकम अझै बाकी भएको भनि अ. रु.२५००।- (दुई हजार पाचँ सय) रकम फिर्ता भएकोमा उक्त रकम निज अविनाश राउतले ईन्धन खर्च हुन्छ भनि आफैले राखेका हुन । भन्सार कार्यालयमा लिलाम सामानहरु उठाउने काम गर्दै आईरहेका बब्लु भन्ने व्यक्तिसंग मेरो चिनजान भएकोले निजलाई मैले एयरपोर्टबाट जफत भई आएको थान-२ सुटकेशमा रहेको इलेक्ट्रिक सिगरेट भित्र सुन छ उक्त सुन भएको इलेक्ट्रिक सिगरेटको लिलामी सुचना निकाल्न लगाई लिलाम सकारी प्राप्त भएको सुन मलाई पनि भाग चाहिन्छ भन्दा निज बब्लुले अहिले तिमी चुप लागेर बस्नु यो कुरा कसैलाई नभन्नु बाँकी प्रक्रिया म गर्छु तिमिलाई म हेर्नेछु भनेका थिए । केही दिनपछी मुद्दा शाखामा कार्यरत रेवन्त खड्काले म

समेतलाई भन्सार कार्यालयको अन्डरग्राउण्डमा रहेका सामानहरु मिलाउनको लागि अन्डरग्राउण्डमा लगि सामानहरु मिलाएपछी पुन गोदामबाट समेत नष्ट गर्नुपर्ने सामानहरु छ त्यसबाट पनि सामानहरु लिई गाडीमा लोड गरी त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको १११ नं. कोठामा लैजाने भनेपछी म समेत गोदाममा गई उक्त ईलेक्ट्रिक सिगरेट भएको सुटकेश समेत लिई बाहिर राखिएको गाडीमा लोड गरेपछी मैले निज रेवन्त खड्कालाई हामी पनि गाडी मै जाने कि भनि सोध्दा निज रेवन्त खड्काले सामान गाडीमा जान्छ तर हामी हिड्दै जाने हो भनेपछी म र उमेश पकुवालसग सगै निज रेवन्त खड्का पनि हिडेर कार्गो भवनको अगाडी पुगेपछी रेवन्त खड्काको निर्देशनमा गाडिबाट अन्य सामानहरुसगै म र उमेश पकुवालले ईलेक्ट्रिक सिगरेट (Vapes) भएको सुटकेश थान-२ झिकेर रेवन्त खड्का समेत हाम्रो साथै लागि निजले भने बमोजिम त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको १११ नं. कोठामा पुर्याई नष्ट गर्नु पर्ने सामानहरु भएको ठाउमा राख्नु भने बमोजिम सोहि स्थानमा राखि दिएका हौ । उक्त सिगरेटलाई नष्ट गर्ने भनि CCTV फुटेज नभएको त्रि.वि. भन्सार कार्यालयको कार्गो भवनको १११ नं. को कोठामा ल्याएको हुँदा मलाई उक्त सुटकेशमा भएको ईलेक्ट्रिक सिगरेटमा सुन छ भन्ने थाहा भएकोले उक्त सुटकेशमा भएको सुन निकाल्न खोजेका हुन भनि शंका लागेको थियो। उक्त सुनको सिक्रि बनाई लगाएको अवस्थामा हाल यस ब्यूरोबाट बरामद भई सकेको छ। मैले उक्त बट्टा (प्रति बट्टामा १० थान) गरी ४० थान ईलेक्ट्रिक सिगरेट (Vapes)बाट सुन झिकी लिए/खाएको छैन। के-कति कारणले निज प्रतिवादीहरुले मैले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes)बाट सुन झिकेको हुनुपर्छ भनि भनेका हुन मलाई थाहा छैन निजहरुलाई नै थाहा होला भन्ने मलाई थाहा थियो भन्ने समेत व्यहोराको प्रतिवादी निर्मल कुमार वि.क. को बयान।

९. **<u>प्रतिवादी रेवन्त खड्काको थप बयान:-</u>**

उल्लेखित सुटकेश थान २ देखाउँदा देखि पाएँ। उक्त फुटेजको देखिएको कोठा मुद्दा शाखासगै रहेको गोदाम हो । पहिलो (Camera 1 02-12-2023) CCTV फुटेजमा देखिएको जफत गरिएका ईलेक्ट्रिक सिगरेट (Vapes) भएको सुटकेश थान-२ मुद्दा शाखामा कार्यरत ना.सु. मधुसुदन पोखरेलले अन्य दुई जना (रातो टोपी लगाउने ड्राईभर र मुखमा मास्क भएको निर्मल कुमार वि.क.) को सहयोगमा गोदाममा ल्याई राखि गएका हुन । (Camera 1 03-03-2023) फुटेजमा देखिएको निलो र खरानी रङको ज्याकेट लगाएका व्यक्ति निर्मल कुमार वि.कले चिनेका व्यक्ति हुन निजलाई मैले चिनेको छैन, खैरो रङको पाईन्ट लगाउने ड्राईभर, रातो टिसर्ट र क्याप लगाउने उमेश भन्ने भन्सार कार्यालयमा करारमा कार्यरत सरसफाईको कर्मचारी हो तर निजको नाम एकीन थाहा भएन, कालो ट्र्याकसुटको पाईन्ट र हातमा चाबी बोकेको म स्वंयम हुँ, आर्मी कलरको कम्ब्याट ज्याकेट लगाउने निर्मल कुमार वि.क हुन केही छिन पछी प्रवेश गर्ने ढाका टोपी र चस्मा लगाइएको व्यक्ति कार्यालय सहयोगी लम्साल भन्ने हुन निजको एकीन नाम, थर थाहा भएन, निलो ज्याकेट र खैरो रङको पाईन्ट लगाउने व्यक्ति भन्सार कार्यालयको प्रशासन तर्फ हेर्ने ना.सु. सुविर हुन निजको एकीन नाम, थर थाहा भएन र अन्तिममा उक्त गोदाममा निलो रङको जिन्सको पाईन्ट र हरियो रङको ज्याकेट लगाएका प्रवेश गर्ने व्यक्ति ना.सु. मधुसुदन पोखरेल हुन) फुटेजमा देखिएका व्यक्तिहरुलाई मेरो निर्देशनमा गोदाममा लगि निजहरुलाई गोदामा रहेका ईलेक्ट्रिक सिगरेट (Vapes) लगायतका सुर्तिजन्य चिजवस्तुहरुको लिलाम नहुने हुँदा भण्डारण गर्नुपर्ने भएकोले गाडीमा लोड गर्न लगाई अन्तिममा उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भएको थान-२ सुटकेश समेत निर्मल कुमार वि.क. र उमेश समेतले बोकेपछी हामी उक्त गोदाम कोठाबाट बाहिरिएका हौ भनि सनाखत गरि दिए । गोदाममा राखिएको ईलेक्ट्रिक सिगरेट (Vapes) भएको थान-२ सुटकेश भित्र सुन छ भन्ने थाहा पाएपछी उक्त

गोदाम कोठामा CCTV क्यामरा जडान भएको हुँदा ईलेक्ट्रिक सिगरेट (Vapes) मा भएको सुन निकाल्दा क्यामरामा रेकर्ड हुने र सबैलाई थाहा हुने भएकोले त्रि.वि. भन्सार कार्यालयको कार्गो भवनको १११ नं. कोठामा CCTV क्यामरा जडान पनि नभएको हुँदा कसैलाई थाहा नहुने सुरक्षित स्थान भएकोले मेरै निर्देशनमा निर्मल कुमार वि.क. समेतलाई उक्त कोठामा सार्न लगाएको हुँ भन्ने व्यहोराको प्रतिवादी रेवन्त खड्काको थप बयान।

१०) **प्रतिवादी दिनेश बस्नेतको थप बयान:-**

मेरो नाममा रहेको हाल म बसोबास गर्दै आईरहेको घर जग्गा मेरो नाममा रहेको हुँदा सुन बिक्रिबाट प्राप्त भएको रकम व्यवस्थापन गर्नको लागि सुरुमा मैले अमृत कार्कीलाई फोन सम्पर्क गरी तिम्रो नाममा जग्गा खरिद गर्नुपर्ने छ भनेको थिए तर पछी मैले मेरो ससुरा बुवा राम केशव थापाको नाममा मध्यपुर ठिमी नगरपालिकामा अ. चार आना जग्गा खरिद गरिसकेको हुँदा निजलाई मैले पुन जग्गा खरिदको लागि फोन सम्पर्क गरेको थिईन। अमृत कार्कीको नाममा पास गरिएको भनिएको जग्गा सम्बन्धमा मलाई केही थाहा थिएन हाल आएर मेरो भाई दिपेश बस्नेत र भिनाजु गोपाल सुवेदीको मिलिमतोमा अमृत कार्कीको नाममा जिल्ला भक्तपुर स्थित ६ आना जग्गा खरिद गरि जग्गा पास गरि दिएका रहेछन भनि थाहा पाए। प्रति आना रु.५०,०५०००।– (पचास लाख पाँच हजार) को दरले जिल्ला भक्तपुर,मध्यपुर ठिमी नगरपालिका स्थित कित्ता नं. २५३, १९०.७४ व.मी. (६ आना) क्षेत्रफल भएको जग्गा खरिद गरि अमृत कार्कीको नाममा जग्गा पास गरि दिएका रहेछन भनि हाल आएर थाहा पाए। मैले सुन बिक्री गरेपश्चात प्राप्त भएको रकम म समेतको संयुक्त लगानीमा खोलिएको DEXTER TRAVELS AND TOURS PVT.LTD कम्पनिको ग्लोबल आईएमई बैंकको खातामा रकम जम्मा गरेको थिए। मेरो भिनाजु गोपाल सुवेदीले मलाई फोन सम्पर्क गरी तिमिसँग के-कति रकम छ भनि सोधेपछी मैले हाल ३० लाख मात्र छ भनेकोमा सोही तिस लाख विर बहादुर भण्डारीको नाममा चेक काटी दिनु भनेपछी निजकै नाममा चेक काटि भिनाजु गोपाल सुवेदीलाई दिएको हुँ। निज गोपाल सुवेदीले उक्त रकम जिल्ला भक्तपुर स्थित अमृत कार्कीको नाममा जग्गा खरिद गर्नको लागि प्रयोग गरेका रहेछन भनि हाल आएर थाहा पाए। बाँकी रकम के-कसरी, कुन माध्यमबाट जग्गा धनीलाई भुक्तानी दिएका हुन मलाई थाहा छैन। अमृत कार्कीलाई गोपाल सुवेदीले फोन सम्पर्क गरी जग्गा पास गर्नको लागि मालपोत कार्यालय भक्तपुरमा बोलाई सहिछाप गर्न लगाई निजको नाममा जग्गा पास गरिएको हुँदा जग्गा खरिद सम्बन्धी सम्पुर्ण प्रक्रिया गर्ने मेरो भाई दिपेश बस्नेत र भिनाजु गोपाल सुवेदी नै हुनुपर्छ भन्ने व्यहोराको प्रतिवादी दिनेश बस्नेतको थप बयान।

११) **प्रतिवादी वेद प्रकाश अग्रवालको थप बयान:-**

गोपाल सुवेदीले आफैले तौल गरी पटक-पटक गरी १०३ तोला सुन ल्याई प्रति तोला रु.१,०३,५००।– देखि १०,४५००।- (एक लाख चार हजार पाँच सय) को दरले बिक्री गर्ने भनि कुरा भएपछी निजले मलाई दिएको सुन मैले साहेवराव पांडुरङको पशुपती सुनचाँदी पसलमा लगी तौल लिदा १०३ तोला नै भएको र सोही सुन मैले निज साहेवराव पांडुरङ मरगलेलाई ४२ तोला र बाँकी ६१ तोला सुन निजको दाजु नन्द कुमार पांडुरङ मरगले समेतलाई पटक-पटक गरी बिक्री गरी प्राप्त भएको रकम रु.१,००,८००,०००।–(एक करोड आठ लाख) पटक-पटक गरी गोपाल सुवेदीलाई नै दिएको हुँ। मैले प्रति तोला रु २५० देखि ३०० सम्मको दरले सुरुमा २/२ तोलाको दरले १५ तोलाको रु २५० प्रति तोलाको हुन आउने रकम जम्मा रु.३,७५०।– (तीन हजार सात सय पचास) लिएकोमा बाकी भएको ८७ तोला सुनको कमिशन रकम जम्मा रु.२१,७५०।– (एक्काईस हजार सात सय पचास) मध्ये सात हजार दुई सय पचास पटक-पटकको सुन बिक्रीबाट प्राप्त भएको रकमबाट आफैले झिकेर लिएको र बाँकी कमिशन रकम, रकमको बिटाबाट निकाल्न नपाउदै निज गोपाल सुवेदीलाई सम्पुर्ण रकम

बुझाएकोले निज गोपाल सुवेदीले मैले पाउनु पर्ने कमिशन रकम पछी दिन्छु अहिले मलाई पैसाको खाँचो परेको छ र सुनको बिल समेत ल्याई दिन्छु भनेका थिए। निज गोपाल सुवेदीले आफुसँग सुन भएको र उक्त सुन बिक्री गर्नुपर्ने छ भनेपछी सोही सुन सम्बन्धी कुरा गर्नको लागि निजसँग फोनमा कुरा भएको अभिलेखमा देखिएको हो भन्ने समेत व्यहोराको प्रतिवादी वेद प्रकाश अग्रवालको थप बयान।

**(१२) बुझिएका मानिसहरुले गरेको घटना विवरण कागज:-**

**क) प्रेरणा थापाको कागज:-**

म कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठानमा स्टाफ नर्सको पदमा कार्यरत थिएँ, तत्कालिन अवस्थामा म सँगै सुर्खेत स्थायी वतन भएकी रमा खड्का समेत काम गर्नुहुन्थ्यो। यकिन मिति याद भएन २०७६ सालको पुष महिना तिर जस्तो लाग्छ, निज रमा खड्काको भाई नाताका रेवन्त खड्का सँग सामाजिक संजाल फेसबुक मार्फत चिनजान र कुराकानी भएको थियो, पछि निजसँग प्रत्यक्ष भेटघाट समेत भएको थियो। निज रेवन्त खड्का मेरो मिल्ने साथि हुन। निजसँग बेलाबखत मोबाईल फोन र ह्वाट्सएपमा कुराकानी हुने गर्थ्यो। मलाई खाँचो परेको बेलामा रेवन्त खड्काले र रेवन्त खड्कालाई आवश्यक परेको बेलामा मैले एक अर्काको खातामा केहि रकम जम्मा गरि सरसापट लिने दिने गरेका थियौं। यस्तैमा आज भन्दा करिब २ महिना अघि २०७९ चैत्र महिनामा निज रेवन्त खड्काले मलाई ह्वाट्सएपमा कल गरी तिम्रो खातामा कति रकम डिपोजिट गर्न मिल्छ भनि सोध्दा मैले जिस्किएर रु.५,००,०००/- (पाँच लाख) सम्म जम्मा गर्न मिल्छ कि भनेको थिएँ, निजले मलाई सिरियसली भनेको हुँ, मेरो ५०,००,०००/- (पचास लाख) तिम्रो नाममा मुद्दती खाता (fix deposit) मा राखि देउ भनि अनुरोध गरेकोमा मैले मेरो नाममा त्यत्रो ठुलो रकम म राखिदिन सक्दिँन भनि भनेकोमा निजले मलाई तिम्रो २ वटा बैंकमा खाता छ, दुबै खातामा १५/१५ लाख गरी जम्मा ३० लाख राखि देउ न भनि अनुरोध गरी बिश्वराम खड्काको नामबाट मेरो कृषि विकाश बैंकमा रहेको खाता नं. 0721301408744017 मा रु.१८,००,०००/- (अठार लाख) र साविक बैंक अफ काठमाण्डुमा रहेको खाता नं. 212000001554524 (हालको परिवर्तित ग्लोबल आईएमई बैंक नयाँ खाता नं. याद नभएको) मा रु.९,००,०००/- (नौ लाख) र Connect Ips बाट रु.३,००,०००/- (तीन लाख) समेत गरी जम्मा रु.३०,००,०००/- (तीस लाख) जम्मा गरि दिएकाले मैले निज आफ्नो मिल्ने साथि भएको र समय समयमा सरसापटी समेत लिने दिने भएकाले निजको अनुरोध टार्न नसकी आफ्नो नाममा ग्लोबल आईएमई बैंक लि. मा रु.१५,००,०००/- (पन्ध्र लाख) र कृषि विकाश बैंक लि.मा रु.१५,००,०००/- (पन्ध्र लाख) मुद्दती खाता (fix deposit) मा जम्मा गरी सो को रिसिप्टको फोटो खिचि निज रेवन्त खड्कालाई पठाई दिएको थिएँ। उक्त रकम हाल पनि उल्लेखित बैंकहरुमा मेरो नाममा रहेको मुद्दती खाता (fix deposit) मा मौज्दात छ। निजले उक्त रकम के कहाँबाट के कसरी प्राप्त गरी मलाई पठाएका हुन, मलाई थाहा भएन। व्यहोरा साँचो छ, झुठ्ठा ठहरे प्रचलित ऐन कानून बमोजिम कारवाही भएमा सहन बुझाउन मन्जुर छु भन्ने व्यहोराको प्रेरणा थापाको कागज।

**ख) ललिता थापाको कागज:-**

म र मेरो श्रीमान प्रताप सिंह राजभण्डारीले बाँके जिल्ला, कोहलपुर न.पा. वडा नं. ११ साझा चोकमा L.P. Enterprises नामको फर्मबाट कपडा पसल संचालन गरि आएका थियौं। सोही क्रममा तत्काल आन्तरिक राजश्व कार्यालय, कोहलपुरको ना.सु. पदमा कार्यरत रेवन्त खड्का सँग मेरो श्रीमान प्रताप सिंह राजभण्डारीको चिनजान भएको थियो। निज रेवन्त खड्का मेरो श्रीमान सँग मेरो घर पसल समेतमा आउने जाने क्रममा निजसँग मेरो समेत चिनजान भएको थियो। निजसँग एकै परिवारको सदस्य जस्तो राम्रो सम्बन्ध थियो। निज रेवन्त

खड्का कोहलपुरबाट सरुवा भई काठमाण्डौं आए पश्चात पनि निजसँग मेरो श्रीमान समेतको फोन, मेसेन्जर समेतमा सम्पर्क हुने गर्थ्यो। विगतको समयमा कोरोना महामारी समेतको कारणबाट व्यापारमा शिथिलता आई नोक्सानी भएको र सो को कारण ऋण समेत लागेकाले मेरो श्रीमान वैदेशिक रोजगारीको लागि विदेश जाने योजना बनाई घर सल्लाह भई मिति २०७९/१०/०३ गते विदेश पोल्याण्ड जानु भएको थियो। निज रेवन्त खड्काको विदेश पोल्याण्डमा रहनु भएका मेरो श्रीमान प्रताप सिंह राजभण्डारी सँग मेसेन्जरमा कुराकानी हुने क्रममा निज रेवन्त खड्काले दाजु के कसरी किन पोल्याण्ड जानु भएको हो ? ऋण लागेको छ कि ? भनेर सोध्दा मेरो श्रीमानले ३०/३५ लाख जति ऋण लागेको छ भाई, विदेशको ठाउँ कडा मेहेनत गर्नु परेको छ, ऋण तिर्नै पर्‍यो भनि व्यवहारिक कुरा गर्दा निज रेवन्त खड्काले मेरो श्रीमानलाई अहिलेलाई म सहयोग गर्छु, पछि मेरो रकम फिर्ता गरि दिनु होला भनि खाता नं. दिनु भनेका रहेछन, मेरो श्रीमान प्रताप सिंह राजभण्डारीले मलाई मेसेन्जरमा कल गरी रेवन्त भाईले तिम्रो खातामा रकम पठाई दिनु हुन्छ, निजलाई खाता नं. दिनु भनेकाले मैले रेवन्त खड्कालाई सनराईज बैंक लि., कोहलपुर शाखामा रहेको मेरो नामको खाता नं. दिएको थिएँ, तत्पश्चात यकिन मिति याद भएन २०७९ फागुन महिनामा निजले मेरो उल्लेखित 1020691346202001 नं. खातामा रु.१५,००,०००/- (पन्ध्र लाख) र पुन: रु.२,००,०००/- गरी जम्मा रु. १७,००,०००/- (सत्र लाख) जम्मा गराई दिएका थिए। सो को करिब १ हप्ता पछि निजले मलाई कल गरी एउटै खातामा धेरै रकम पठाउन मिलेन अरु खाता भए नम्बर पठाई दिनु भनेकाले मैले निजलाई मेरो बुवा समर बहादुर थापाको नाममा ग्लोबल आईएमई बैंक लि. कोहलपुर शाखामा रहेको खाता नं. 0515000006071524 र मेरो दाजु गंगा राम थापाको नाममा ग्लोबल आईएमई बैंक लि. कोहलपुर शाखामा रहेको खाता नं. 06208010014614 पठाएकोमा निज रेवन्त खड्काले उल्लेखित खाताहरुमा ९/९ लाखको दरले रकम जम्मा गरि दिएका थिए। यसरी निज रेवन्त खड्काले पटक पटक गरी मैले उपलब्ध गराएका उल्लेखित खाताहरुमा जम्मा रु.३५,००,०००/- (पैंतिस लाख) जम्मा गरि दिएका हुन। उक्त रकम मध्ये रु.२४,००,०००/- (चौबिस लाख) मैले सनराईज बैंक लि. कोहलपुर शाखाबाट L.P. Enterprises को नाममा लिएको Bank Over Draft ऋण तिरें, रु.५०,०००/- (पचास हजार) नेपाल कृषि सहकारी संस्था लि. कोहलपुर र रु.५०,०००/- (पचास हजार) महिला सहकारी संस्था लि. कोहलपुरबाट लिएको ऋण तिर्न खर्च गरें। बाँकि रु.१०,००,०००/- (दश लाख) मेरो श्रीमान प्रताप सिंह राजभण्डारी वैदेशिक रोजगारीको लागि पोल्याण्ड जाने क्रममा बिभिन्न व्यक्तिहरुसँग लिएको ऋण सापटी तिरें। निजले उक्त रकम के कहाँबाट के कसरी प्राप्त गरी मलाई पठाएका हुन, मलाई थाहा भएन। हाल आएर निज रेवन्त खड्काले उक्त रकम कसूरबाट आर्जित रकम रहेछ भन्ने सुनि थाहा पाएको हुँ। निज रेवन्त खड्काले म समेतको नाममा रहेको बैंक खातामा जम्मा गरि दिई मैले आफ्नो ऋण तिर्न प्रयोग गरेको रकम म तिर्छु, बुझाउँछु भन्ने व्यहोराको ललिता थापाको कागज।

**ग) <u>रामकेशव थापाको कागज:-</u>**

निज प्रतिवादी दिनेश बस्नेत मेरो ज्वाईं हुन। म बनेपा तिनदोबाटो स्थित मन्टेश्वरी डिस्कभरी नामको स्कुलमा सवारी चालकको पदमा कार्यरत छु। मिति २०७९/१२/१३ गते दिनेश बस्नेतले मेरो मोबाईल ९८४१४३२८०८ मा फोन गरी मैले जग्गा खरिद गर्न लागेको छु, तपाईंको नाममा राजिनामा पास गरेर लिनु पर्‍यो, आजै रजिष्ट्रेशन पास गर्नु पर्ने छ, तपाईं तुरुन्तै मालपोत कार्यालय, भक्तपुर आउनु होस भनेकाले म भक्तपुर स्थित मालपोत कार्यालय आईपुग्दा दिनेश बस्नेतले राजिनामा लिखत समेतका कागजातहरु तयार गराई सक्नु भएको रहेछ। तत्पश्चात निज दिनेश बस्नेतले मलाई मालपोत कार्यालयको फोटो खिच्ने कोठामा लगि

मेरो फोटो खिचाउने, अन्य शाखाहरुमा लगि सहिछाप गराउने समेतको काम गराएका हुन । यसरी सम्पुर्ण प्रकृया पुरा गरी भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. १७ स्थित कि.नं. ९९३ को १३०.०० ब.मि. जग्गा मेरो नाममा पास पारित भई आएको हो । ज्वाईंको परिवारमा हालसम्म अंशबण्डा समेत नभएको कारण ज्वाईंले आफ्नो कमाई सुरक्षित गर्न मेरो नाममा जग्गा खरिद गरे होलान जस्तो लागेर मैले आफ्नो नाममा जग्गा राजिनामा पास गरि लिएको हुँ । जग्गा रजिष्ट्रेशनको लिखत कागज हेर्दा उक्त जग्गाको मोल रु.५१,९०,०००/- (एकाउन्न लाख नब्बे हजार) भुक्तान गरी रामकृष्ण बाडेको नामबाट मेरो नाममा हक हस्तान्तरण भई आएको देखिन्छ । उक्त जग्गा निज दिनेश बस्नेतले के कति रकम तिरी खरिद गरे मलाई थाहा भएन, निजलाई नै थाहा होला । निज जग्गा बिक्रेता रामकृष्ण बाडेलाई समेत चिन्दिँन । दिनेश बस्नेतले जग्गा खरिद गर्दाको रकमको श्रोत के हो ? सो समेत निजलाई नै थाहा होला । उल्लेखित जग्गा स्थलगतरुपमा मैले देखेको पनि छैन । उक्त जग्गा हाल मेरो एकल स्वामित्वमा छ, कहिँ कतै कोहि कसैलाई हक हस्तान्तरण गर्ने वा धितो बन्धक राखी ऋण लिने समेतको कार्य गरेको छैन । त्रि.वि. भन्सार कार्यालय, गौचरको पत्र समेतको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रेवन्त खड्का समेत भएको आपराधिक विश्वाशघात समेत मुद्दाको अनुसन्धानको क्रममा दिनेश बस्नेत पक्राउ परी हाल केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजको हिरासतमा रहेको र निजले उक्त कसूरबाट आर्जित रकम प्रयोग गरी उल्लेखित जग्गा मेरो नाममा खरिद गरेको भन्ने जानकारी हुन आएकोले निज दिनेश बस्नेतले मेरो नाममा खरिद गरि राखेको जग्गाको जग्गाधनी दर्ता प्रमाण पुर्जा र राजिनामा लिखत सक्कलै यसै कागज साथ पेश गरेको छु भन्ने व्यहोराको रामकेशव थापाको कागज ।

**घ) अमृत कार्कीको कागजः-**

निज प्रतिवादी दिनेश बस्नेत र म एकै गाउँमा जन्मि हुर्कि एकै बिद्यालयमा सँगै पढेको साथि हौं । निजलाई सानै उमेर देखि राम्रो सँग चिन्दछु । आज भन्दा करिब ५/६ बर्ष अघि निज दिनेश बस्नेत, म र रोजन राउत समेत भई काठमाण्डौंमा व्यवसाय संचालन गर्ने सल्लाह भई तिनैजनाले जनहि रु.२०,००,०००/- (बीस लाख) का दरले लगानी गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा दिनेश बस्नेत अध्यक्ष रहेको Dexter Travels and Tours प्रा.लि. नामको कम्पनि दर्ता गरी साविक का.म.पा. ३२ शान्तिनगरमा रजिष्टर्ड कार्यालय राखी व्यवसाय संचालन गरि आएका थियौं । उक्त कम्पनिको आर्थिक कारोबारको लागि ग्लोबल आईएमई बैंक लि. सुकेधारा शाखामा कम्पनीको नाममा खाता खोली कारोबार गर्ने गरेका थियौं ।उक्त कम्पनीको सम्पुर्ण आर्थिक र प्रशासनिक कारोबार निज दिनेश बस्नेतले नै गर्ने गर्थे । कम्पनिसँग सम्बन्धित सम्पूर्ण कागजातहरु र चेक समेत निज दिनेश बस्नेतको साथमा नै रहने गर्थ्यो । आज भन्दा करिब ३ (तीन) बर्ष अघि कोरोना महामारीका कारण व्यवसाय ठप्प भई नोक्सानी व्यहोर्नु परेकोले व्यवसाय बन्द गरी कम्पनीको नाममा रहेको भौतिक सम्पति, सवारी साधन समेत बिक्री गरी तिनै जना शेयर सदस्यले हिसाब फरफारक गरि अलग भएका थियौं । कम्पनीको सम्पूर्ण कागजातहरु दिनेश बस्नेतसँग रहेकाले कम्पनी दर्ता खारेज गराउने, बैंक खाता बन्द गर्ने लगायतको सम्पुर्ण प्रशासनिक काम निजकै जिम्मामा थियो । त्रि.वि.भन्सार कार्यालयको पत्र समेतको जाहेरीले वादी नेपाल सरकार भएको आपराधिक विश्वाशघात समेतको कसूर अपराध गरेको मुद्दाको अनुसन्धानको क्रममा निज दिनेश बस्नेत केन्द्रीय अनुसन्धान ब्यूरोको हिरासतमा रहेको र निजले कसूरबाट आर्जित रकम मध्ये रु.८०,००,०००/- (असी लाख) ग्लोबल आईएमई बैंक लि. सुकेधारा शाखामा Dexter Travels and Tours प्रा.लि.को नाममा रहेको खातामा जम्मा गरेको थाहा जानकारी हुन आएकोमा उक्त रकम कम्पनीको नाममा रहेको खातामा निजले के कति कारणले जम्मा गरे, निजलाई नै थाहा होला । म र रोजन राउत समेतले

कम्पनी छाडी अलग भईसकेको र हाल कम्पनीको व्यवसाय समेत नभएकाले उक्त रकम सम्बन्धमा मेरो कुनै संलग्नता, दावी र अन्य जानकारी समेत छैन । ग्लोबल आईएमई बैंक लि. सुकेधारा शाखामा Dexter Travels and Tours प्रा.लि.को नाममा रहेको खातामा दिनेश बस्नेतले जम्मा गरेको कसूरबाट आर्जित रकम सम्बन्धमा कानून बमोजिम गरि पाउँ भन्ने व्यहोराको अमृत कार्कीको कागज ।

**ङ) <u>रोजन राउतको कागज</u>:-**

आज भन्दा करिब ५/६ बर्ष अघि निज दिनेश बस्नेत, म र अमृत कार्की समेत भई काठमाण्डौंमा व्यवसाय संचालन गर्ने सल्लाह भई तिनैजनाले जनहि रु.२०,००,०००/- (बीस लाख) का दरले लगानी गरी कम्पनी रजिष्ट्रारको कार्यालयमा दिनेश बस्नेत अध्यक्ष रहेको Dexter Travels and Tours प्रा.लि. नामको कम्पनि दर्ता गरी साविक का.म.पा. ३२ शान्तिनगरमा रजिष्टर्ड कार्यालय राखी व्यवसाय संचालन गरि आएका थियौं । उक्त कम्पनिको आर्थिक कारोबारको लागि ग्लोबल आईएमई बैंक लि. सुकेधारा शाखामा कम्पनीको नाममा खाता खोली कारोबार गर्ने गरेका थियौं । उक्त कम्पनीको सम्पुर्ण आर्थिक र प्रशासनिक कारोबार निज दिनेश बस्नेतले नै गर्ने गर्थे । कम्पनिसँग सम्बन्धित सम्पूर्ण कागजातहरु र चेक समेत निज दिनेश बस्नेतको साथमा नै रहने गर्थ्यो । आज भन्दा करिब ३ (तीन) बर्ष अघि कोरोना महामारीका कारण व्यवसाय ठप्प भई नोक्सानी व्यहोर्नु परेकोले व्यवसाय बन्द गरी कम्पनीको नाममा रहेको भौतिक सम्पति, सवारी साधन समेत बिक्री गरी तिनै जना शेयर सदस्यले हिसाब फरफारक गरि अलग भएका थियौं । कम्पनीको सम्पूर्ण कागजातहरु दिनेश बस्नेतसँग रहेकाले कम्पनी दर्ता खारेज गराउने, बैंक खाता बन्द गर्ने लगायतको सम्पुर्ण प्रशासनिक काम निजकै जिम्मामा थियो । त्रि.वि. भन्सार कार्यालयको पत्र समेतको जाहेरीले वादी नेपाल सरकार भएको आपराधिक विश्वाशघात समेतको कसूर अपराध गरेको मुद्दाको अनुसन्धानको क्रममा निज दिनेश बस्नेत केन्द्रीय अनुसन्धान ब्यूरोको हिरासतमा रहेको र निजले कसूरबाट आर्जित रकम मध्ये रु.८०,००,०००/- (असी लाख) ग्लोबल आईएमई बैंक लि. सुकेधारा शाखामा Dexter Travels and Tours प्रा.लि.को नाममा रहेको खातामा जम्मा गरेको थाहा जानकारी हुन आएकोमा उक्त रकम कम्पनीको नाममा रहेको खातामा निजले के कति कारणले जम्मा गरे, निजलाई नै थाहा होला । म र रोजन राउत समेतले कम्पनी छाडी अलग भईसकेको र हाल कम्पनीको व्यवसाय समेत नभएकाले उक्त रकम सम्बन्धमा मेरो कुनै संलग्नता, दावी र अन्य जानकारी समेत छैन भन्ने व्यहोराको रोजन राउतको कागज ।

**च) <u>टिकाराज माझिको कागज</u>:-**

म मिति २०७९/०८/०९ गते देखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत रहँदै आएको छु । मैले यात्रु सहजिकरण, मालबस्तु जाँचपास र व्यापार सहजिकरणको जिम्मेवारी वहन गर्दै आएको छु । मिति २०७९/०९/१० गते बिहान ०६:०० बजे देखि अपरान्ह १२:०० बजे सम्मको लागि मलाई यात्रु शाखाको पछाडी ब्यागेज एक्सरे गर्ने गरी ड्यूटी खटाईएकोमा म सोहि ड्यूटीमा थिएँ । मैले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धी तालिम लिएको छु । मलाई ब्यागेज एक्सरे / स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा जानकारी छ । ब्यागेज एक्सरे गर्दा ब्यागेज भित्र सुन भएमा वा घनत्व बढी भएको धातु भएमा एक्सरे स्क्रिनमा धातुको आकार अनुसारको कालो धब्बा देखिन्छ । यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा,राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको ट्यागमा RC जनाई व्यागेज बेल्टमा राखिन्छ, यसरी ट्यागमा RC लेखिएको ब्यागेजलाई Red

Channel ड्यूटीमा खटिएका कर्मचारीले नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन । यसरी पुन : एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा ब्यागेज खोली भौतिक निरिक्षण गरिन्छ । यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा भन्सार तिराई मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ । RC उल्लेख भएको ब्यागेजलाई सम्बन्धित स्क्रिनरले Red Channel मा खटिएका जिम्मेवार कर्मचारीलाई भौतिक रुप मै हस्तान्तरण गर्नु भन्ने स्पष्ट निर्देशन र प्रचलन समेत छैन । मिति २०७९/०९/१० गते चिनियाँ यात्रु LI HANSONG ले लिई आएको ब्यागेज मैले शुरु एक्सरे गर्दा ब्यागेज भित्र एकै प्रकृतिको धेरै सामानहरु देखिएकाले व्यापारिक मालबस्तु हुन सक्ने र भन्सार राजश्व असुल उपर गर्नु पर्ने जस्तो देखेकोले ट्यागमा RC जनाएको हुँ । ब्यागेज जफत गर्ने सम्बन्धमा उक्त दिन मेरो कुनै भूमिका नरहेको हुँदा पुन: चेकजाँच गर्ने Red Channel ड्यूटीमा खटिएका कर्मचारी र सम्बन्धित ड्युटी अफिसर र भन्सार अधिकृत समेतले के कति कारणले जफत गरे यकिन भन्न सक्दिँन भन्ने व्यहोराको टिकाराज माझिको कागज ।

छ) **अशोक सिंह खड्काको कागज:-**

म मिति २०७८/०८/१९ गते देखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत रहँदै आएको छु । मैले यात्रु सहजिकरण, मालबस्तु जाँचपास र व्यापार सहजिकरणको जिम्मेवारी वहन गर्दै आएको छु । मिति २०७९/०९/१० गते बिहान ०६:०० बजे देखि अपरान्ह १२:०० बजे सम्मको लागि मलाई यात्रु शाखाको पछाडी ब्यागेज एक्सरे गर्ने गरी ड्यूटी खटाईएकोमा म सोहि ड्यूटीमा थिएँ । मैले नेपाल नागरिक उड्डयन प्राधिकरणबाट ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धी तालिम लिएको छु । मलाई ब्यागेज एक्सरे / स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा जानकारी छ । ब्यागेज एक्सरे गर्दा ब्यागेज भित्र सुन भएमा वा घनत्व बढी भएको धातु भएमा एक्सरे स्क्रिनमा धातुको आकार अनुसारको कालो धब्बा देखिन्छ । यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा, राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको ट्यागमा RC जनाई व्यागेज बेल्टमा राखिन्छ, यसरी ट्यागमा RC लेखिएको ब्यागेजलाई Red Channel ड्यूटीमा खटिएका कर्मचारीले नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन । यसरी पुन : एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा ब्यागेज खोली भौतिक निरिक्षण गरिन्छ । यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा भन्सार तिराई मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ । RC उल्लेख भएको ब्यागेजलाई सम्बन्धित स्क्रिनरले Red Channel मा खटिएका जिम्मेवार कर्मचारीलाई भौतिक रुप मै हस्तान्तरण गर्नु भन्ने स्पष्ट निर्देशन र प्रचलन समेत छैन । मिति २०७९/०९/१० गते चिनियाँ यात्रु LI HANSONG ले लिई आएको ब्यागेज मैले शुरु एक्सरे गरेको होईन, ना.सु. टिकाराज माझीले गरेका हुन । ब्यागेज जफत गर्ने सम्बन्धमा उक्त दिन मेरो कुनै भूमिका नरहेको हुँदा पुन: चेकजाँच गर्ने Red Channel ड्यूटीमा खटिएका कर्मचारी र सम्बन्धित ड्युटी अफिसर र भन्सार अधिकृत समेतले के कति कारणले जफत गरे यकिन भन्न सक्दिँन भन्ने व्यहोराको अशोक सिंह खड्काको कागज ।

ज) **उमेश प्रसाद कोईरालाको कागज:-**

म मिति २०७९/०७/०३ गते देखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत रहँदै आएको छु । मैले यात्रु सहजिकरण, मालबस्तु जाँचपास र व्यापार सहजिकरणको जिम्मेवारी वहन गर्दै आएको छु । मिति

२०७९/०९/१० गते बिहान ०६:०० बजे देखि अपरान्ह १२:०० बजे सम्मको लागि मलाई यात्रु शाखाको Red Channel ड्यूटी खटाईएकोमा म सोहि ड्यूटीमा थिएँ । मैले ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धी तालिम नलिएको हुँदा मलाई ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा जानकारी छैन । यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा, राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमा वा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको ट्यागमा RC जनाई व्यागेज बेल्टमा राखिन्छ, यसरी ट्यागमा RC लेखिएको ब्यागेजलाई Red Channel ड्यूटीमा खटिएका कर्मचारीले नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन । यसरी पुन : एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा ब्यागेज खोली भौतिक निरिक्षण गरिन्छ । यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा भन्सार तिराई मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ । RC उल्लेख भएको ब्यागेजलाई सम्बन्धित स्क्रिनरले Red Channel मा खटिएका जिम्मेवार कर्मचारीलाई भौतिक रुप मै हस्तान्तरण गर्नु भन्ने स्पष्ट निर्देशन र प्रचलन समेत छैन । ब्यागेज जफत गर्ने सम्बन्धमा उक्त दिन मेरो कुनै भूमिका नरहेको हुँदा पुन: चेकजाँच गर्ने Red Channel ड्यूटीमा खटिएका कर्मचारी र सम्बन्धित ड्युटी अफिसर र भन्सार अधिकृत समेतले के कति कारणले जफत गरे यकिन भन्न सक्दिँन भन्ने व्यहोराको उमेश प्रसाद कोईरालाको कागज ।

**झ)** **<u>भुवनराज घिमिरेको कागज:-</u>**

म मिति २०७९/०६/२४ गते देखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत छु । हाल मैले ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धी तालिम लिईसकेकाले मलाई ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा सामान्य जानकारी छ । यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा, राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमा वा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको ट्यागमा RC जनाई व्यागेज बेल्टमा राखिन्छ, यसरी ट्यागमा RC लेखिएको ब्यागेजलाई Red Channel ड्यूटीमा खटिएका कर्मचारीले नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन । यसरी पुन: एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा, भन्सार असुल गर्नु पर्ने मालबस्तु हुनसक्ने देखिएमा वा जफत गर्नु पर्ने मालबस्तु हुन सक्ने देखिएमा ब्यागेज खोली भौतिक निरिक्षण गरिन्छ । यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ । तत्कालिन अवस्थामा मैले ब्यागेज एक्सरे/स्क्रिनिङ सम्बन्धी तालिम नलिएको हुँदा मैले उक्त ब्यागेज पुन: X-Ray गरेको होईन । को कसले गरे मलाई जानकारी छैन । उल्लेखित दिन ड्युटि अफिसरको जिम्मेवारीमा भन्सार अधिकृत रमेश कुमार खतिवडा खटिनु भएको थियो, र प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठ र भन्सार अधिकृत सुवेन्द्र श्रेष्ठ समेत ड्युटिमा खटिनु भएको थियो । उक्त दिन म कार्यालय ड्यूटीमा पुग्दा प्रज्ञापन पत्र ईन्ट्री गर्ने कार्यालय कोठामा ईलेक्ट्रिक सिगरेट (Vapes) भएको सुटकेश थान २ सहित चिनियाँ नागरिक LI HANSONG लाई राखिएको रहेछ । म ड्युटिमा पुगे पछि म समेतका Red Channel ड्यूटीमा खटिएका कर्मचारीलाई उक्त सुटकेशमा रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) जफत गर्नु पर्ने भएकोले परिमाण यकिन गर्न गणना गर्नुहोस भनेकाले म र भन्सार अधिकृत सुवेन्द्र श्रेष्ठ समेत गई सुटकेशमा रहेको ईलेक्ट्रिक सिगरेट (Vapes) गणना गर्दा ७३ वटा बट्टामा जम्मा ७३० पिस रहेछ । सो को रिपोर्टिङ प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई गरेका हौं । तत्पश्चात म कार्यालयको नियमित काममा लागेको हुँ भन्ने व्यहोराको भुवनराज घिमिरेको कागज ।

**झ) सुवर्णा प्रभा के.सी. को कागज:**

म मिति २०७९ असोज महिनादेखि त्रि.वि. भन्सार कार्यालय गौचरको ना.सु. पदमा कार्यरत रहँदै आएको छु। मिति २०७९/०९/१० गते बिहान ०६:०० बजे देखि अपरान्ह १२:०० बजे सम्म मेरो डिउटी यात्रु जाँच पास शाखामा थियो तर म करिब ९.१५ बजेतिर मात्र कार्यालय आईपुगेकी थिए। मलाई त्यस दिन RC मा डिउटी तोकिएको थियो। सामुहिक कार्य भएको हुँदा जहाँ डिउटी तोकिएको भए पनि जहा आवश्यक पर्छ त्यही काम गर्नु पर्ने हुँदा म Red Channel मा नभई अन्यत्र X-Ray वा Walk Through मा गई काम गरेको थिए। उक्त दिन मलाई तोकिएको जिम्मेवारी Red Channel मा यात्रुहरुको ब्यागमा X-Rayबाट RC चिन्ह लगाई आएका लगेजहरुको पुन x-Ray गरी राजस्व असुल गर्नु पर्ने मालवस्तु हो भनी शंका लागेमा सम्बन्धित मालधनीसंग सामान के हो भनि सोधपुछ गर्ने, भौतिक निरीक्षन गर्ने र राजस्व असुल गर्नु पर्ने देखिएमा डिउटी अफिसरलाई जानकारी गराई राजस्व असुल गर्ने प्रकृयामा अगाडि बढाउने काम थियो। मैले ब्यागेज एक्सरे / स्क्रिनिङ सम्बन्धमा तालिम लिएको छु। मलाई ब्यागेज एक्सरे / स्क्रिनिङ सम्बन्धमा एक्सरे मेसिनले दिने बिभिन्न संकेतका बारेमा जानकारी छ। स्क्रिनरले एकै प्रकारको मालबस्तु धेरै मात्रामा देखिएमा, कुनै शंकस्पद माल बस्तु तथा व्यापारिक जस्तो मालबस्तु देखिएमा, मापदण्डमा तोकिएको परिमाण भन्दा बढी मालवस्तु देखिएमा यात्रुको ब्यागेजमा RC लेखिन्छ। यसरी RC उल्लेख भएको व्यागेजको पुन x-Ray गरी राजस्व असुल गर्नु पर्ने मालवस्तु हो भनी शंका लागेमा सम्बन्धित मालधनीसंग सामान के हो भनि सोधपुछ गर्ने, भौतिक निरीक्षन गर्ने र राजस्व असुल गर्नु पर्ने देखिएमा डिउटी अफिसरलाई जानकारी गराई राजस्व असुल गर्ने प्रकृयामा अगाडि बढाउने गरिन्छ र भन्सार तिरेर समेत ल्याउन नमिल्ने मापदण्ड भन्दा बढी मालबस्तु भेटिएमा भन्सार अधिकृत वा प्रमुख भन्सार अधिकृतको आदेशानुसार जफत गर्ने, सम्बन्धित मालधनिलाई समेत कार्बाही गर्नु पर्ने भए कार्बाहीको प्रकृया अगाडी बढाउने गरिन्छ। उक्त दिन म कार्यालय पुग्दा चिनियाँ यात्रु ब्यागेज सहित computer कोठाको सोफामा बसि रहेका थिए। मैले उसलाई तपाईको के काम छ भनि सोध्दा निजले आफ्नो मोबाईलमा E Cigreet लेखेर दुईवटा लगेजतिर देखाई यसको Customs clear गरिदिनु भनेको थियो र मैले कति छ ? भन्दा करिब ७०० piece छ भनेकोले मैले डिउटी अफिसरलाई जानकारी गराए डिउटी अफिसरले प्रमुख भन्सार अधिकृतलाई जानकारी गराउनु भयो त्यसपछी प्रमुख भन्सार अधिकृतले उक्त मानिस भएको स्थानमा आएर निजलाई सोधपुछ गर्नुभयो र निजले ल्याएको सामान धेरै मात्रामा भएको र यात्रु शाखाबाट कमर्सियल सामान जाँच पास गर्न नमिल्ने भएको हुँदा जफत गर्ने आदेश दिनु भयो। त्यसपछि जफत गर्ने कार्य अन्य कर्मचारीहरुले गर्नु भयो र म आवश्यकता अनुसारको स्थानमा x-Ray वा Walk Through तिर डिउटी गर्न गएको हुँ भन्ने व्यहोराको **सुवर्णा प्रभा के.सी. को कागज**।

**ञ) सुवेन्द्र श्रेष्ठको कागज:-**

म मिति २०७७/०५/२१ गते देखि देखि त्रि.वि. भन्सार कार्यालय गौचरको भन्सार अधिकृतको पदमा कार्यरत रहँदै आएको छु। उक्त कार्यालयमा मेरो जिम्मेवारी डिउटी अफिसरले तोकेको स्थानमा प्रज्ञापन पत्र Assessment गर्ने, यात्रु सहजिकरण सम्बन्धी कार्य गर्ने हो। मिति २०७९/०९/१० गते बिहान ०६:०० बजे देखि १२:०० बजे सम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको यात्रु आगमन कक्षमा त्रि.वि. भन्सार कार्यालयबाट Walk Through gate र Red Channel ड्यूटीमा खटिएका आफू मातहतका कर्मचारीहरुले गरेको कार्य अनुगमन र निरीक्षण गर्ने, मातहत कर्मचारीहरुले तोकिएको जिम्मेवारी सम्पादन गर्ने क्रममा गरेका रिपोर्टिङ सम्बन्धमा मबाट निर्णय हुन सक्ने विषयबस्तु भए म स्वयंले निर्णय गर्ने र सो बाहेकका बिषय बस्तु भए ड्यूटीमा

रहेका प्रमुख भन्सार अधिकृतलाई रिपोर्टिङ गर्ने गरी ड्यूटीमा खटाईएकोमा म उक्त दिन ०९:०९ बजे देखि ड्यूटीमा खटिएको थिएँ। यात्रुको ब्यागेज एक्सरे गर्दा अवैध हुन सक्ने शंकास्पद माल बस्तु देखिएमा, राजश्व लिनु पर्ने व्यापारिक मालबस्तु हो भन्ने शंका लागेमा वा उक्त मालबस्तुहरुको भौतिक निरीक्षण गरी आवश्यक कारवाही गर्नु पर्ने देखिएमा ब्यागेजको ट्यागमा RC जनाई ब्यागेज बेल्टमा राखिन्छ, यसरी ट्यागमा RC लेखिएको ब्यागेजलाई Red Channel ड्यूटीमा खटिएका कर्मचारीले नियन्त्रणमा लिई पुन: एक्सरे गर्छन। यसरी पुन : एक्सरे गर्दा पनि मालबस्तु यहि हो भनि यकिन नभएमा, भन्सार असुल गर्नु पर्ने मालबस्तु हुनसक्ने देखिएमा वा जफत गर्नु पर्ने मालबस्तु हुन सक्ने देखिएमा ब्यागेज खोली भौतिक निरिक्षण गरिन्छ। यसरी पुन: एक्सरे वा भौतिक निरिक्षणबाट आएको परिणामको आधारमा मालबस्तु जाँच पास गर्ने वा जफत गर्ने सम्बन्धमा थप कारवाही प्रकृया अगाडी बढ्छ। RC उल्लेख भएको ब्यागेजलाई सम्बन्धित स्क्रिनरले जिम्मेवार कर्मचारीलाई भौतिक रुप मै हस्तान्तरण गर्नु पर्ने स्पष्ट निर्देशन र प्रचलन समेत छैन। यात्रुको लगेजमा व्यापारीक प्रयोजनको लागि ठूलो परिमाणमा एकै किसिमको मालबस्तु भेटिएमा जफत रजिष्टरमा मालबस्तुको विवरण उल्लेख गरी सो को एक प्रति निस्सा सम्बन्धित यात्रुलाई दिई लगेज जफत गर्ने गरिन्छ। उक्त दिन म ड्यूटीमा पुग्दा प्रज्ञापन पत्र ईन्ट्री गर्ने कार्यालय कोठामा ईलेक्ट्रिक सिगरेट (Vapes) भएको सुटकेश थान २ सहित चिनियाँ नागरिक LI HANSONG लाई राखिएको रहेछ। निज चिनियाँ नागरिकले लिई आएको सुटकेशमा ठूलो परिमाणमा ईलेक्ट्रिक सिगरेट (Vapes) भेटिएकोले उक्त मालबस्तु जफत गर्ने भनि प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठले आदेश गर्नु भएकोले उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) गणना गरी जफत गरिएको हो अन्य व्यहोरा मलाई थाहा भएन भन्ने व्यहोराको सुवेन्द्र श्रेष्ठको कागज।

ट) **<u>मधुसुदन पोखरेलको कागज:-</u>**

म त्रि.वि. भन्सार कार्यालयको ना.सु. पदमा कार्यरत रहँदै आएको छु, हाल म उक्त कार्यालयको मुद्दा तथा लिलामी शाखामा कार्यरत रहेकोमा लिलामी सम्बन्धी कार्य गर्ने जिम्मेवारीमा छु। चिनियाँ यात्रु LI HANSONGबाट जफत गरिएको ईलेक्ट्रिक सिगरेट (Vapes) मिति २०७९/१०/२९ गतेको पत्रसाथ यात्रु शाखाका कम्प्यूटर अपरेटर सरोज श्रेष्ठले मुद्दा तथा लिलामी शाखामा बुझाउन भनि सवारी चालक अविनास राउत र तत्कालिन सुरक्षा गार्ड निर्मल कुमार बि.क. लाई बोकाई लिई आएका थिए। सरोज श्रेष्ठले मुद्दा शाखामा बुझाउन भनि ल्याएको उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) को परिमाण रुजु गर्नको लागि म र निज सरोज श्रेष्ठ भई गणना गर्ने सिलसिलामा उदय चन्दन श्रेष्ठले अनुमति नलिई जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को प्याकेट मध्ये १ वटा प्याकेट खोली सोबाट १ थान ईलेक्ट्रिक सिगरेट (Vapes) बाहिर निकाली खोली मुख लगाई श्वास तान्दा धुँवा आएन। तत्पश्चात मैले निजलाई यसरी सामान किन चलाएको भनी हप्काई खोली सकेको सामानमा थप केहि गर्न सक्ने अवस्था नरहेकोले गणना पुरा गरी मुद्दा शाखाको ना.सु.को हैसियतले उक्त मालबस्तु मैले बुझि भरपाई समेत गरि दिएको हुँ, पत्रमा बुझि लिएको व्यक्तिको हस्ताक्षर समेत मेरै हो। पत्रसाथ बुझेको ईलेक्ट्रिक सिगरेट (Vapes) मैले प्रशासनिक भवनको गोदाममा सुरक्षित राखेको थिएँ। मुद्दा शाखाको जिम्मामा रहेको मालबस्तु सुरक्षित साथ राख्ने जिम्मेवारी म लगायत मुद्दा शाखाका सम्पूर्ण कर्मचारीको हो, प्रशासनिक भवनको गोदामको साँचो सिनियर ना.सु. को हैसियतले रेवन्त खड्कासँग रहने गर्थ्यो। म २०७९ पौष १ गते देखि मुद्दा तथा लिलामी शाखामा कार्यरत रहेकोले उक्त शाखाको लागि तत्कालिन अवस्थामा म नयाँ कर्मचारी रहेकोमा निज ना.सु. रेवन्त खड्काले म्याद गुज्रेका खाद्य पदार्थहरु र सुर्तिजन्य पदार्थ समेत लिलाम नगरी नष्ट गर्ने प्रचलन रहेको भनी यसरी नष्ट गर्नुपर्ने मालबस्तु छुट्याई एकैठाउँमा राख्ने भनी कार्गो

भवनको कोठा नं. १११ मा निजको उपस्थिति र प्रत्यक्ष निगरानीमा मजदुर लगाई सार्न लगाउनु भएको हो, निजले को कसको आदेश निर्देशनमा वा आफ्नै निर्णयले ईलेक्ट्रिक सिगरेट (Vapes) कार्गो भवनको कोठा नं. १११ मा सार्न लगाउनु भयो, मलाई थाहा छैन। यसरी जफत गरिएको ईलेक्ट्रिक सिगरेट (Vapes) म मुद्दा तथा लिलामी शाखामा कार्यरत रहेको अवधिमा लिलाम वा नष्ट गरेको समेत मेरो जानकारीमा छैन। जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) लिलाम गर्नका लागि प्रकृया शुरु गर्न भनी प्रमुख भन्सार अधिकृत अम्बिका प्रसाद खनालबाट मौखिक आदेश भई सोहि अनुसार मुल्यांकन समितिको बैठक बोलाई बैठकबाट जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) को मुल्यांकन समेत भएको थियो, उक्त बैठकमा आमन्त्रित सदस्यका हैसियतमा म समेत उपस्थित थिएँ। मुल्यांकन समितिको बैठकबाट लिलाम हुने मालबस्तुको मुल्यांकन भई सके पश्चात शाखा प्रमुखबाट लिलामीको सूचना निकाल्नु भनी मौखिक आदेश भए पश्चात लिलाम बढाबढको सूचना प्रकाशित गर्ने गरेको र जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) लिलाम गर्न भनी मलाइ मौखिक आदेश समेत नभएकोले लिलामीको पत्राचार नभएको हो, त्रि.वि. भन्सार कार्यालयबाट प्राप्त ई.सं.०२-१२-२०२३ मिति २०७९/१०/२९ गते र ई.सं. ०३-०३-२०२३ मिति २०७९/११/१९ गतेको प्रशासनिक भवनको गोदाममा रहेको सिसिटिभी फुटेज देखाउँदा देखि पाएँ, उक्त फुटेजमा २ वटा सुटकेश ल्याई गोदाममा राख्दै गरेका व्यक्तिहरु भन्सार कार्यालयका सवारी चालक अविनाश राउत र तत्कालिन सुरक्षा गार्ड निर्मल कुमार वि.क. हुन, उक्त अवस्थामा कोठमा देखिएको तेश्रो व्यक्ति म हुँ, फुटेजमा सुटकेश समेतका मालबस्तु प्रशासनिक भवनको गोदामबाट बाहिर निकाल्दै गरेका मानिसहरु भन्सार कार्यालयका सवारी चालक अविनाश राउत, तत्कालिन सुरक्षा गार्ड निर्मल कुमार वि.क. सरसफाई गर्ने कर्मचारी उमेश पकुवाल, मजदुर जित बहादुर दमाई हुन, निर्देशन दिँदै गरेका व्यक्ति ना.सु. रेवन्त खड्का हुन, निजसँग केहि समय कुरा गरेको देखिने व्यक्ति म हुँ र सुर्ति माड्दै गरेको जस्तो देखिने व्यक्ति कार्यालय सहयोगी लेख बहादुर लम्साल हुन, हेरी चिन्हि सनाखत समेत गरि दिएँ। उक्त अवस्थामा म कार्यालयको काम बिशेषले निज रेवन्त खड्कासँग केहि कुरा जानकारी लिनका लागि उक्त कोठामा गएको थिएँ भन्ने व्यहोराको मधुसुदन पोखरेलको कागज।

ठ) **<u>मुक्ति प्रसाद श्रेष्ठको कागज</u>**:-

म मिति २०७८/१०/०४ गते देखि त्रि.वि. भन्सार कार्यालयको प्रमुख भन्सार अधिकृत पदमा कार्यरत रहँदै आएको छु। यात्रु शाखामा कार्यरत रहँदा यात्रु शाखाको प्रमुखको हैसियतमा अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने, मातहत कर्मचारीहरुको अनुगमन गर्ने, यात्रुहरुको गुनासो सुनी प्रशासनिक सहजीकरण गर्ने समेतको जिम्मेवारी वहन गर्दै आएको छु। मिति २०७९/०९/१० गते बिहान ०७:१० बजे देखि अपरान्ह १२:०० बजे सम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आगमन कक्षको यात्रु शाखाको प्रमुखको हैसियतमा ड्यूटिमा खटिएको थिएँ। उक्त मितिमा चिनियाँ यात्रु LI HANSONG ले लिई आएको लगेजमा ठूलो परिमाणमा ईलेक्ट्रिक सिगरेट (Vapes) रहेको भनी मलाई ड्यूटीमा खटिएका ना.सु. सुवर्णा प्रभा के.सी.ले जानकारी गराएका हुन। अर्थ मन्त्रालयको मिति २०७७/०२/१५ को सूचनाको दफा ७ बमोजिम व्यापारिक प्रयोजनका लागि ल्याएका मालबस्तु यात्रु शाखाबाट जाँचपास गर्न नमिल्ने हुँदा जफत गर्नु पर्ने व्यवस्था रहेको र निज चिनियाँ यात्रुले एकै किसिमको मालबस्तु ठूलो परिमाणमा ल्याएको सम्बन्धमा तत्काल हेर्दा व्यापारिक प्रयोजनका लागि ल्याएको देखिएकोले जफतको निर्णय गरी रजिष्टरमा व्यहोरा चढाई १ प्रति जफतको निस्सा सम्बन्धित यात्रुलाई दिई उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत गरिएको हो। उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत गर्ने क्रममा निज यात्रुको सुटकेश खोली परिमाण यकिन गर्ने काम सम्म भएको हो, सो बाहेक उक्त

ईलेक्ट्रिक सिगरेट (Vapes) खोली, फुटाई अन्य परिक्षण गर्ने काम भएन। यसरी थप परिक्षण नगरिएकाले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र केहि अवैध मालबस्तु थियो, थिएन तत्काल थाहा हुन सकेन । मिति २०७९/०९/१० गते देखि मिति २०७९/१०/२९ गते सम्म उक्त जफत गरिएको ईलेक्ट्रिक सिगरेट (Vapes) प्रमुख भन्सार अधिकृतको कार्यकक्ष अगाडी राखिएको थियो। यसरी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत गरि प्रमुख भन्सार अधिकृतको कार्यकक्ष अगाडी राखेको २/३ दिन पछी भन्सार एजेन्ट खुवा प्रसाद न्यौपानेले यात्रु शाखामा आई मलाई भेटी उक्त मालबस्तु तोकिएको राजश्व बुझी जाँचपास गरि दिनु पर्‍यो भनी अनुरोध गरेका थिए, निजलाई मैले जफत भएको मालबस्तु जाँचपास हुन सक्दैन भनि पठाएको थिएँ। सो को भोलिपल्ट आफूलाई श्याम सुन्दर साह भनि चिनाउने व्यक्ति समेत यात्रुशाखामा आई मलाइ भेटि उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जलविद्युत आयोजनामा काम गर्ने चिनियाँ कामदारको उपभोगको लागि ल्याएको हुँदा राजश्व दाखिला गरी जाँचपास गरि दिनु पर्‍यो भनि अनुरोध गरेकोमा मैले निजलाई समेत जफत भएको मालबस्तु जाँचपास हुन सक्दैन भनि पठाएको थिएँ। तत्पश्चात निज यात्रुशाखाबाट बाहिर निस्कि गएकोमा केहि समय पश्चात ९८५१००८१७१ नं.बाट मेरो मोबाईलमा समेत फोन गरी सोही कुरा दोहोर्‍याएकोमा मैले निजलाई जफत भएको मालबस्तु जाँचपास नहुने भनेको थिएँ। सोही बिषयमा आफूलाई राहुल महरा भनि चिनाउने व्यक्तिले ९८५११११८८८ नं.बाट मेरो ९८५७०३५२८२ नं. को मोबाईलमा फोन गरी जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) को लिलामी प्रक्रिया के हो ? कसरी हुन्छ भनि सोधपुछ गरेकोमा मैले निजलाई जफत भएको मालबस्तु मुद्दा तथा लिलामी शाखामा पठाईने र नियमानुसार लिलाम हुने बस्तु भए बोलकबोल सूचना प्रकाशित भई लिलाम गरिन्छ, लिलाम नगरी नष्ट गर्ने चिजबस्तु भए नियमानुसार नष्ट गर्ने गरिन्छ, सो सम्बन्धमा सम्बन्धित शाखा मै बुझ्दा उचित हुन्छ भनि जानकारी गराएको थिएँ। चिनियाँ यात्रु LI HANSONGबाट जफत गरिएको ईलेक्ट्रिक सिगरेट (Vapes) मैले मिति २०७९/१०/२९ गतेको पत्रसाथ मुद्दा शाखामा थप कानूनी कारवाहीको लागि पठाएको हुँ, यसरी पत्रसाथ मुद्दा शाखामा पठाएको मालबस्तुको सुरक्षाको जिम्मेवारी सोही शाखाका कर्मचारीको हुन्छ। त्रि.वि. भन्सार कार्यालयले यसरी जफत गरिएका ईलेक्ट्रिक सिगरेट (Vapes) लिलाम गरेको हालसम्म मेरो जानकारीमा छैन। जफत भएको उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) लिलाम गर्न भनी मिति २०७९/११/२१ गते मुल्यांकन समितिको बैठक समेत बसी लिलाम गर्ने प्रयोजनका लागि मुल्यांकन समेत भएको भन्ने सम्बन्धमा मलाई केही थाहा जानकारी छैन भन्ने व्यहोराको मुक्ति प्रसाद श्रेष्ठको कागज।

ड) **<u>खुवा प्रसाद न्यौपानेको कागज:</u>**

म वि.सं. २०५७ साल देखि त्रि.वि. भन्सार कार्यालय मार्फत बिभिन्न व्यक्ति तथा व्यापारिक संस्थाहरुले आयात गरेका सामानहरु सम्बन्धमा सम्वबन्धित व्यक्ति तथा संस्थाले उपलब्ध गराएको कागजातको आधारमा प्रज्ञापन पत्र भरी तोकिएको राजश्व दाखिला गरी भन्सार जाँचपास गरी छुटाई सम्बन्धित व्यक्तिलाई हस्तान्तरण गर्ने गरी भन्सार एजेन्टको काम गर्दै आएको छु। यसरी भन्सार एजेन्टको काम गर्ने क्रममा चिनियाँ नागरिक Daojin Wang (सम्पर्क नं. ९८०१०९९९९८) र निजको सवारी चालक लोकेन्द्र र निजकै सहयोगी श्याम सुन्दर शाह सँग समेत चिनजान भएको थियो। मैले निज चिनियाँ नागरिक Daojin Wang ले आयात गरेको माछा भन्सार जाँचपास गराउन सहयोग गरेकोले निजसँग यदाकदा फोन सम्पर्क समेत हुने गर्थ्यो। यकिन मिति याद भएन, २०७९/०९/१२ गते जस्तो लाग्छ, दिउँसो अं. १.०० बजेको समयमा लोकेन्द्र र श्याम सुन्दर शाह त्रि.वि. भन्सार कार्यालयको यात्रुशाखाको पार्किङमा आई मलाई भेटी चिनियाँ यात्री LI HANSONG ले लिई आएको

ईलेक्ट्रिक सिगरेट (Vapes) त्रि.वि. भन्सार कार्यालयले रोकी राखेको छ, के भएको रहेछ ? बुझि मिल्छ भने जाँचपास गराइ दिनु पर्‍यो भनेका थिए ? सोही बिषयमा चिनियाँ नागरिक Daojin Wangले समेत मलाई फोन सम्पर्क गरेका थिए, तत्पश्चात  मैले के रहेछ, बुझ्छु भनि यात्रु शाखा भित्र गई प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठलाई उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) के भएको हो ? जाँच पास गर्न मिल्ने, नमिल्ने के हो ? भनि सोधेको हुँ। निज प्रमुख भन्सार अधिकृतले ईलेक्ट्रिक सिगरेट (Vapes) नेपाल भित्र्याउनु पर्दा नेपाल सरकारको नियमानुसार अन्तशुल्क कार्यालयको सिफारिश साथ L.C. / T.T. खोलेर कार्गो मार्फत आयात गर्नु परेमा प्रक्रिया समेत नपुगेकाले जफत भईसकेको छ, जाँचपास गर्न मिल्दैन भनी मलाई जानकारी गराएकोले मैले यात्रु शाखाको पार्किङमा आई सोही व्यहोरा निजहरुलाई जानकारी गराएको हुँ । उक्त जानकारी गराउने समयमा चिनियाँ नागरिक Daojin Wang समेत पार्किङमा थिए । तत्पश्चात चिनियाँ नागरिक सँग मेरो सम्पर्क भएको छैन । श्याम सुन्दर शाह व्यापारी समेत भएकाले निजसँग व्यावसायिक विषयमा यदाकदा फोन सम्पर्क हुने गर्दछ। निजहरुले मलाई उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) जफत भएको सम्बन्धमा मलाई बताएका थिएनन् । एकै सामान जाँचपास गर्न सहयोग गर्नु पर्‍यो भनि ३ जनाले मलाई अनुरोध गरेको र त्रि.वि. भन्सार कार्यालयको जिम्मेवार अधिकृतबाट जफत भईसकेको भन्ने जानकारी पाएकोले उक्त लगेजमा केहि कैफियत छ कि ? भन्ने शंका लागेको थियो तर त्रि.वि. भन्सार कार्यालयबाट जफत भई सकेको हुँदा सो सम्बन्धमा मैले थप चासो राखिँन भन्ने व्यहोराको खुवा प्रसाद न्यौपानेको कागज ।

ढ) **बब्लु कुमार गुप्ताको कागज:-**

मेरो नाममा वाणिज्य बिभाग बबरमहलमा दर्ता रहेको P.K. Traders नामको फर्म दर्ता छ । म नेपालको भन्सार कार्यालयमा सामानहरु लिलाम गर्ने सुचना पाएपछि उक्त फर्मको नामबाट लिलाम प्रकृयामा सहभागी भई सामानहरु लिलाम सकार गर्ने काम गर्दै आईरहेको छु । सोही क्रममा त्रिभुवन भन्सार कार्यालको मुद्दा शाखामा ना.सु. पदमा कार्यरत रहेका रेवन्त खड्कालाई चिनेको हुँ । दिनेश कुमार बस्नेतले समेत समय समयमा त्रि.वि. भन्सार कार्यालयबाट हुने लिलाम प्रक्रियामा सहभागी भई लिलाम सकार गर्ने भएकाले सोही क्रममा निज समेतलाई चिनेको हुँ । आज भन्दा करिब ५/६ महिना अगाडी त्रि.वि. भन्सार कार्यालयमा लिलाम सकार गरेका सामानहरु उठाउन गएका बखत भन्सार कार्यालयको गेटमा सुरक्षार्थ खटिएका गार्ड निर्मल भन्ने व्यक्तिले मलाई तपाईंको सामान के कहाँ छ ? तपाईंको सामान ईलेक्ट्रिक सिगरेट (Vapes) भएको ठाउँमा भए मलाई पनि लिएर जानु, उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन छ, मिल्यो भने म पनि ४/५ पिस ईलेक्ट्रिक सिगरेट (Vapes) निकाल्छु भनेकाले मैले रेवन्त खड्कालाई गार्ड निर्मलले ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन छ भनेको छ  भनि मलाई बताएको कुरा जानकारी गराएँ । तत्पश्चात निज रेवन्त खड्काले उक्त सामान कहाँ राखेको छ भनि सोधेपछी मैले कोठा नं. ११ मा राखिएको छ भनि जानकारी गराएपछी निज रेवन्त खड्का र म सोही कोठामा गई रेवन्त खड्काले ईलेक्ट्रिक सिगरेट (Vapes) राखेको लगेज खोली सोही लगेजमा रहेको बट्टाबाट एउटा ईलेक्ट्रिक सिगरेट (Vapes) निकाली मैले र रेवन्त खड्काले मुख लगाई श्वास लिई तानी हेर्दा धुवा नआएपछि मैले उक्त सिगरेट भाची हेरौ न भन्दा निज रेवन्त खडकाले म आफै पछी चेक गर्छु भनेपछी हामी दुवै जना कोठाबाट बाहिर निस्किएको र रेवन्त खड्काले कोठामा ताल्चा लगाएका हुन । भन्सार कार्यालयबाट ५/७ वटा सामानहरुको टेण्डरको सुचना निकालिएको हुँदा म टेण्डर प्रक्रियाको लागि भन्सार कार्यालय गएको समयमा सोही कार्यालयका अधिकृत अम्बिका प्रसाद खनालले मलाई बोलाई अब ईलेक्ट्रिक सिगरेट (Vapes) पनि लिलाम गर्नु पर्ने छ भनि भनेपछी मैले निज अम्बिका प्रसाद खनाललाई पनि उक्त ईलेक्ट्रिक

सिगरेट भित्र सुन छ भनि निर्मलले भनेका थिए भनेपछी अम्बिका प्रसाद खनालले मलाई तपाईले भनेको कुरा अन्य ४/५ जना व्यक्तिहरुले पनि भनेका थिए, उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र के छ चेक गरिएको छैन, लिलाम निकाल्न लगाई दिनु भनेर मलाई भनेका छन, भन्नु भएको थियो । तत्पश्चात के भयो ? मलाई थाहा भएन । हाल आएर दिनेश कुमार बस्नेत र रेवन्त खड्का समेतले मिलेमतो गरी योजना बनाई उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) कोठा नं. १११ मा सारी सो ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सुन निकाली बिक्री गरी रकम बाँडी लिएको र जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) को सट्टामा अर्कै ब्राण्डको ईलेक्ट्रिक सिगरेट (Vapes) राखि दिएको भन्ने सुनी थाहा पाएको हुँ। मैले भन्सारको लिलाम सकार गर्ने क्रममा पटक पटक गरी २०७९ साल पौष महिना देखि माघ अन्तिम सम्म गरी अं. रु.१४,००,०००/- (चौध लाख) जति सापटी लिएको थिएँ, उक्त सापटी रकम मध्ये मैले निजलाई केही रकम तिरी बुझाई सकेको छु, मैले निजलाई अं. रु.५,५०,०००/- (पाँचलाख पचास हजार) जति तिर्न बुझाउन बाँकी छ, म र निज दिनेश कुमार बस्नेत बिचको कारोबार देखिने मेरो नाममा प्रभु बैंक लि. सिनामंगल शाखा र माछापुच्छ्रे बैंक लि. बौद्ध शाखामा रहेको बैंक खाताको स्टेटमेण्ट समेत यसै कागजसाथ पेश गरेको छु। सो बाहेक मेरो निज सँग कुनै कारोबार समेत छैन भन्ने व्यहोराको बब्लु कुमार गुप्ताको कागज।

ण) **<u>बीर बहादुर भण्डारीको कागजः-</u>**

मैले भक्तपुर जिल्लाको बिभिन्न स्थानमा बिभिन्न व्यक्तिहरुको नाममा रहेको जग्गा खरिद गरी जग्गा बिकाश गरी बिक्री गर्ने काम गर्दै आएको छु । यसै क्रममा मैले शक्तिदा राणाको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला साविक मध्यपुर ठिमी न.पा. वडा नं. १७ हाल परिवर्तित वडा नं. २ मगर गाउँमा रहेको जग्गा समेत निजसँग सम्झौता गरी जग्गा बिकाश (प्लटिङ) गरी बिक्रीमा राखेकोमा मिति २०७९/१२/१० गते मैले नचिनेका गोपाल सुवेदी (सम्पर्क नं. ९८५१०७१६०६) र दिपेश बस्नेत समेत उक्त जग्गा बिक्रीको लागि स्थापना गरिएको सम्पर्क कार्यालयमा आई जग्गा रेखदेख गर्ने रमेश काजी भण्डारीलाई भेटी ०-६-०-० (छ आना) जग्गा प्रति आना रु. ५०,०५,०००/- (पचास लाख पाँच हजार) का दरले खरिद गर्न ईच्छुक रहेको र सहमती भए तत्काल केहि रकम बैना गरी २/४ दिन भित्रै सम्पूर्ण रकम चुक्ता भुक्तानी गरी राजिनामा पास पारित गरी लिने भनि प्रस्ताव गरेका रहेछन । तत्पश्चात निज रमेश काजी भण्डारीले मलाई फोन गरी उक्त प्रस्तावको बारेमा जानकारी गराई का.जि.का.म.पा. ३२ पेप्सीकोला स्थित सम्पर्क कार्यालयमा बोलाएकाले म उक्त स्थानमा पुग्दा गोपाल सुवेदी र दिपेश बस्नेत समेत बसिरहेका रहेछन । सोही स्थानमा निजहरुसँग परिचय भई जग्गा खरिद बिक्रीको कुराकानी हुँदा मैले निजहरुको प्रस्तावमा सहमती जनाए पछि निजहरुले लेखनदासलाई बोलाई मेरो नाममा ग्लोबल आईएमई बैंकमा रहेको निजहरुको खाताबाट रु.३०,००,०००/- (तीस लाख) मेरो खातामा जम्मा गरि दिन्छु भनि चेक नं. समेत उल्लेख गरी बैना कागज लेखाउने क्रममा जग्गा खरिद कर्ताको नाम अमृत कार्की उल्लेख गरेकाले मैले निजहरुलाई रकम तपाईंले दिने कागज किन अमृत कार्कीको नाममा बनाउनु भयो भनि सोध्दा निजहरुले अमृत कार्की र हामी व्यवासायिक साझेदार हौं, निज व्यस्त भएकोले आउन पाउनु भएन भनि बताएकाले निजहरुले भने बमोजिम बैना कागज तयार पारी सहिछाप समेत गरी निज दिपेश बस्नेतलाई दिएकोमा निजहरुले मेरो नाममा लक्ष्मी बैंक लि. मा रहेको खातामा रु.३०,००,०००/- (तीस लाख) को चेक जम्मा गराई दिएका थिए । सो को ३ दिन पछि मिति २०७९/१२/१३ गते निजहरुले रमेश काजी भण्डारीलाई बाँकी रकम भुक्तानी लिई जग्गा राजिनामा पास गरिदिनु पऱ्यो भनेको र रमेश काजी भण्डारीले मलाई सोहि कुरा जानकारी गराएकाले जग्गाधनी शक्तिदा राणालाई मैले

बोलाई रमेशकाजी भण्डारी र रेशम बहादुर थापासँग मालपोत कार्यालय च्याम्हसिंह, भक्तपुरमा पठाएकोमा निज गोपाल सुवेदी र अमृत कार्की समेतले बाँकी रकम मध्ये रु. ६६,००,०००/- (छैसठ्ठी लाख) रमेश काजी भण्डारीलाई रकम बुझेको भनि बैना कागजमा व्यहोरा थपी सहिछाप गराई शक्तिदा राणाको बैंक खातामा जम्मा गराई अमृत कार्कीको नाममा जग्गा पास पारित गराई लिएका हुन । बाँकी रकमको चेक दिएकोमा जग्गा राजिनामा पास पारित भईसकेपछि उक्त चेक फिर्ता लिई बाँकी रु.२,०४,३०,०००/- (दुई करोड चार लाख तीस हजार) मध्ये रु.३,००,०००/- (तीन लाख) कमिसन वापत भनि गोपाल सुवेदीले कटाई बाँकी रु.२,०१,३०,०००/- (दुई करोड एक लाख तीस हजार) नगदै रमेश काजी भण्डारी समेतलाई दिई पठाएका रहेछन। निजहरुले उक्त रकम बुझि लिए पश्चात केहि रकम मेरो बैंक खातामा र केहि रकम जग्गाधनी शक्तिदा राणा लगायत अन्य मैले रकम तिर्नु पर्ने मानिसहरुको खाता समेतमा जम्मा गराई दिएका थिए, मैले अमृत कार्कीको नाममा गरि दिएको बैना कागजको फोटोकपी पाना ३ समेत यसै कागज साथ पेश गरेको छु भन्ने व्यहोराको बीर बहादुर भण्डारीको कागज ।

त) **रमेश काजी भण्डारीको कागज**:

बीर बहादुर भण्डारी मेरो दाजु नाताका व्यक्ति हुन । निजले भक्तपुर जिल्लाको बिभिन्न स्थानमा बिभिन्न व्यक्तिहरुको नाममा रहेको जग्गा खरिद गरी जग्गा बिकाश गरी बिक्री गर्ने काम गर्दै आएका छन । यसै क्रममा निजले शक्तिदा राणाको नाममा मालपोत कार्यालय भक्तपुरमा दर्ता कायम रहेको भक्तपुर जिल्ला साविक मध्यपुर ठिमी न.पा. वडा नं. १७ हाल परिवर्तित वडा नं. २ मगर गाउँमा रहेको जग्गा समेत जग्गाधनीसँग सम्झौता गरी जग्गा बिकाश (प्लटिङ) गरी बिक्रीमा राखेका थिए, उक्त जग्गाको रेखदेख र जग्गा खरिद गर्न आउने व्यक्ति सँग सम्पर्क र समन्वयको काम मैले गर्ने गरेको थिएँ । मिति २०७९/१२/१० गते मैले नचिनेका गोपाल सुवेदी (सम्पर्क नं. ९८५१०७१६०६) र दिपेश बस्नेत समेत उक्त जग्गा बिक्रीको लागि का.म.पा. ३२ पेप्सीकोलामा स्थापना गरिएको सम्पर्क कार्यालयमा आई मलाई भेटी ०-६-०-० (छ आना) जग्गा प्रति आना रु.५०,०५,०००/- (पचास लाख पाँच हजार) का दरले खरिद गर्न ईच्छुक रहेको र सहमती भए तत्काल केहि रकम बैना गरी २/४ दिन भित्रै सम्पूर्ण रकम चुक्ता भुक्तानी गरी राजिनामा पास पारित गरी लिने भनि प्रस्ताव गरेकाले मैले दाजु बीर बहादुर भण्डारीलाई फोन गरी उक्त प्रस्तावको बारेमा जानकारी गराई सम्पर्क कार्यालयमा बोलाएकोमा निज उक्त स्थानमा आई दिपेश बस्नेत र गोपाल सुवेदी समेत सँग परिचय गरी जग्गा खरिद बिक्रीको कुराकानी हुँदा जग्गा खरिद बिक्री सम्बन्धमा निजहरुको सहमती भएकोले लेखनदासलाई बोलाई खरिदकर्ताको नाममा ग्लोबल आईएमई बैंकमा रहेको खाताबाट रु.३०,००,०००/- (तीस लाख) बीर बहादुर भण्डारीको नाममा रहेको बैंक खातामा जम्मा गरि दिन्छु भनि चेक नं. समेत उल्लेख गरी बैना कागज लेखाउने क्रममा जग्गा खरिद कर्ताको नाम अमृत कार्की उल्लेख गर्दा बीर बहादुर भण्डारीले निजहरुलाई रकम तपाईंले दिने कागज किन अमृत कार्कीको नाममा बनाउनु भयो भनि सोध्दा निजहरुले अमृत कार्की र हामी व्यवासायिक साझेदार हौं, निज व्यस्त भएकोले आउन पाउनु भएन भनि बताएकाले निजहरुले भने बमोजिम बैना कागज तयार पारी साक्षीको महलमा मैले समेत सहिछाप गरी निज दिपेश बस्नेतलाई दिएकोमा निजहरुले बीर बहादुर भण्डारीको नाममा लक्ष्मी बैंक लि. मा रहेको खातामा रु.३०,००,०००/- (तीस लाख) को चेक जम्मा गराई दिएका थिए । सो को ३ दिन पछि मिति २०७९/१२/१३ गते निज दिपेश बस्नेत समेतले मलाई बाँकी रकम भुक्तानी लिई जग्गा राजिनामा पास गरिदिनु पऱ्यो भनेकोले मैले बीर बहादुर भण्डारीलाई सोहि कुरा जानकारी गराउँदा बीर बहादुर भण्डारीले जग्गाधनी शक्तिदा राणालाई बोलाई म र रेशम बहादुर थापासँग मालपोत

कार्यालय च्याम्हसिंह, भक्तपुरमा पठाएकोमा निज गोपाल सुवेदी र अमृत कार्की समेतले बाँकी रकम मध्ये रु. ६६,००,०००/- (छैसठ्ठी लाख) मैले रकम बुझेको भनि बैना कागजमा व्यहोरा थपी सहिछाप गराई शक्तिदा राणाको बैंक खातामा जम्मा गराई अमृत कार्कीको नाममा जग्गा पास पारित गराई लिएका हुन। बाँकी रकमको चेक दिएकोमा जग्गा राजिनामा पास पारित भईसकेपछि मलाई दिएको चेकमा उल्लेखित रकम बैंक खातामा मौज्दात नभएकोले नगदै रकम लिनु भनी उक्त चेक फिर्ता लिई बाँकी रु.२,०४,३०,०००/- (दुई करोड चार लाख तीस हजार) मध्ये रु.३,००,०००/- (तीन लाख) कमिसन वापत भनि गोपाल सुवेदीले कटाई बाँकी रु.२,०१,३०,०००/- (दुई करोड एक लाख तीस हजार) नगदै मलाई दिई पठाएका थिए। मैले उक्त रकम बुझि लिए पश्चात बीर बहादुर भण्डारीले भने बमोजिम केहि रकम निजको बैंक खातामा र केहि रकम जग्गाधनी शक्तिदा राणा लगायत अन्य बीर बहादुर भण्डारीले रकम तिर्नु पर्ने मानिसहरुको खाता समेतमा जम्मा गराई दिएको हुँ। हाल आएर बुझ्दा दिपेश बस्नेत, गोपाल सुवेदी र अमृत कार्की समेतले कसूर अपराध गरी प्राप्त रकम प्रयोग गरी उक्त जग्गा खरिद गरेका रहेछन भन्ने सुनि थाहा पाएको हुँ, प्रस्तुत वारदातका सम्बन्धमा मलाई थप केहि थाहा छैन भन्ने व्यहोराको रमेश काजी भण्डारीको कागज ।

थ) **अरूण पोखरेलको कागज:**

म मिति २०७९/०५/२० गते देखि त्रि.वि. भन्सार कार्यालयको प्रमुख भन्सार प्रशासकको पदमा कार्यरत रहि आएको छु । मिति २०७९/०९/१० गते Fly Dubai को Flight number FZ0587बाट नेपाल आएका चिनियाँ यात्रु LI HANSONG ले लिई आएको ब्यागेजमा अस्वाभाविक ठूलो परिमाणमा ईलेक्ट्रिक सिगरेट (Vapes) रहेको देखिएकोले व्यापारिक प्रयोजनका लागि ल्याएको हुनसक्ने देखि उक्त दिन यात्रु जाँचपास तथा सहजिकरण शाखामा ड्यूटीमा रहेका प्रमुख भन्सार अधिकृत मुक्ति प्रसाद श्रेष्ठले उक्त सामान सहितको ब्यागेज जफत गरेका रहेछन। उक्त जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) आवश्यक कारवाहीको लागि मुद्दा तथा लिलामी शाखामा पठाउने क्रममा मिति २०७९/१०/२९ गते ड्यूटीमा रहेका टाईपिष्ट ना.सु. सरोज श्रेष्ठले सामानको फोटो खिचि राखेका रहेछन । बिभिन्न यात्रुहरुबाट जफत गरिएको ईलेक्ट्रिक सिगरेट (Vapes) सुर्तिजन्य पदार्थ भएकोले लिलाम वा नष्ट के गर्ने भन्ने सम्बन्धमा द्विविधा भई आन्तरिक छलफलमै रहेको थियो । विभिन्न यात्रुहरुबाट जफत भएका बिभिन्न प्रकृतिका सामानहरु लिलाम वा नष्ट जे गरे पनि मुल्यांकन गरी लिलाम वा नष्ट गरिने भएकोले उल्लेखित चिनियाँ यात्रुवाट जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) सम्बन्धमा समेत मेरो संयोजकत्वमा मुल्यांकन समिति गठन भई मुल्यांकन भएको हो, लिलाम गर्ने निर्णय गरिएको होईन । मैले उल्लेखित ईलेक्ट्रिक सिगरेट (Vapes) सम्बन्धित यात्रु (चिनियाँ नागरिक) लाई नै लिलाम सकार गर्ने व्यवस्था मिलाउनु पर्छ भनि रेवन्त खड्कालाई मौखिक निर्देशन गरेको पनि छैन, जफत मालबस्तु लिलाम गर्दा कानूनले निर्दिष्ट प्रक्रिया पुरा गरी लिलाम गरिने हुँदा मैले निर्देशन गरे बमोजिम कोही कसैले लिलाम सकार गर्न पाउने अवस्था समेत नरहने भएकोले निजले किन आफ्नो बयानमा त्यस्तो व्यहोरा खुलाए मलाई थाहा भएन। जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) गोदामबाट साटफेर गरी अर्को ईलेक्ट्रिक सिगरेट (Vapes) राखिएको सम्बन्धमा मुद्दा शाखाबाट निरीक्षण भई मलाई थाहा जानकारी हुन आए पश्चात आन्तरिक छानविन गरी प्राप्त छानविन प्रतिवेदनका आधारमा जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) गोदामबाट साटफेर गरी अर्को ईलेक्ट्रिक सिगरेट (Vapes) राखिएको यकिन हुन आएकोले सो सम्बन्धमा निज रेवन्त खड्कासँग सोधपुछ गर्दा निजले सामान यतै कतै परेको हुनसक्छ भनेकाले मैले निजलाई सामान दुरुस्त हालतमा गोदाम दाखिला गर्नु भनि भनेको थिएँ, निज रेवन्त खड्कालाई पटक पटक सामानको सम्बन्धमा

ताकेता गर्दा पनि निज कार्यालयमा उपस्थित नहुने, कार्यालयले पत्राचार गर्दा समेत पत्र बुझ्न नआउने गर्न थाले पछि निजलाई यथार्थ व्यहोरा नखुलाएमा प्रहरीको सहयोगमा फौजदारी कसूरमा मुद्दा दर्ता गर्ने भनी जानकारी गराउँदा निजले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) मा सुन रहेकाले सम्पुर्ण ईलेक्ट्रिक सिगरेट (Vapes) दिनेश बस्नेतलाई दिएको र निज दिनेश बस्नेतले बिक्री गरी रु.६,००,००,०००/- (छ करोड) प्राप्त गरी सकेको हुँदा अब उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) ल्याउन नसक्ने भनी म समक्ष मौखिक रुपमा कबुल गरेकाले प्रस्तुत वारदातका सम्बन्धमा विस्तृत अनुसन्धान गर्नु पर्ने देखिएकोले मैले तत्कालै प्रमुख भन्सार प्रशासकको हैसियतले थप अनुसन्धान कारवाहीको लागि केन्द्रीय अनुसन्धान ब्यूरोमा पत्राचार समेत गरेको हुँ भन्ने व्यहोराको त्रिभुवन विमानस्थल भन्सार कार्यालयका प्रमुख अरुण पोखरेलले गरि दिएको कागज।

द) **सुजाता अधिकारी कागज**:-

मैले वि.सं. २०७० साल देखि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३२ कोटेश्वर स्थित 'नवदुर्गा सुन चाँदी पसल' संचालन गर्दै आएको छु। प्रतिवादी निर्मल कुमार वि.क.सँग मेरो पूर्व चिनजान थिएन। मेरो चिनजानको व्यक्ति अभिनाश राउतले निज निर्मल कुमार वि.क.लाई मेरो सुन पसलमा ल्याएपछि निजलाई चिनेको हुँ। बिलको मिति २०७९।११।०४ गतेको ३ दिन अगाडी अभिनाश राउतसँग निज प्रतिवादी निर्मल कुमार वि.क. आएका थिए। निज निर्मल कुमार वि.क.ले ल्याएको पहेलो सुन जस्तो देखिने पातलो प्लेट जस्तो दुई टुक्रा ल्याएका थिए। निजहरुले उक्त टुक्रा सुन हो, होईन भनि जाँच गर्न ल्याएको भनेका थिए। जाँच गरेपछि उक्त टुक्राहरु सुन नै देखिएको र जोख्दा ९९.६ लाल भएको थियो। मैले उक्त सुन कहाँबाट ल्याएको हो सोध्दा निर्मल कुमार वि.क.को ससुरालीले दिएको हो भनि बताएका थिए। निजहरुले उक्त सुन बेच्न खोजेका थिए तर मैले खरिद गर्दिन बरु सिक्री बनाई दिन्छु भनेपछि निजहरुसँग सिक्री बनाउन ज्यालाको लागि रकम छैन भनेकोले निजहरुले ल्याएको सोही सुनबाट जर्ति र ज्याला काट्ने गरी सिक्री बनाई दिनु भनि निजहरुले ल्याएको सुन मेरो सुन पसलमा छोडेर गएका थिए। सो को ३ दिन पछि मिति २०७९।११।०४ गते निजहरु मेरो पसलमा उक्त टुक्रा सुनबाट बनाएको सिक्री लिन आएका थिए। सिक्रीको जर्ति समेतको जम्मा तौल १०७.६ लाल थियो। सिक्रीको तौल पहिलेको भन्दा कम भएकोले मैले निज निर्मल कुमार वि.क.लाई रु.२,५००/- (पच्चिस सय रुपैयाँ) समेत फिर्ता गरिदिएको थिएँ। निज प्रतिवादी निर्मल कुमार वि.क.ले मेरो सुन पसलमा ल्याएको उक्त सुन त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौंमा राखिएको स्टोरबाट निकालेर ल्याएको भन्ने कुरा हाल थाहा पाएँ। मिति २०७९।११।०४ गतेको मेरो 'नवदुर्गा सुन चाँदी पसल'बाट निर्मल कुमार वि.क. को नाममा काटेको ग्यारेण्टी बिलको प्रतिलिपी समेत यसै कागजसाथ पेश गरेको छु भन्ने व्यहोराको सुजाता अधिकारी कागज।

ध) **सक्तिदा राणा सिंहको कागज:-**


मैले UN Women अफिसमा प्रोग्राम अफिसरको रुपमा काम गरेको थिए हाल म काउन्सिलिङ साईकोलोजीमा (Counselling Psychology) मा स्नातकोत्तर गर्दै छु। मैले प्रतिवादी दिनेश बस्नेतलाई चिनेको छैन। मेरो नाममा भक्तपुर जिल्लाको सानोठीमी स्थितमा ६७ आना जग्गा थियो। जग्गा सम्बन्धी कारोवार गर्दै आईरहेका विर बहादुर भण्डारीले आफुले प्लटिङ गरी बिक्री गर्ने प्रयोजनको लागि भनि खरिद गर्न खोजेको भनि मलाई भनेपछी मैले उक्त जग्गा निजलाई प्रति आना रु.४०,००,०००।–(चालिस लाख) को दरले बिक्री गर्छु भनेपछी निजले मेरो कुरामा सहमती जनाएपछी निजले मेरो सम्पुर्ण जग्गा खरिद गर्नको लागि २०७८ सालको माघ महिनामा वडा कार्यालयमा गई छ महिनाको भाखा राखि बैना कागज बनाई निजले बैना बापत

अ. पाचँ करोड रकम दिएका थिए। निजले जग्गा बिक्री गर्नको लागि जग्गाको प्लटिङ सम्बन्धी काम गरेपनी जग्गा बिक्री नभएपछि निजले मलाई बाँकी रहेको रकम भुक्तानी दिन नसकेपछी मैले पुन २ महिना भाखा थप गरि दिएकोमा उक्त समयमा पनि निजले प्लटिङ भईसकेको जग्गा बिक्री गर्न नसकेपछी मैले निजबाट लिनुपर्ने जम्मा रु.२६,८०,००,०००।–(छब्बिस करोड असी लाख) रकमबाट आधा रु.१३,४०,००,०००।–(तेह्र करोड चालिस लाख) रकम मात्र लिई बाँकी रकम जग्गामा मेरो पनि आधा हिस्सा लाग्ने र उक्त जग्गा बिक्री गरेपछी प्राप्त भएको मुनाफा पनि बराबर लिने गरी सहमति गरी निज विर बहादुर भण्डारीले जग्गा खरिद गर्ने व्यक्तिहरुसँग खरिद सम्बन्धी सम्पुर्ण प्रक्रिया गरी सकेपछी जग्गा नामसारी गर्ने समयमा म मालपोत कार्यालयमा उपस्थित भई राजिनामा पास गरि दिने गरेको थिए। मैले जग्गा बिक्री सम्बन्धी सम्पुर्ण जिमेदारी निज विर बहादुर भण्डारीलाई दिएको हुँदा निज विर बहादुर भण्डारीले मेरो नाममा भएको ०-६-०-० (छ आना) जग्गा प्रति आना रु.५०,०५,०००/- (पचास लाख पाँच हजार) का दरले एक जना व्यक्तिले खरिद गर्न चाहेका छन् भनि भनेको र गर्नुपर्ने बिक्री सम्बन्धी बाँकी प्रक्रीया पनि निज आफैले पुरा गरी मलाई जग्गा पास गर्ने दिनमा भक्तपुर जिल्ला मालपोत कार्यालयमा बोलाएपछी म गए तर निज खरिद गर्ने व्यक्ति अलि ढिलो गरी मालपोत कार्यालयमा आएका थिए। त्यसपछी मैले खरिद सम्बन्धी कागजपत्रमा सहिछाप गरि दिई अमृत कार्कीको नाममा जग्गा राजिनामा पास गरि दिई त्यहाबाट फर्किएको थिए। त्यसैले निज विर बहादुर भण्डारीले जग्गा खरिद कर्तासँग के-कसरी कुन माध्यमबाट जग्गाको रकम लिएका हुन मलाई थाहा हुदैन मैले पाउनु पर्ने रकम निज विर बहादुर भण्डारीले मेरो बैंक खातामा रकम जम्मा गरिदिने गरेका थिए। त्यसैले दिपेश बस्नेत र गोपाल सुवेदी समेतले त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट जफत भएको ईलेक्ट्रिक सिगरेट भित्र रहेको सुन अवैध तरिकाले झिकी बिक्री गरी प्राप्त भएको रकमबाट मेरो नाममा भएको जग्गा ०-६-०-० (छ आना) जग्गा खरिद गरेका रहेछन भनि हाल आएर थाहा पाए। त्यसैले ठगी आपराधिक विश्वासघात र संगठीत अपराध सम्बन्धी कार्यमा संलग्न माथि व्यक्तिहरुलाई कानून बमोजिम सजाय होस् भन्ने व्यहोराको सक्तिदा राणा सिंहको कागज।

न) **<u>राम कृष्ण बाडेको कागज</u>:-**

मैले २०७८ जेठ महिनामा भक्तपुर सानोठिमी स्थित मेरो नाममा रहेको ४ आना १ पैसा १ दाम जग्गा काठमाडौं जिल्ला काठमाडौ महानगरपालिका वडा नं. ३५ सिनामंगल घर भएका हरि शरण के.सी.ले किन्न खोजेको हुँदा आनाको २२,००,०००/- लाखको दरले जम्मा रु.९४,८७,५००।– (चौरानब्बे लाख सतासी हजार पाँच सय)मा बिक्रि गर्ने सहमती भई बैना वापत पटक पटक गरी निज हरि शरण के.सी.सँग ३३,००,०००/-(तेत्तिस लाख) र समयमा जग्गा पास गर्न नसकेपछी मलाई ब्याज बापत भन्दै कहिले २०००/- कहिले ५०००/- गरी पैसा दिएकामा सो रकम के कति दिए म एकिन भन्न सक्दिन। १४ (चौध) महिना बितिसक्दा समेत निजले किन्न नसके पछी जग्गा किन्नको लागी निजले दिनेश बस्नेतलाई लिई आएका थिए। सो पश्चात मालपोत कार्यालयमा जग्गा पास गर्ने समयमा दिनेश बस्नेतले रु.५०,००,०००।- (अक्षेरुपी पचास लाख मात्र) दिए पश्चात मैले जम्मा रु.९२,००,०००।– (बयानब्बे लाख) प्राप्त गरें। मैले उक्त जग्गा आनाको रु.२२,००,००० को दरले बैना गरेको भएता पनि आर्थिक मन्दीले गर्दा जग्गा पास गर्न नसकेपछि केहि रकम छुट गरी जग्गा पास गरिदिएको हुँ। जग्गा पास गर्ने समयमा मालपोत कार्यालय भक्तपुरमा दिनेश बस्नेतसँग निजका ससुरा समेत आएका थिए। जग्गा उहाँको नाममा राख्न लागेको हो ? भनी सोध्दा हो भनी दिनेशले जवाफ दिएका थिए। यस बाहेक निज दिनेश बस्नेतलाई हरिशरन के.सी.ले ल्याएका हुँदा दिनेश बस्नेत र हरि शरण के.सी. बिच के सहमती भएको थियो मलाई थाहा छैन भन्ने व्यहोराको राम कृष्ण बाडेको कागज।

## (७) <u>Link Chart:</u>




## <u>अभियुक्तहरु उपरको अभियोगः</u>

प्रस्तुत मुद्दामा प्रहरी प्रधान कार्यालय केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंज, काठमाडौवाट अनुसन्धान कार्य सम्पन्न गरी अनुसन्धान प्रतिवेदन साथ निर्णयार्थ यस कार्यालयमा प्राप्त हुन आएको मिसिल संलग्न त्रिभुवन विमानस्थल भन्सार कार्यालय, काठमाडौको पत्र, प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत र बुझिएका ब्यक्ति प्रेरणा थापा, ललिता थापाको बैंक स्टेट्मेन्ट र निजले लिएको रु ३५,००,०००।–(पैतिस लाख) कसूरजन्य सम्पत्ति कसूरजन्य सम्पत्ति व्यवस्थापन विभागको बैंक खातामा जम्मा गरिदिएको भौचर कागज, मालपोत कार्यालयबाट प्राप्त रामकेशव थापा र अमृत कार्कीको नाममा रहेको जग्गाको विवरण, त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर, काठमाडौंबाट प्राप्त सिसिटिभी फुटेज रेकर्ड, प्रहरी प्रतिवेदन, अध्यागमन कार्यालय त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको पत्र, प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेब राव पाण्डुरङ मरगले समेतको बयान कागज, विभिन्न कार्यालयहरुबाट प्राप्त पत्र जवाफ, बुझिएका ब्यक्तिहरुसमेतले गरी दिएको घटना विवरण कागज, खानतलासी बरामदी मुचुल्का समेतका प्रमाण कागजातहरुबाट प्रतिवादीहरु रेवन्त खड्काले आफ्नो जिम्मा वा संक्षरण रहेको आफ्नो जिम्मेवारी विपरीत आफ्नो फाईदाको लागी उपभोग गर्ने मनसायवाट नेपाल सरकारको नाममा कानून बमोजिम जफत भई आएको सम्पत्ति प्रतिवादी दिनेश बस्नेत, दिपेश बस्नेत, गोपाल सुवेदी, वेद प्रकाश अग्रवाल प्रतिवादी साहेवराव पांडुरङ मरगले, निर्मल कुमार वि.क. समेतले नेपाल सरकारको गोदाम (स्टोर) मा रहेको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) मा रहेको मुल्य रु.८,५५,२८,३७४।– (आठ करोड

पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर) बराबरको सून बेचबिखन गरी आपराधिक समूह बनाई संगठित रुपमा आपराधिक लाभ लिई आपराधिक लाभ र संगठित अपराधको कसर गरेको वारदात स्थापित हुन आयो।

अब, प्रस्तुत वारदातमा माथि बिरुद्ध खण्डमा उल्लेखित प्रतिवादीहरुले कुन कानून बिपरितको के कस्तो कार्य गरेका हुन र निज प्रतिवादीहरुलाई कुन कानून बमोजिम के कस्तो सजायको मागदाबी लिने भन्ने सम्बन्धमा बिचार गर्दा, यस कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ गते मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) साटफेर गरी उक्त मालवस्तुको ठाउँमा सोही प्रकृतिको अर्को सामान राखेको कार्यालयको आन्तरिक छानबिनबाट देखिएको र सो सम्बन्धमा विस्तृत अनुसन्धान गरी सत्य तथ्य एकीन गर्न जरुरी देखिएकोले कार्यालयको मुद्दा शाखामा गोदामको कार्य जिम्मेवारी तोकिएका जिल्ला सुर्खेत, विरेन्द्रनगर न पा, वडा नं ५ घर भई हाल काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं ३२, पेप्सीकोला बस्ने ना. सु. रेवन्त खड्का र सो कार्यमा संलग्न अन्य व्यक्ति वा समूहको पहिचान गरी आवश्यक अनुसन्धान र तहकिकात गरी कानून बमोजिम कारवाही हुन अनुरोध भन्ने व्यहोराको **त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचरको पत्र**बाट उठान भएको प्रस्तुत मुद्दामा मिति २०८०/०१/३१ गते काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ९, गौचर स्थित त्रिभुवन विमानस्थल भन्सार कार्यालय कार्गो भवनको कोठा नं. १११ बाट सुटकेश थान २ मा ७३ **बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes)** र मिति २०८०/०१/३१ गते काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २२ स्थित राजेश अग्रवालको घरमा नन्द कुमार पाण्डुरङ मरगलेको नाममा दर्ता रही संचालन रहेको पशुपती सुनचाँदी पसलबाट **नगद रु.७,१९,०००।- र सुनका टुक्राहरु १७९.५५ ग्राम** बरामद गरिएको **वरामदी मुचुल्का रहेको,** मिति २०८०/०१/१९ मा कार्यालयको कार्गो भवन स्थित कोठा न १११ मा निरीक्षण गर्दा यात्रु आमन शाखामा जफत गरिएको २ थान सुटकेश भित्र रहेको इलेक्ट्रिक सिगरेट साटफेर भएको सम्वन्धमा मिति २०८०/०१/२५ गते प्रमुख भन्सार अधिकृत अम्बिका प्रसाद खनालले आन्तरिक छानबिन प्रतिवेदनमा उक्त मालवस्तु मिति २०७२/९/१० गते विहानी शत्रको को समयमा चिनीया नागरिक श्री ली हासंग, राहदानी नं. EJ 6350030 ले २ वटा सुटकेश मित्र नियमति प्रयोगका केही कपडाहरु सहित ७३ प्याकेटमा ७३० पिस इलेक्ट्रिक सिगरेट राखी यात्रु शाखाबाट **ल्याएको,** यात्रुले उक्त परिमाणमा सो मालवस्तु ल्याउन नपाउने कानुनी व्यवस्थाको कारण कार्यालयको जफत रसिद नं. १०३ र जफत दर्ता रजिष्टर किताबको सि.नं. ११०६ मा विवरण उल्लेख गरि सामान नियन्त्रणमा लिईएको र नियन्त्रणको जिम्मा सम्बन्धित ब्यक्तिलाई दिईएको, उक्त मालवस्तु मिति २०७९/१०/२८ सम्म यात्रु शाखाको काउन्टरमा नै रहेकोमा मिति २०७९/१०/२९ मा यात्रु शाखाबाट कार्यालयको गौचर स्थित मुद्दा तथा लिलामी शाखामा बुझाईएकोमा मुद्दा तथा लिलामी शाखाका ना सु मधुसुदन पोखरेलले बुझी प्रशासनिक भवनको गोदाममा राखेको, मुद्दा तथा लिलामी शाखाको गोदाममा उक्त मालवस्तु लगायत अन्य नियन्त्रित सामानहरु रहेको र गोदाम कक्षको चावी मुद्दा तथा निलामी शाखाका ना.सु रेवन्त खडका समेतको जिम्मामा रहेको, मुद्दा तथा लिलामी शाखाको गोदामबाट निज रेवन्त खडकाले आफूखुसी सो सामान CCTV क्यामरा जडान नभएको कार्गो भवनको कोठा नं १११ मा सारेको **बुझिएको**, उक्त मालवस्तु मूल्यांकन समितिवाट मूल्यांकन भएको तर स्वास्थ्यमा असर गर्ने प्रकृतिको भएकोले लिलाम बिक्री नगरी गोदाममा नै रहेको। तत् पश्चात मिति २०८०/०१/१९ मा गोदामको नियमित निरीक्षण तथा मालवस्तु भेरिफिकेशन गर्दा यात्रुशाखाबाट बुझाएको सामानको प्रकृति अनुरुप एउटै (इलेक्ट्रिक सिगरेटको ठाउमा इलेक्ट्रिक सिगरेट नै) तर फरक प्याकेजिङ्ग सहितको मालवस्तु राखी सामान

साटफेर भएको देखिएको, यात्रु शाखामा जफत गरिएको र हाल गोदाममा रहेको उक्त मालवस्तुको फोटो यसैसाथ संलग्न रहेको छ। यसरी मालबस्तु किन र के उदेश्यका साथ साटफेर भयो भनी कार्यालयले सम्वन्धित ब्यक्ति ना.सु. रेवन्त खड्कासँग बुझ्न खोज्दा विभिन्न बहानामा अनुपस्थित हुने र सम्पर्क विहिन हुने गरेको। त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाडौंको च.नं. १५७२, मिति २०८०/०२/०४ गतेको पत्रसाथ सि.सि.टि.भी. र स्क्रिनिङ फुटेज सहितको पेन ड्राईभ प्राप्त भएकोमा सो सिसि टिभी फुटेजमा निज प्रतिवादी रेवन्त खड्काको उपस्थिती र निर्देशनमा उक्त नियन्त्रणमा लिई राखिएको ७३० पिस इलेक्ट्रिक सिगरेट रहेको २ वटा सुटकेश प्रशासनिक भवनको मुद्दा शाखाको गोदामबाट निकाली बाहिर लगेको देखिएकोबाट भन्ने **प्रतिवेदन तथा बरामदी मुचल्काबाट त्रिभुवन विमानस्थल भन्सार कार्यालयपत्रलाई समर्थित हुन आउँछ।**

**अनुसन्धानको क्रममा प्रतिवादी रेवन्त खड्काले बयान गर्दा,** जफत भएको सुटकेश मेरो जिम्मामा आउनु अघि नै ताल्चा नलागेको अवस्थामा थियो । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा बिभिन्न एयरलाईन्सबाट आएका यात्रुहरुको लगेजलाई ग्राउण्ड ह्याण्डलिङका कर्मचारीहरुले स्क्रिनिङ बेल्टमा राखे पछि स्क्रिनरले एक्सरेबाट लगेज पास हुँदा कानूनले निषेध गरेका अवैध सामान वा भंसार लाग्ने सामान देखिएमा लगेजको ट्यागमा RC लेखि बेल्टमा लगेज पठाउँछन। यसरी RC लेख्नुको अर्थ उक्त लगेज Red Channel मा पुन: परिक्षण गर्नु पर्ने भन्ने हो। तत्पश्चात यात्रुले बेल्टबाट आफ्नो लगेज लिई Exit तर्फ प्रस्थान गर्छन। यात्रु Exit हुनु अघि भन्सार कार्यालयको Green Channel र Red Channel छुट्याउने ठाउँमा ड्यूटीमा रहेका भन्सारका कर्मचारीहरुले लगेजको ट्यागमा RC उल्लेख भए, नभएको यकिन गरी ट्यागमा RC उल्लेख भएको भए त्यस्ता लगेजलाई पुन: स्क्रिनिङको लागि एक्सरे मेसिनमा राख्दछन, तत्पश्चात RC मा रहेका स्क्रिनरले स्क्रिनिङ गरी सम्बन्धित RC मा रहेका अफिसर, ड्युटी अफिसर र प्रमुख भन्सार अधिकृतसँग समन्वय गरी निजहरुको निर्देशन बमोजिम उक्त मालबस्तुको भन्सार दाखिला गराई जाँचपास गर्ने वा जफत गर्ने निर्णय गरिन्छ। जफत गर्ने गरी गरेको निर्णय जफतको निस्सा वा जफत पुस्तिकामा अभिलेखिकरण गरिन्छ र जफत भएको निस्सा १ प्रति सम्बन्धित यात्रुलाई दिने गरिन्छ। जफत गरिएको मालबस्तु आवश्यक कारवाहीको लागि त्रि.वि. भन्सार कार्यालय गौचर काठमाण्डौंको मुद्दा तथा लिलामी शाखामा पत्र सहित पठाईन्छ। यसरी जफत भएका सामग्रीहरु मुद्दा तथा लिलामी शाखामा लैजाने क्रममा त्रि.अ.वि. सुरक्षा कार्यालयबाट खटिएका सुरक्षाकर्मीले पुन:एक पटक स्क्रिनिङ गरे पश्चात सम्बन्धित भन्सार कर्मचारीले मुद्दा तथा लिलामी शाखामा लागी सामान बुझाउँछन। उल्लेखित सुटकेशहरु समेत माथि उल्लेखित प्रकृया पुरा गरी स्टोर दाखिला गरिएको हो। उल्लेखित प्रक्रियामा यात्रु जाँचपास तथा सहजिकरण शाखामा खटिएका प्रमुख भन्सार अधिकृत, ड्यूटी अफिसर, स्क्रिनर समेतका कर्मचारीहरु संलग्न हुन्छन। उक्त लगेज जफत गर्ने समेतको प्रकृयामा को को संलग्न थिए, यकिन भन्न सक्दिँन। उक्त जफत भएको दिनको ड्यूटी रजिष्टरबाट उक्त प्रकृयामा संलग्न कर्मचारीहरुको बारेमा प्रष्ट हुन्छ। लगेज स्क्रिनिङ गर्दा/एक्सरेमा राख्दा उक्त लगेजमा सुन रहेको भए एक्सरेमा सुनको आकार (Size) को कालो रंगको धब्बा देखिन्छ। यसरी लगेजको एक्सरे गर्दा कालो धब्बा देखिएको अवस्थामा ब्यागेज स्क्रिनिङ बेल्टमा रहेको लगेज एक्सरे गर्ने स्क्रिनरले Risk Analysis गरी ब्यागेजमा रहेको ट्यागमा RC लेख्ने वा भन्सारको कुनै कर्मचारीलाई बोलाई ब्यागेज हस्तान्तरण गर्नु पर्दछ। यदि शुरु स्क्रिनरले ब्यागेजमा रहेको ट्यागमा RC लेखि पठाएको अवस्थामा Red Channel मा रहेको एक्सरे गर्ने स्क्रिनरले पुन: स्क्रिनिङ गरी ब्याग खोली ब्याग भित्र रहेको मालबस्तुको भौतिक परिक्षण (Physical Verification) गरी

देखिएको व्यहोरा सम्बन्धित ड्यूटी अफिसरलाई जानकारी गराई आवश्यक कारवाही गर्नु पर्दछ । मुद्दा शाखाको गोदाममा लगि सुटकेशबाट १ थान ईलेक्ट्रिक सिगरेट (Vapes) झिकि बब्लु कुमार गुप्ताले मुखमा राखी सास तान्दा धुँवा नआए पछि उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) सक्कली नभई सो ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र अन्य केहि बहुमुल्य बस्तु छ भन्ने कुरामा म समेत विश्वस्त भई सो को १/२ दिन पछि प्रतिवादी दिनेश बस्नेतले मलाई भेटी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) भित्र सुन रहेको र उक्त सुन बिक्रीको लागि आफूले भारतिय नागरिक सँग Deal गरि सकेको भनि बताई मलाई समेत सो सुन बिक्रीबाट प्राप्त रकम मध्ये राम्रो रकम हिस्सा दिने भनि उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) उपलब्ध गराउन आग्रह गरेका थिए, तत्पश्चात सो को करिब ७/१० दिन पछि मुद्दा शाखामा रहेका लिलामी गर्नु पर्ने र नष्ट (Dispose) गर्नु पर्ने सामानहरुलाई छुट्याई उल्लेखीत प्रयोजनका लागि स्थानान्तरण गर्ने क्रममा उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) सहितको सुटकेश Dispose गर्ने प्रयोजनका लागि मैले कोठा नं. १११ मा सारी लिलामी गर्नु पर्ने र नष्ट (Dispose) गर्नु पर्ने सामानहरुलाई छुट्याउनका लागि मजदुरहरुलाई उक्त कोठामा लाने क्रममा निज दिनेश बस्नेत समेत मसँगै जाने गरेका थिए । मेरो सहमतिमा निजले पटक पटक गरी जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) कोठा नं. १११ बाट झिकि सो को ठाउँमा हाल बरामद भई आएको ईलेक्ट्रिक सिगरेट (Vapes) राखि दिएका हुन । निज दिनेश बस्नेतले उक्त जफत भई आएको ईलेक्ट्रिक सिगरेट (Vapes) बाट सुन झिकि रु.६,००,००,०००/- (छ करोड) मा वेद प्रकाश अग्रवाल समेतलाई बिक्री गरेका रहेछन भन्ने हाल थाहा पाएको हुँ उक्त जफत भई आएको ईलेक्ट्रिक सिगरेट (Vapes) साटफेर गरी बाहिर लैजान सहजिकरण गरे बापत निज दिनेश बस्नेतले मेरो निर्देशनमा मेरी साथी प्रेरणा थापाको बैंक अफ काठमाण्डू र कृषी बिकास बैंक लिमिटेडको खातामा रु ३०,००,०००।– (तीस लाख मात्र) रकम जम्मा गरि दिएको,ललिता राजभण्डारीको विभिन्न बैंक खातामा रु३५,००,०००।– (रु पैंतीस लाख मात्र) गरी जम्मा ६५,००,०००।– (रु पैसठ्ठी लाख मात्र) जम्मा गरी दिएका हुन भनि बयान गरेको छन् भने **अर्का प्रतिवादी दिनेश बस्नेतले बयान गर्दा,** मिति २०७९/११/२० गते निज रेवन्त खड्काले जफत सुटकेश १११ नं. कोठामा आईसक्यो, हेरौं भनेकाले म निजसँग १११ नं. कोठामा गई निजकै सामुन्ने सुटकेशबाट १ (एक) थान ईलेक्ट्रिक सिगरेट (Vapes) झिकि मुख लगाई श्वास तान्दा धुँवा आएन । त्यसपछि मैले उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) खोल्दा सुन जस्तो पहेँलो धातुको टुक्रा झर्यो । मैले रेवन्त खड्कालाई ए दाई सुन रहेछ त भन्दा निजले ए हो र ? ल जे गर्नु पर्छ गर, के कसरी हुन्छ, मिलाउ भनेकाले मैले हुन्छ भनि निजको सहयोग र संलग्नतामा पटक पटक गरी कार्यालय समयमा करिब ८/९ दिन लगाएर सोही १११ नं. कोठामा निज रेवन्त खड्काको सामुन्नेमा उक्त जफत भएको ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सो मा रहेको सुन झिकि बाहिर लगि सो को सट्टामा मैले अर्कै ब्राण्डको ईलेक्ट्रिक सिगरेट (Vapes) ल्याई साटफेर गरी सुटकेशमा राखि दिएको हुँ । उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाएर झिकेको सुनको जम्मा परिमाण ९ (नौ) किलोग्राम थियो । उक्त सम्पुर्ण सुन बिक्री गरेको हुँ । म समेतले त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको कोठा नं. १११ मा रहेको सुटकेशबाट ईलेक्ट्रिक सिगरेट (Vapes) झिकि फुटाई निकाली संकलन गरेको ९ किलोग्राम सुन मध्ये पहिलो पटक ८० ग्राम जति सुन लिई म, मेरो भाई दिपेश बस्नेत र भिनाजु गोपाल सुवेदी का.म.पा. न्यूरोड, विशालबजार गई प्रतिवादी वेद प्रकाश अग्रवाल मार्फत चिनजान भएका साहेब राव मरगले र अन्य यकिन नाम, थर, वतन थाहा नभएका ४/५ जना भारतिय नागरिकहरु समेतलाई सुन बिक्री गरी रकम लिई आएका हौं । यसरी सम्पूर्ण सुन बिक्रीको रकम हिसाब गर्दा निजहरुले रु.६,२१,००,०००/- (छ करोड एक्काईस लाख) भयो भनेका

थिए , सो मध्ये जम्मा रु.६,००,००,०००/- (छ करोड) मा बिक्री गरी हामीहरुले उक्त रकम बाँडफाँड गरेको हौ भनी कसूरमा साविती भई बयान गरेको **देखिन्छ**।

**प्रतिवादी वेद प्रकाश अग्रवालले बयान गर्दा,** प्रतिवादी गोपाल सुवेदीले आफैले तौल गरी पटक-पटक गरी १०३ तोला सुन ल्याई प्रति तोला रु.१,०३,५००।– देखि १०,४५००।- (एक लाख चार हजार पाँच सय) को दरले बिक्री गर्ने भनि कुरा भएपछी निजले मलाई दिएको सुन मैले साहेवराव पांडुरङको पशुपती सुनचाँदी पसलमा लगी तौल लिदा १०३ तोला नै भएको र सोही सुन मैले निज साहेवराव पांडुरङ मरगलेलाई ४२ तोला र बाँकी ६१ तोला सुन प्रतिवादी नन्द कुमार पांडुरङ मगरले समेतलाई पटक-पटक गरी बिक्री गरी प्राप्त भएको रकम रु.१,०,८००,०००।–(एक करोड आठ लाख) पटक-पटक गरी प्रतिवादी गोपाल सुवेदीलाई नै दिएको भनी बयान गरेको, **प्रतिवादी साहेवराव पांडुरङ मरगले बयान गर्दा,** ई.सं. २०२३ मार्च ३१ वि.सं. २०७९/१२/१७ गते बिहान अं. १०/११ बजेको समयमा प्रतिवादी वेद प्रकाश अग्रवाल २५६ (दुई सय छपन्न) ग्राम काँचो ढिका सुन लिई सुनको रकम हिसाब गरी रु.४,०००/- (चार हजार) कमिसन राखी बाँकी प्रतिवादी नन्द कुमार पांडुरङ मरगलेले भनेबमोजिम रु.२३,५०,०००/- (तेईस लाख पचास हजार) निज प्रतिवादी वेद प्रकाश अग्रवाललाई दिएको, पुन प्रतिवादी वेद प्रकाश अग्रवाल २३३ (दुई सय तेतिस) ग्राम काँचो ढिका सुन लिई रु. २१,३५,०००/- (एक्काईस लाख पैंतिस हजार) नगद लिएको, प्रतिबादी वेद प्रकाश अग्रवाल १९ (उन्नाईस) ग्राम काँचो ढिका सुन लिई रु.१,७०,०००/- (एक लाख सत्तरी हजार) नगद लिई गएको समेत गरी ३ पटक गरी जम्मा ५०८ (पाँच सय आठ) ग्राम काँचो ढिका सुन बिक्री गरी रु.४६,५५,०००/- (छयालिस लाख पचपन्न हजार) नगदै लिई गएका हुन भनी **बयान गरेको, प्रतिवादी अमृत कार्कीले बयान गर्दा,** प्रतिवादी दिनेश बस्नेत र प्रतिवादी गोपाल सुवेदी समेतको मिलेमतोमा भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका स्थित कित्ता नं. २५३ को १९०.७४ व.मि. क्षेत्रफल भएको जगाको धनी मलाई कायम राखी सुन बापत आएको रकमबाट जग्गा पास गरि लिएको हो **भनी बयान गरेको, प्रतिवादी निर्मलकुमार वि.क.ले बयान गर्दा,** ईलेक्ट्रिक सिगरेट (Vapes) भएको कालो रङको सुटकेसको लक फुटाईएको हुँदा राम्रोसँग सुटकेशको चेन पनि नलागेकोले मुद्दा शाखाबाट सगै रहेको गोदाममा लैजानको लागि बोक्ने क्रममा एक थान इलेक्ट्रिक सिगरेट (Vapes) सुटकेशबाट झरेपछी उक्त सिगरेट टिपेर आफ्नो पाईन्टको पकेटमा राखेपश्चात सिस्टमबाट धुवा आउछ भनि उक्त सिगरेटको स्वीच, बटम र चार्ज गर्ने सिस्टम छ की भनि बारम्बार हेर्दा पनि नदेखेको र पटक-पटक कोशिस गर्दा पनि धुवा नआएपछी सिगरेट तान्नको लागि समाउने भागमा ब्याट्री सिस्टम जडान छ की भनि फुटाई हेर्दा केही तारहरु रहेको र त्यसैको बिचमा प्लाष्टिकले प्याक गरि राखिएको पहेलो सुन जस्तो धातु देखेपछी सुन पसलमा लगि सुनको सिक्री बनाउन लगाई सो सुन लगाएको अवस्थामा सुन बरामद भई पक्राउ परी आएको भनी बयान गरेको देखिन्छ।

**अनुसनधानको क्रममा मौकामा बुझिएका व्यक्तिहरु समेतले प्रहरी प्रतिवेदन समर्थित हुने गरी गरेको घटना विवरण कागज,** अनुसन्धानको क्रममा खुल्न आएको ९ के.जी. र ११.५२४ ग्राम सुनको बजार मुल्य रु.८,५५,२८,३७४।– (आठ करोड पचपन्न लाख अठ्ठाईस हजार तीन सय चौहत्तर) रहेको भन्ने **काठमाडौं सुनचादी व्यवसायी संघको पत्र,** मिसिल संलग्न कल डिटेल रेकर्ड (CDR,) प्रतिवेदनसाथ पेश भएको Link Chart बाट सुन ल्याउने समुहमा रहेका चाईनिज नागरिक 9841362885 Chinese Lui, 9801099998 Daojin Wang, 9813024148 Lokendra Paudel, Khuwa Prasad Neupane 9841266964, Rahul Mahara 9851111888, समेतको सम्पर्क Krishna Bdr Mahara

9851130388 र Mukti Prasad Shrestha 9857035282 सँग रहेको, निजहरुको सम्पर्क सून बेचबिखन गर्ने समुहमा रहेका प्रतिवादीहरु Rewant Khadka (9864851997), Dinesh Basnet 9851082750 र प्रतिवादीहरु रेवन्त खड्का र प्रतिवादी दिनेश बस्नेत, प्रतिबादी निर्मल बि.क.(9863630002)प्रतिवादी दिपेश बस्नेत(9851082750) प्रतिवादी गोपाल सुवेदी(9765826333) सम्पर्क सून खरिद गर्ने प्रतिबादी बेद प्रकाश अग्रवाल(9841228499) सँग रहेको देखिन आएको, सून खरिद गर्ने समुहमा रहेका अन्य समुहका सदस्ययहरुसँग प्रतिवादी Saheb Rao Margale (9808690990), 9813818952 Nandu Kumar, 9847270478 Sachin Pawa,9808107824 Ganesh Badu,918459733375 Nandu Kumar, 919359180019 Sachin Pawar,917499097705 Sachin Pawar 9808265526 Saheb Raoसमेत सँग रहेको देखिन आएकोमा निजहरु फरक फरफ समुहमा रही, आफ्नो आफ्नो अपराधिक जिम्मेवारी वमोजिम सम्पर्क स्थापति गरी नेपाल सरकारको गोदाम (स्टोर) मा रहेको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) बेची संगठित रुपमा अपराधिक बिश्वासघात गरेको झनै पुष्टि हुन आउँछ।

अत: माथि उल्लेखित तथ्य प्रमाणहरुबाट प्रतिवादी रेवन्त खड्काले नेपाल सरकारको कर्मचारी भई गैह्र कानूनी तवरले अनधिकृत रुपमा दिनेश वस्नेत लाई त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको गोदाम कोठा नं. १११ मा प्रवेश गराई सरकारी कर्मचारी भई कानूनी कर्तव्य भएको हैसियतमा आफ्नो जिम्मामा गोदाममा रहेको वा सुरक्षीत राख्न जिम्मामा पाएको चिनियाँ नागरिकले लिई आएको अवस्थामा त्रि.वि. भन्सार कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ मा मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ वट्टामा रहेको ७३० थान इलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सो मा रहेको सुन झिकी उक्त सुटकेशमा अर्कै इलेक्ट्रिक सिगरेट (Vapes) राखि साटफेर गरेको देखिएको, प्रतिवादीहरु रेवन्त खड्का र दिनेश बस्नेत समेतले त्रि.वि. भन्सार कार्यालय, कार्गो भवनको गोदाम कोठा नं. १११ मा सुरक्षित राखिएको सुटकेश भित्र रहेको इलेक्ट्रिक सिगरेट (Vapes) फुटाई झिकेको सुनको परिमाण ९ (नौ) किलोग्राम रहेको र प्रतिवादी दिनेश बस्नेत समेतले गोपाल सुवेदी र दिपेश बस्नेत समेतको सहयोग र संलग्नतामा वेद प्रकाश अग्रवाल, साहेब राव मरगले समेतलाई बिक्री गरी रु.६,००,००,०००/- (छ करोड) लिए खाएको देखिन आएको, प्रतिवादी रेवन्त खड्काले कसूरबाट आर्जित रकम मध्ये रु.६५,००,०००/- (पैंसठ्ठी लाख) तेश्रो व्यक्ति मार्फत निजसँग नजिकको नाता सम्बन्ध समेत नभएको प्रेरणा थापा, ललिता थापा, गंगाराम थापा र समर बहादुर थापा समेतको नाममा रहेको बैंक खातामा जम्मा गराएको देखिन आएको, प्रतिवादी दिनेश बस्नेतले सोहि कसूरबाट आर्जित रकम मध्ये रु.८०,००,०००/- (असी लाख) आफ्नो समेत लगानी रहेको साझेदारी व्यवसाय Dexter Tours and Travels pvt. Ltd. को नाममा ग्लोबल आईएमई बैंकमा रहेको खातामा जम्मा गरेको रु. २,९५,००,०००/- (दुई करोड पन्चानब्बे लाख) खर्च गरी निजको ससुरा राम केशव थापाको नाममा भक्तपुर जिल्ला मध्यपुर ठिमी न.पा. वडा नं. १७ मा कि.नं. ९९३ को जग्गा खरिद गरेको खुल्न आएको, प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेब राव मरगले, गोपाल सुवेदी र दिपेश बस्नेत समेतको संलग्नतामा प्रतिवादीहरुले आपराधिक समूह बनाई आफूहरु बीचमा योजना सल्लाह भई जिम्मेवारीहरु बाँडफाड गरी जाहेरवाला कार्यालय मार्फत नेपाल सरकारलाई प्राप्त हुने राजश्व मेटाई नेपाल सरकारलाई घाटा र आफूहरुलाई फाईदा पुग्ने कार्य गरेको मिसिल संलग्न कागजातबाट देखिन आएको, प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेब राव मरगले, गोपाल सुवेदी र दिपेश बस्नेत समेतको मिलिभगत र संलग्नतामा समूह बनाई तहगत रुपमा कामको जिम्मेवारी बाँडफाँड गरेको र उक्त

कार्य गर्नको लागि संगठित भई सुन झिकी, बिक्री गर्ने र प्राप्त रकमको बाँडफाड गर्ने कार्यमा यीनै प्रतिवादीहरु संलग्न भएको खुल्न **आएको** र मिति २०७९/१०/२९ गते मुद्दा शाखामा दाखिला भएको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) दिनेश बस्नेत समेतको मिलेमतो र संलग्नतामा साटफेर गरी उक्त ईलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सो भित्र रहेको सुन झिकी बिक्री गरी कसूरबाट प्राप्त गरेको रकम मध्येको रु. ३५,००,०००/- (पैंतिस लाख) म समेतलाई प्रयोग गरी लुकाई छिपाई राख्ने उद्देश्यले मलाई तत्काल सहयोग गरेको बहाना बनाई म समेतको नाममा रहेको बैंक खातामा मैले नचिनेको विश्वराम खड्का मार्फत जम्मा गरेको थाहा जानकारी हुन आएकोमा निज रेवन्त खड्काले म समेतको नाममा रहेको बैंक खातामा जम्मा गरि दिई मैले आफ्नो ऋण तिर्न प्रयोग गरेको रकम म तिर्छु, बुझाउँछु भनि मैले मिति २०८०/०२/०७ गते अनुसन्धान अधिकृत समक्ष कागज समेत गरि दिएकोमा म समेतको खातामा जम्मा हुन आएको उक्त रकम रु. ३५,००,०००/- (पैंतिस लाख) केन्द्रीय अनुसन्धान ब्यूरोले उपलब्ध गराएको राष्ट्रिय वाणिज्य बैंकमा रहेको धरौटी खाता नं. १९६०१००१०२०३०००० कोलेनिका, सिंहदरबार, कार्यालय कोड ३१४०७३५०१ (कसुरजन्य सम्पति व्यवस्थापन विभाग) खातामा जम्मा गरी सो को सक्कल भौचर पेश भएको देखिन आएको, प्रतिवादी गोपाल सुवेदीको नाममा कुमारी बैंक मा रहेको खाता नं. ०२१००६४२६८००००००१ मा रु ५१९.०७।– रोक्का रहेको देखिन आएको मिसिल संलग्न कल डिटेल रेकर्ड (CDR,) प्रतिवेदनसाथ पेश भएको Link Chartबाट सुन ल्याउने समुहमा रहेका चाईनिज नागरिक 9841362885 Chinese Lui, 9801099998 Daojin Wang, 9813024148 Lokendra Paudel, Khuwa Prasad Neupane 9841266964, Rahul Mahara 9851111888, समेतको सम्पर्क Krishna Bdr Mahara 9851130388 र Mukti Prasad Shrestha 9857035282 सँग रहेको, निजहरुको सम्पर्क सून बेचबिखन गर्ने समुहमा रहेका प्रतिवादीहरु Rewant Khadka (9864851997), Dinesh Basnet 9851082750 र प्रतिवादीहरु रेवन्त खड्का र प्रतिवादी दिनेश बस्नेत, प्रतिबादी निर्मल बि.क. (9863630002) प्रतिवादी दिपेश बस्नेत(9851082750) प्रतिवादी गोपाल सुवेदी(9765826333) सम्पर्क सून खरिद गर्ने प्रतिबादी बेद प्रकाश अग्रवाल(9841228499) सँग रहेको देखिन आएको, सून खरिद गर्ने समुहमा रहेका अन्य समुहका सदस्ययहरुसँग प्रतिवादी Saheb Rao Margale (9808690990), 9813818952 Nandu Kumar,,9847270478 Sachin Pawa,9808107824 Ganesh Badu,918459733375 Nandu Kumar, 919359180019 Sachin Pawar,917499097705 Sachin Pawar 9808265526 Saheb Raoसमेत सँग रहेको देखिन आएकोमा निजहरु फरक फरफ समुहमा रही, आफ्नो आफ्नो अपराधिक जिम्मेवारी वमोजिम सम्पर्क स्थापति गरी नेपाल सरकारको गोदाम (स्टोर) मा रहेको २ वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान ईलेक्ट्रिक सिगरेट (Vapes) बेची संगठित रुपमा अपराधिक बिश्वासघात गरेको स्पष्ट हुन्छ।

त्यसै गरी प्रतिवादीहरु रेवन्त खड्का र दिनेश बस्नेतको मूख्य योजना तथा भूमिकामा रही प्रतिवादीहरु गोपाल सुवेदी, दिपेश बस्नेत, वेद प्रकाश अग्रवाल र साहेवराव पांडुरङ मरगले, नन्दु कुमार पांडुरङ मरगले र सचिन पवार समेतलाई तहगत रुपमा समूहको गठन गरी कामको जिम्मेवारी बाँडफाड गरी अवैध तरिकाले नेपालमा भित्र्याईएको गैह्र कानूनी तवरले अनधिकृत रुपमा अनधिकृत व्यक्तिलाई त्रि.वि.भन्सार कार्यालय, कार्गो भवनको गोदाम कोठा नं. १११ मा प्रवेश गरी गराई उक्त कोठामा सुरक्षित राखिएको त्रि.वि. भन्सार कार्यालयको यात्रु आगमन शाखाबाट जफत गरी मिति २०७९/१०/२९ मा मुद्दा शाखामा दाखिला भएको २

वटा सुटकेश भित्र ७३ बट्टामा रहेको ७३० थान इलेक्ट्रिक सिगरेट (Vapes) फुटाई सो मा रहेको सुन झिकी अवैध तवरबाट बिक्री वितरण गरी रकम रकम बाँडफाँड आर्थिक लाभ प्राप्त गर्न संगठित भई समूहका सदस्य बीच अपराध गर्नका लागि पिरामिड शैलीमा तहगत जिम्मेवारीहरु बाँडफाँड गर्दै त्रि.वि. भन्सार कार्यालय मार्फत नेपाल सरकारलाई प्राप्त हुने राजश्व नोक्सान र आफूलाई फाईदा गरिएको सुनको बिक्रि गरी रकम संकलन गरी आपराधिक लाभका लागी तहगत संरचनाको आधारमा गोप्य ढंगले आ-आफ्नो भूमिका निर्वाह गरी संगठित अपराध समेत गरेको देखिदा **निज प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेब राव पाण्डुरङ मरगले, अमृत कार्की, निर्मल कुमार वि.क., दिपेश बस्नेत, गोपाल सुवेदी र रामकेशव थापाले संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), (२), (३) को खण्ड (क) तथा दफा ५ बमोजिमको संगठित अपराधको कसूर** गरेको पुष्टि हुन आयो।

## अभियुक्तहरुलाई हुनुपर्ने सजायः

अत: उल्लेखित आधार प्रमाणहरुबाट प्रतिवादी रेवन्त खड्का को उल्लेखित कार्य मुलुकी अपराध संहिता, २०७४ को दफा २५२ को उपदफा (१) र (२) बमोजिमको कसूर भएको देखिदा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा २५२ को उपदफा (३)(क) सजाय हुन तथा प्रतिवादीहरु दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेब राव पाण्डुरङ मरगले, निर्मल कुमार वि.क., दिपेश बस्नेत र गोपाल सुवेदीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २५२ को उपदफा (१) र (२) बमोजिमको कसूर भएको देखिदा निज प्रतिवादीहरुलाई सोही संहिताको दफा २५२ को उपदफा (३)(ख) बमोजिम सजाय हुन,

प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेब राव पाण्डुरङ मरगले, निर्मल कुमार वि.क., दिपेश बस्नेत र गोपाल सुवेदीले संगठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (१), (२), (३) को खण्ड (क) तथा दफा ५ बमोजिमको संगठित अपराधको कसूर गरेको पुष्टि हुन हुन आएकोले उक्त कसूरमा निज प्रतिवादीहरुलाई सोही ऐनको दफा ९ को खण्ड (क) र खण्ड (ग) बमोजिम सजाय हुन,

प्रतिवादीहरु रेवन्त खड्का, दिनेश बस्नेत समेतले अपराधिक कार्यबाट प्राप्त भएको रकमबाट **जिल्ला भक्तपुर, मध्यपुर ठिमी न.पा. वडा नं. १७ सिट नं. १०२-११४९१७ कि.नं.९९३ क्षेत्रफल १३० व.मी. को** जग्गा खरिद गरेको देखिन आएकोमा निज जग्गा धनी रामकेशव थापा प्रतिवादी दिनेश बस्नेतको ससुरा रहेको र रामकेशब थापाले अनुसन्धानको क्रममा सो जग्गा सम्वन्धमा आपराधिक कार्यवाट प्राप्त भएको भनी हाल आएर थाहा पाई सो जग्गा सम्वन्धमा कानून बमोजिम हुन भनी सक्कल जग्गा धनी प्रमाण पुर्जा समेत बुझाएको देखिन आएको साथै प्रतिवादी दिपेश बस्नेत र गोपाल सुवेदीले कसूरबाट आर्जित रकमबाट भक्तपुर जिल्ला मध्यपुर ठिमी नगरपालिका स्थित कित्ता नं. २५३ को १९०.७४ व.मि. क्षेत्रफल जग्गा प्रतिवादी अमृत कार्कीको नाममा खरिद गरेको खुल्न आएकोमा प्रतिवादी दिनेश बस्नेत र प्रतिवादी अमृत कार्की Dexter Travel & tours कम्पनीको साझेदार समेत भएको र Dexter Travel & tours कम्पनिको खाताको रकम प्रयोग गरी आफ्नो नाममा खरिद गरिएको जग्गाको सम्बन्धमा नखुलाई पछी अनुसन्धानको क्रममा खुल्न आएपछी बयानको क्रममा निज प्रतिवादीले आफ्नो नाममा खरिद भएको जग्गा कसूरवाट आर्जित रकमबाट खरिद गरिएको रहेछ भनि हाल आएर मात्र थाहा पाएको भनि खुलाएको देखिदा निज प्रतिवादी राम केशव थापा र अमृत कार्कीलाई जग्गा जफत प्रयोजनको लागि मात्र प्रतिवादी कायम गरिएको हुँदा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ (१) बमोजिम उक्त जग्गाहरु जफत हुन र ललिता

थापाको नाममा जम्मा हुन गएको रु.३५,००,०००।– (पैतिस लाख) कसूरजन्य सम्पत्ति व्यवस्था विभाग सिंहदरवारमा दाखिला भएको सो बाहेकको नेपाली रु.७,१९,०००।–(सात लाख उन्नाईस हजार), १८९.१८ ग्राम सुन बरामद भई आएको र अनुसन्धानको क्रममा रोक्का रहेको रू.१,३१,५६,२८७.१७।– (एक करोड एकतिस लाख छपन्न हजार दुई सय सतासी रुपैया सत्र पैसा) समेत कसुरवाट प्राप्त भएकोले रोक्का राखिएकोमा नगद रकम र सुन समेत प्रस्तुत कसूरबाट आर्जन गरेको देखिदा कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११(१) बमोजिम जफत हुन समेतको मागदावी लिई सक्कल मिसिल र पक्राउ प्रतिवादीहरु **रेवन्त खड्का, दिनेश बस्नेत, वेद प्रकाश अग्रवाल, साहेब राव पाण्डुरङ मरगले, अमृत कार्की र निर्मल कुमार वि.क.लाई** यसै अभियोगपत्र साथ पेश गरिएको व्यहोरा अनुरोध छ।

**फरार प्रतिवादीहरु गोपाल सुवेदी, दिपेश बस्नेत र रामकेशव थापाको हकमा** मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ बमोजिम सम्मानित अदालतबाटै पक्राउ पुर्जी जारी गरी पाउन सादर अनुरोध छ।

**सजाय कम वा सजायमा छुटको मागदावी र आधारः x**

**क्षतिपूर्तिको माग दाबीः**

अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ बमोजिम कसूरदारबाट पीडित राहत कोषमा क्षतिपूर्ति शुल्क जम्मा गराई पाउन अनुरोध छ।

## अभियोग दावीसँग सम्बन्धित कानूनी व्यवस्थाः

**मुलुकी अपराध संहिता, २०७४ को दफा २५२. आपराधिक विश्वासघात गर्न नहुने:**

(१) कसैले आपराधिक विश्वासघात गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले देहायको कुनै काम गरेमा निजले आपराधिक विश्वासघात गरे वा गराएको मानिनेछ:

(क) आफ्नो जिम्मा वा संरक्षणमा रहेको अर्काको सम्पत्ति बेइमानीपूर्वक आफ्नो निमित्त प्रयोग गरेमा वा कुनै प्रकारले रुपान्तरण गरेमा वा त्यस्तोसम्पत्तिको उपयोग तत्सम्बन्धी करार वा शर्तनामा वा कानूनविपरीत बेइमानीपूर्वक आफ्नो निमित्त उपयोग गरेमा वा अरु कसैलाई उपयोग गर्न दिएमा वा हक टुटाई अरुलाई दिएमा वा दिलाएमा,

(ख) अर्काको कुनै काम कारोवार गर्ने जिम्मा लिएको वा कानूनी कर्तव्य पालन गर्नु पर्ने जिम्मेवारी भएको व्यक्तिले वा कुनै काम कारोवारका सम्बन्धमा अर्काको प्रतिनिधिको रुपमा काम गर्ने व्यक्तिले आफू वा अरु कसैलाई फाइदा पुऱ्याउनको लागि आफ्नो कर्तव्यको विपरीतकुनै काम गरी त्यस्तो व्यक्तिलाई कुनै हानि, नोक्सानी वा क्षति पुऱ्याएमा।

(३) उपदफा (१) बमोजिमको कसूर गर्ने वा गराउने व्यक्तिलाई देहाय बमोजिमको सजाय हुनेछः–

(क) कुनै संस्थाको व्यवस्थापक, प्रबन्धक, कर्मचारी वा प्रतिनिधिको हैसियतले कुनै व्यक्तिले वा कुनै सम्पत्ति एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याइदिने वा गोदाम वा अन्य कुनै ठाउँमा सुरक्षित साथ राख्ने जिम्मा लिएको वा त्यस्तो गर्ने कानूनी कर्तव्य भएको व्यक्तिले आपराधिक विश्वासघात गरेमा पाँच वर्षसम्म कैद र पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) खण्ड (क) मा लेखिएदेखि बाहेक अरु कसैले आपराधिक विश्वासघात गरेमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय।

**सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ मा सङ्गठित अपराध गर्न नहुनेः**

(१) कसैले सङ्गठित अपराध गर्न वा गराउन हुँदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिनेछ।

(३) यस दफाको प्रयोजनको लागि देहायको कसूर गम्भीर अपराध मानिनेछ

क) प्रचलित कानून बमोजिम तीन वर्षभन्दा बढी कैद सजाय हुने कसूर,

ख) परिच्छेद–३ बमोजिमको कुनै कसूर, र

ग) प्रचलित कानूनबमोजिम भ्रष्टाचार वा सम्पत्ति शुद्धीकरण वा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी मानिने कसूर।

(४) कसैले कुनै आपराधिक समूहलाई सङ्गठित अपराध गर्न वा सङ्गठित अपराध गर्न सघाउ पुर्याउन कुनै काम जानीजानी गरी वा नगरी सो समूहको काम कारबाहीमा सहभागी हुने वा सघाउ पुर्याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा सङ्गठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन हुँदैन" भन्ने कानुनी व्यवस्था रहेको छ।

**दफा ५. आपराधिक समूह स्थापना गर्न नहुने** : कसैले पनि आपराधिक समूह स्थापना गर्न वा सञ्चालन गर्न वा गराउन वा जानी जानी आपराधिक समूहको सदस्य हुन वा कसैलाई सदस्य बनाउन हुदैन।

**ऐ ऐनको दफा ९ मा सजाय:** देहायको कसूर गर्नेलाई देहाय बमोजिम सजाय हुनेछः –

(क) दफा ३ को उपदफा (३) को खण्ड (क) वा (ख) तथा उपदफा (४) बमोजिमको कसूर गर्नेलाई प्रचलित कानून बमोजिम हुने सजायको अतिरिक्त थप पचास प्रतिशत सजाय, तर जन्मकैद वा सो भन्दा बढी सजाय हुने कसूरदारलाई थप सजाय हुने छैन।

(ग) दफा ५ बमोजिमको कसूर गर्नेलाई पाँच वर्षसम्म कैद र पचास हजार रुपैयासम्म जरिवाना,

**ऐ ऐनको दफा १० मा क्षतिपूर्ति भराउनु पर्नेः (१)** यस ऐन बमोजिमको कुनै कसूर गरी सरकारी, सार्वजनिक वा निजी सम्पत्तिको क्षति भएको रहेछ भने सो कसूर गर्ने वा गराउने व्यक्तिबाट क्षतिपूर्ति भराउनु पर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि मुद्दाको किनारा गर्दा अदालतले उपदफा (१) बमोजिम भराउनु पर्ने क्षतिपूर्तिको रकम समेत निर्धारण गर्नु पर्नेछ ....." भन्ने समेत कानुनी व्यवस्था रहेको छ ।

**दफा १५. सम्पत्ति रोक्का राख्न सकिने** : (१) संगठित अपराध गरेको आरोप लागेको व्यक्तिले त्यस्तो अपराधबाट प्राप्त गरेको सम्पत्ति कसैलाई हस्तान्तरण गर्न वा बिक्री वितरण गर्न वा कुनै उपायले लुकाउन वा परिवर्तन गर्न सक्छ भनी विश्वास गर्नु पर्ने मनासिब कारण भएमा अनुसन्धान अधिकारीले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउनको लागि सम्बन्धित निकाय वा संस्थालाई आदेश दिनको लागि अदालत समक्ष निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा अदालतले त्यस्तो सम्पत्ति कसैलाई हस्तान्तरण गर्न, धितो वा बन्धक दिन वा बिक्री वितरण गर्नबाट रोक लगाउने गरी सम्बन्धित निकाय वा संस्थालाई आदेश दिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको आदेश प्राप्त भएपछि त्यस्तो निकाय वा संस्थाले त्यस्तो सम्पत्ति तुरुन्त रोक्का राखी सोको जनाउ अदालत र अनुसन्धान अधिकारीलाई दिनु पर्नेछ।

**दफा १६. कारोबारको विवरण माग्न वा कारोबार वा खाता रोक्का राख्न सकिने :** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संगठित अपराधको अनुसन्धानबाट सो अपराधको आरोप लागेको व्यक्ति वा निजको परिवारको कुनै सदस्य वा सो अपराधमा संलग्न भएको छ भनी विश्वास गर्नु पर्ने मनासिव कारण भएको कुनै व्यक्तिको कुनै बैङ्ढ वा वित्तीय संस्थामा कुनै कारोबार भएको वा खाता रहेको देखिएमा अनुसन्धान अधिकारीले त्यस्तो कारोबार वा खाताको विवरण माग गर्न वा त्यस्तो कारोबार वा अदालतको अनुमति लिई खाता रोक्का राख्न आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश भएमा सम्बन्धित बैङ्ढ वा बित्तीय संस्थाले सो आदेश बमोजिमको विवरण उपलब्ध गराउन र कारोबार वा खाता रोक्का राख्नु पर्नेछ।

**दफा ५१. जफत हुनेः (१)** संगठित अपराध गर्न प्रयोग भएको जुनसुकै उपकरण, वस्तु वा साधन जोसुकै व्यक्तिसंग रहेको भए पनि जफत हुनेछ।

(२) संगठित अपराध गरी प्राप्त गरेको सम्पत्ति कानूनी रुपमा प्राप्त गरेको सम्पत्तिमा मिसाइएको रहेछ भने त्यस्तो मिश्रित सम्पत्तिबाट सो सम्पत्ति छुट्टयाउन सकिने रहेछ भने छुट्टयाई जफत गरिनेछ र छुट्टयाउन नसकिने रहेछ भने त्यस्तो सम्पत्तिलाई रकममा रुपान्तरण गरी जफत गरिनेछ।

**कसूरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ मा -** "सम्पत्ति वा साधन जफत हुनेः **(१)** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धित साधन कसूरदार वा अन्य जुनसुकै व्यक्तिसँग रहे भएको भए तापनि जफत हुनेछ।

**अन्य कुरा खुलाउनु पर्ने भए सो कुराहरुः**

- प्रस्तुत मुद्दामा प्रतिवादीहरुको बयान पोलमा परी खुलाई दिएका **नन्द कुमार पांडुरङ मरगले, विश्वराम खड्का, बन्धन खम्बु किरात र सचिन पवार समेत** व्यक्तिहरुको हकमा अनुसन्धान कार्य जारी रहेको हुँदा अनुसन्धानका क्रममा स्वतन्त्र प्रमाणबाट संगठित समूहको सदस्य भई कसूर गरेको खुल्न आएका बखत वा पक्राउ परी आएका वखत र हालसम्म एकिन नाम थर वतन नखुलेको ब्यक्तिहरुको हकमा एकिन नाम, थर, वतन खुली आएका बखत संगठित अपराध निवारण ऐन, २०७० को दफा २२ एवं मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ बमोजिम थप दावी लिई अभियोग-पत्र पेश गरिने ब्यहोरा सादर अनुरोध छ।
- विभिन्न कार्यालयहरुसँग माग गरिएको प्राप्त हुन बाँकी विवरण प्राप्त हुना साथ पठाईने ब्यहोरा समेत अनुरोध छ।
- प्रतिवादीहरुको सम्पत्ति तथा बैंक खाताहरु समेत रोक्का राख्न सादर अनुरोध छ।

| सि.नं. | खातावालाको नाम | बैकं | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | DEXTER | ग्लोवल आईएमई बैंक लि. खाता नं. | ८,००२,८२७.५२।- | |

| | | | | |
|---|---|---|---|---|
| | TRAVELS AND TOURS PVT.LTD | ०९१०१०१०००००६७ | | |
| २ | दिनेश बस्नेत | राष्ट्रिय वाणिज्य बैक खाता नं. १४२०१०००४०५२१०१० | रु १,२,४५.७१।- | |
| ३ | दिनेश बस्नेत | कुमारी बैक लि. खाता नं. ०६५००४२१८४००००० १ मा | २,१७,२२४.२०। | |
| ४ | दिनेश बस्नेत | सानिमा बैंक लि. खाता नं. ०७८०११०५००००२४ | १,४९,८५१.२९।– | |
| ५ | दिनेश बस्नेत | नबिल बैंकको खाता नं. ४९१००१७५०४३८३ | रु १६,७,८६.३४ | |
| ६ | वेद प्रकाश अग्रवाल | महालक्ष्मी विकास बैंक खाता नं. ०३३००६००१९१००२००००० १ | रु १,८,४४.४६।– | |
| ७ | प्रेरणा थापा | ग्लोवल आईएमई बैंक लि. खाता नं. ०१७१५०१०००४४५९ | १५,००,०००।– | |
| ८ | प्रेरणा थापाको | कृषि विकास बैंक लि. खाता नं. ०७२१३०१४०८७४४०१७ र MM2307900012 | १५,००,०००।– | |
| ९ | दिपिका थापा | कुमारी बैंक लि. ०६५००४६०२६६००००१ | रु १,२९,६२२.७१।– | |
| १० | गोपाल सुवेदी | राष्ट्रिय वाणिज्य बैंकको खाता नं. १४२०१०००२५३२८०१० | रु १६,३६,८८४.९४।– | |
| | **जम्मा रकम** | | **रु १,३१,५६,२८७.१७।-** | |

**<u>सबुद प्रमाण :</u>**

**<u>दशी प्रमाण तथा कसुरसंग सम्बन्धि चिज वस्तु:</u>**

❖ त्रिभुवन विमानस्थल भन्सार कार्यालयको कार्गो भवनको १११ नं. कोठाबाट बरामद गरिएको दशिहरु:-

<u>Cosmo लेखिएको गाढा आकाशे निलो रङको सुटकेश थान-१</u>

१) उक्त सुटकेश भित्र रहेको SPACE MAX SUB-OHM FRESH MINT 10mlx 10/BOX लेखिएको हरियो रङको बट्टा थान-१५, प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट(Vapes) रहेको।

२) उक्त सुटकेश भित्र रहेको SPACE MAX SUB-OHM TIGER BLOOD 10mlx 10/BOX लेखिएको रातो बट्टा थान-१०, प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट(Vapes) रहेको।

३) उक्त सुटकेश भित्र रहेको SPACE MAX SUB-OHM BANANA PUDDING 10mlx 10/BOX लेखिएको पहेलो रङको बट्टा थान-१०, प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट(Vapes) रहेको।

<u>Cosmo लेखिएको कालो रङको सुटकेश थान-१</u>

१) उक्त सुटकेश भित्र रहेको SPACE MAX SUB-OHM FRESH MINT 10mlx 10/BOX लेखिएको हरियो रङको बट्टा थान-१५, प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट(Vapes) रहेको ।

**२)** उक्त सुटकेश भित्र रहेको SPACE MAX SUB-OHM TIGER BLOOD 10mlx 10/BOX लेखिएको रातो बट्टा थान-५, प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट(Vapes) रहेको ।

**३)** उक्त सुटकेश भित्र रहेको SPACE MAX SUB-OHM BANANA PUDDING 10mlx 10/BOX लेखिएको पहेलो रङको बट्टा थान-१८, प्रत्येक बट्टामा १० थान ईलेक्ट्रिक सिगरेट(Vapes) रहेको ।

❖ **<u>प्रतिवादी साहेवराव पांडुरङ मरगलेको पशुपति सुनचादी पसलबाट बरामद भएका दशिहरु :-</u>**

१) नेपाली रु १०० दरको ७१६ थान जम्मा रु ७,१६,०००।–(सात लाख सोह्र हजार) ।

२) नेपाली रु ५०० दरको थान-६ जम्मा रु ३०००।– (तीन हजार) ।

३) सुन १७७.५५ ग्राम ।

४) Certificate Of Registration As Indian National लेखिएको भारतिय राजदुतावास काठमाडौं नेपाल भएको नन्द कुमार पांडुरङ नामको पत्र थान-१ ।

५) APPLE कम्पनिको IMEI No 354372150964893 र IMEI No 354372150863731 भएको गोल्डेन रङको Iphone-12 Phone थान-१ ।

❖ प्रतिवादी निर्मल कुमार वि.क. को साथबाट फेला परेको दशी:-

१) तत्काल ओजन गर्दा ११.५२४ ग्राम तौल भएको सुन जस्तो देखिने पहेलो धातुको सिक्री थान-१ ।

२) IMEI No: ८६१५०४०५८०६७८३५/१८, ८६१५०४०५८०६७८२७ भएको 9765650015 र 9761804673 नम्बरको सिमकार्ड प्रयोग भएको Redmi कम्पनिको मोबाईल थान-१ ।

❖ प्रतिवादी रामकेशव थापाको नाममा खरिद गरिएको भक्तपुर जिल्ला मध्यपुर थिमी न १७ .वडा नं .पा. दिव्येश्वरी प्लानिङ भित्रको जग्गाको सक्कलै जग्गा धनी प्रमाण पुर्जा ।

❖ त्रि.वि. भन्सार कार्यालयको कार्गो भवनको कोठा नं. १११ को CCTV फुटेज भएको पेनड्राईभ थान-१।

❖ प्रतिवादी दिनेश बस्नेतले ललिता थापाको खातामा जम्मा गरि दिएको रकम रु ३५,००,०००।–(पैतिस लाख) यस ब्यूरोको च.नं. ६६०५, मिति २०७९/११/१२ गतेको पत्र मार्फत कसूरजन्य सम्पत्ती ब्यवस्थापन विभागमा बुझाईएको भर्पाई ।

❖ नगद रकम रु ७,१९,०००।– र सुन १८९.१८ ग्राम सुन कसूरजन्य सम्पत्ती ब्यवस्थापन विभागमा बुझाईएको भर्पाई ।

**गवाह** : **जाहेरवाला:** त्रिभुवन विमानस्थल भन्सार कार्यालय, गौचर काठमाडौंका प्रमुख भन्सार प्रशासक अरुण पोखरेल समेत तथा प्रहरी प्रतिवेदकहरु ।

**देख्ने/सुन्ने**: **बुझिएका मानिसहरु:** प्रेरणा थापा, ललिता थापा, रोजन राउत, टिकाराज माझि, अशोक सिंह खड्का, उमेश प्रसाद कोईराला, भुवनराज घिमिरे, सुवर्णा प्रभा के.सी., सुवेन्द्र श्रेष्ठ, मधुसुदन पोखरेल, मुक्ति प्रसाद श्रेष्ठ, खुवा

प्रसाद न्यौपाने, बब्लु कुमार गुप्ता, बीर बहादुर भण्डारी, रमेश काजी भण्डारी, सुजाता अधिकारी, सक्तिदा राणा सिंह, राम कृष्ण बाडे समेत।

**<u>प्रस्तुत कागजातहरु:-</u>**

१. मिति २०८०। ०१।२६ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचर, काठमाडौंको पत्र पाना १(एक)।
२. मिति २०८०।१२।३० गतेको रेवन्त खड्काले गरेको घटना कागज पाना- २( दुई)।
३. मिति २०८०।१२।३० गतेको दिनेश वस्नेतले गरेको घटना बिबरण कागज समेत पाना-२( दुई )।
४. मिति २०८०।०१।३० गतेको प्रहरी प्रतिवेदन पाना -२ (दुई)।
५. मिति २०८०।०१।३० गतेको पक्राउ प्रतिवेदन पाना -१(दुई)।
६. मिति २०८०।०१।३० गतेको रेवन्त खड्का नामको जरुरी पक्राउ पुर्जी पाना- १(एक)।
७. मिति २०८०।०१।३० गतेको दिनेश वस्नेत नामको जरूरी पक्राउ पुर्जी पाना -१(एक)।
८. मिति २०८०।०१। ३०गतेको स्वास्थ्य परिक्षणको लागी लेखेको पत्र र प्रतिवेदन पाना -४ ( चार )
९. मिति २०८०।०१।३०गतेको रेवन्त खड्काको नामको थुनुवा पुर्जी पाना -१(एक)।
१०. मिति २०८०।०१।३०गतेको दिनेश वस्नेतको नामको थुनुवा पुर्जी पाना- १(एक)।
११. मिति २०८०।०१।३१गतेको अनुसन्धान अधिकृत तोकिएको पत्र पाना- १(एक)।
१२. मिति २०८०। ०१।३१गतेको प्रारंभिक प्रतिवेदन पठाएको पत्र पाना -१(एक)।
१३. मिति २०८०/०१/३१ गतेको म्याद थप पत्रसाथ प्रस्तुत कागजातहरु।
१४. मिति २०८०/०१/३१ गतेको खानतलासी पुर्जी पाना १।
१५. मिति २०८०/०१/३१ गतेको खानतलासी बरामदी मुचुल्का पाना ५।
१६. मिति २०८०/०१/३१ गतेको खानतलासी पुर्जी पाना १।
१७. मिति २०८०/०१/३१ गतेको खानतलासी बरामदी मुचुल्का पाना ३।
१८. मिति २०८०/०१/३१ गतेको जरुरी पक्राउ पुर्जी पाना २।
१९. मिति २०८०।०१। ३१गतेको स्वास्थ्य परिक्षणको लागी लेखेको पत्र र प्रतिवेदन पाना -३ ( तीन )।
२०. मिति २०८०।०१।३१ गतेको पक्राउ दाखिला प्रतिवेदन पाना -१ (एक)।
२१. मिति २०८०/०१/३१ गतेको थुनुवा पुर्जी पाना २ ( दुई )
२२. मिति २०८०/०२/०१ गतेको मोबाईल दाखिला प्रतिवेदन पाना १ ( एक )
२३. मिति २०८०/०२/०१ गतेको जरूरी पक्राउ पुर्जी समर्थनको लागि लेखिएको पत्र।
२४. मिति २०८०।०२।०१ गतेको मिलान म्याद थप पत्रमा उल्लेखित कागजातहरु।
२५. मिति २०८०।०२।०१ गतेको मोबाईल परिक्षणको लागि लेखेको पत्र।
२६. मिति २०८०।०२।०१ गतेको स्क्रिनिङ फुटेज पठाई दिन त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई लेखेको पत्र।
२७. मिति २०८०।०२।०१ गतेको आन्तरिक छानविन प्रतिवेदन पठाई दिन त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई लेखेको पत्र।

२८. मिति २०८०।०२।०१ गतेको खानतलासी पुर्जी ।

२९. मिति २०८०।०२।०१ गतेको खानतलासी बरामदी मुचुल्का पाना-३ ।

३०. मिति २०८०।०२।०१ गतेको सिसिटिभी फुटेज पठाई दिन त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई लेखेको पत्र ।

३१. मिति २०८०।०२।०२ गतेको खानतलासी पुर्जी ।

३२. मिति २०८०।०२।०२ गतेको खानतलासी बरामदी मुचुल्का पाना-३ ।

३३. मिति २०८०।०२।०२ गतेको काठमाडौं सुनचाँदी व्यवसायी संघलाई खेको पत्र ।

३४. मिति २०८०।०२।०२ गतेको काठमाडौं सुनचाँदी व्यवसायी संघको पत्र ।

३५. मिति २०८०।०२।०२ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको पत्र ।

३६. मिति २०८०।०२।०२ गतेको प्रेरणा थापाले गरिदिएको घटना विवरण कागज पाना-२ र संलग्न फोटोकपी कागजात पाना-२ ।

३७. मिति २०८०।०२।०३ गतेको खानतलासी पुर्जी ।

३८. मिति २०८०।०२।०३ गतेको खानतलासी बरामदी मुचुल्का पाना-३ ।

३९. मिति २०८०।०२।०३ गतेको विवरण खुलाई पठाई दिन त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई लेखेको पत्र ।

४०. मिति २०८०।०२।०३ गतेको ग्लोवल आईएमई बैंकलाई खाता रोक्काको लागि लेखिएको पत्र ।

४१. मिति २०८०।०२।०३ गतेको कृषि विकास बैंकलाई खाता रोक्काको लागि लेखिएको पत्र ।

४२. मिति २०८०।०२।०३ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई जानकारी गराईएको पत्र ।

४३. मिति २०८०।०२।०४ गतेको मोबाईल परिक्षण प्रतिवेदन पाना-२ र DVD थान-१ ।

४४. मिति २०८०।०२।०४ गतेको प्रतिवादी रेवन्त खड्काको बयान कागज पाना- ९ ।

४५. मिति २०८०।०२।०४ गतेको म्याद थप पत्रमा उल्लेखित कागजातहरु ।

४६. मिति २०८०।०२।०४ गतेको त्रि.वि. भन्सार कार्यालयको पत्र र संलग्न प्रतिलिपी कागजात पाना ६ ।

४७. मिति २०८०।०२।०४ गतेको च.नं. १५७२ को त्रि.वि. भन्सार कार्यालयको पत्र ।

४८. मिति २०८०।०२।०४गतेको त्रि.वि.भन्सार कार्यालयको च.नं. १५७३को पत्र र संलग्न कागजात पाना ७ ।

४९. मिति २०८०।०२।०५ गतेको जानकारी गराई दिने सम्बन्धमा प्रहरी प्रधान कार्यालय, वैदेशिक महाशाखालाई लेखेको पत्र ।

५०. मिति २०८०।०२।०५गतेको त्रि.वि.भन्सार कार्यालयको च.नं. १५७४को पत्र र संलग्न कागजात पाना ३ ।

५१. मिति २०८०।०२।०६ गतेको प्रेरणा थापालाई जानकारी गराएको पत्र ।

५२. मिति २०८०/०२/०७ गतेको ललिता थापाको कागज पाना २ ।

५३. मिति २०८०/०२/०५ गतेको विश्वभाषा क्याम्पसलाई लेखिएको पत्र ।

५४. मिति २०८०।०२।०७ गतेको खानतलासी पुर्जी ।

५५. मिति २०८०।०२।०७ गतेको खानतलासी बरामदी मुचुल्का पाना-३ ।

५६. मिति २०८०।०२।०८ गतेको  पाना २ को रामकेशव थापाको कागज र संलग्न सक्कल जग्गा धनी दर्ता प्रमाण पुर्जा समेतका कागजात पाना ६ ।

५७. मिति २०८०।०२।०८ गतेको  ग्लोबल आईएमई बैंक लि. लाई लेखिएको पत्र।

५८. मिति २०८०।०२।०८ गतेको  नेपाल धितोपत्र बोर्डलाई लेखिएको पत्र।

५९. मिति २०८०।०२।०८ गतेको  भूमि व्यवस्थापन तथा अभिलेख बिभागलाई लेखेको पत्र।

६०. मिति २०८०।०२।०८ गतेको  नेपाल राष्ट्र बैंकलाई लेखेको पत्र।

६१. मिति २०८०।०२।०८ गतेको  नेपाल टेलिकम समेतलाई लेखेको पत्र।

६२. मिति २०८०।०२।०८ गतेको  पाना २ को अमृत कार्कीको कागज र संलग्न ना.प्र.प. फोटोकपी पाना १ ।

६३. मिति २०८०।०२।०८ गतेको  पाना २ को रोजन राउतको कागज र संलग्न ना.प्र.प. फोटोकपी पाना १।

६४. मिति २०८०।०२।०९ गतेको  भूमिसुधार तथा मालपोत कार्यालय भक्तपुरलाई लेखेको पत्र।

६५. मिति २०८०।०२।०९ गतेको  प्रतिवादी दिनेश बस्नेतको बयान पाना ९ ।

६६. मिति २०८०।०२।०९ गतेको  पक्राउ अनुमति।

६७. मिति २०८०।०२।०९ गतेको  कम्पनी रजिष्ट्रारको कार्यालयलाई लेखेको पत्र।

६८. मिति २०८०।०२।०९ गतेको  CRS अभिलेखको लागि लेखिएको पत्र।

६९. मिति २०८०।०२।०९ गतेको  नेपाल टेलिकम समेतलाई लेखिएको पत्र।

७०. मिति २०८०।०२।०९ गतेको  विश्वभाषा क्याम्पसको पत्र।

७१. मिति २०८०/०२/१२ गतेको तेस्रो पटक म्याद थप पत्रसाथ संलग्न कागजातहरु ।

७२. मिति २०८०/०२/१४ गतेको जिल्ला प्रहरी परिसर काठमाडौं र जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकलाई खोजतलासको लागि लेखेको पत्र।

७३. मिति २०८०/०२/०९ गतेको विश्वभाषा क्याम्पसको पत्र।

७४. मिति २०८०/०२/१४ गतेको प्रतिवादी साहेवराव मरगलेको बयान कागज पाना-६ र संलग्न कागजात पाना-१ ।

७५. मिति २०८०/०२/१४ गतेको टिकाराज माझीले गरिदिएको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-१ ।

७६. मिति २०८०/०२/१४ गतेको अशोक सिंह खड्काको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-१ ।

७७. मिति २०८०/०२/१६ गतेको प्रतिवादी वेद प्रकाश अग्रवालको बयान कागज पाना ६ ।

७८. मिति २०८०/०२/१६ गतेको प्र.नि. सुशिल घिमिरेको प्रतिवेदन पाना ५ ।

७९. मिति २०८०/०२/१६ गतेको चौथो पटक म्याद थप पत्रसाथ संलग्न कागजातहरू ।

८०. मिति २०८०/०२/१६ गतेको जि.स.व.का.को म्याद थपको लागि लेखेको पत्र र का.जि.अ. को म्यादथप अनुमती पत्र ।

८१. मिति २०८०/०२/१७ गतेको राहदानी विभाग त्रिपुरेश्वरलाई लेखेको पत्र।

८२. मिति २०८०/०२/१७ गतेको ग्लोवल आईएमई बैंक लि. को पत्र र संलग्न कागजात पाना-२७।

८३. मिति २०८०/०२/१८ गतेको कुमारी बैंक लि. को पत्र र संलग्न कागजात पाना-२६ ।

८४. मिति २०८०/०२/१७ गतेको गरिमा विकास बैंक लि. को पत्र संलग्न कागजात पाना३३ ।

८५. मिति २०८०/०२/१८ गतेको कृषि विकास बैंक लि. लाई लेखेको पत्र।

८६. मिति २०८०/०२/१८ गतेको ग्लोवल आईएमई बैंक लि. लाई लेखेको पत्र।

८७. मिति २०८०/०२/१८ गतेको सनराईज बैंक लि. लाई लेखेको पत्र।

८८. मिति २०८०/०२/१८ गतेको ग्लोवल आईएमई बैंक लि. लाई लेखेको पत्र।

८९. मिति २०८०/०२/१६ गतेको सानिमा बैंक लि. को पत्र संलग्न कागजात पाना-३२ ।

९०. मिति २०८०/०२/१९ गतेको उमेश प्रसाद कोईरालाले गरि दिएको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-१ ।

९१. मिति २०८०/०२/१९ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई लेखेको पत्र।

९२. मिति २०८०/०२/१९ गतेको त्रि. वि. भन्सार कार्यालयमा ना. सु. पदमा कार्यरत उमेश भुवनराज घिमिरेले गरि दिएको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-१ ।

९३. मिति २०८०/०२/१९ गतेको कम्पनि रजिष्ट्रारको कार्यालयलाई लेखेको पत्र।

९४. मिति २०८०/०२/१९ गतेको त्रि. वि. भन्सार कार्यालयमा ना. सु. पदमा कार्यरत सुवर्णा प्रभा के.सी.ले गरि दिएको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-१ ।

९५. मिति २०८०/०२/१९ गतेको त्रि. वि. भन्सार कार्यालयमा भन्सार अधिकृत पदमा कार्यरत सुवेन्द्र श्रेष्ठले गरि दिएको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-१ ।

९६. मिति २०८०/०२/१९ गतेको नेपाल धितोपत्र बोर्डको पत्र।

९७. मिति २०८०/०२/२१ गतेको कसूर जन्य सम्पत्ति व्यवस्थापन विभागलाई लेखेको पत्र।

९८. मिति २०८०/०२/२१ गतेको कसूर जन्य सम्पत्ति व्यवस्थापन विभागको पत्र।

९९. भुमि व्यवस्थापन तथा अभिलेख विभागको विवरण कागज पाना-४।

१००. मिति २०८०/०२/१७ गतेको महालक्ष्मी विकास बैंक लि. को पत्र र संलग्न कागजात पाना-७।

१०१. मिति २०८०/०२/१८ गतेको कुमारी क्यापिटल लि. को पत्र र संगल्न कागजात पाना-४।

१०२. प्रतिवादीको औंलाछाप पाना-३ ।

१०३. मिति २०८०/०२/२२ गतेको पाचौ पटक म्याद थप पत्रसाथ संलग्न कागजातहरू ।

१०४. मिति २०८०/०२/२२ गतेको जि.स.व.का.को म्याद थपको लागि लेखेको पत्र र का.जि.अ. को म्यादथप अनुमती पत्र ।

१०५. मिति २०८०/०२/२२ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई लेखेको पत्र।

१०६. मिति २०८०/०२/२२ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र र संलग्न कागजात पाना-५७।

१०७. मिति २०८०/०२/२२ गतेको कम्पनी रजिष्ट्रारको कार्यालयको पत्र र संलग्न कागजात पाना-१ ।

१०८. मिति २०८०/०२/२२ गतेको भुमी सुधार मालपोत कार्यालय भक्तपुरको पत्र र संलग्न कागजात पाना-१ ।

१०९. मिति २०८०/०२/२२ गतेको त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयलाई लेखेको पत्र।

११०. मिति २०८०/०२/२२ गतेको त्रिभुवन विमानस्थल अध्यागमन कार्यालयको पत्र र संलग्न कागजात पाना-२।

१११. मिति २०८०/०२/१२ गतेको ग्लोवल आईएमई बैंक लि. को पत्र र संलग्न कागजात पाना-१।

११२. मिति २०८०/०२/१७ गतेको ग्लोवल आईएमई बैंक लि. को पत्र र संलग्न कागजात पाना-१४।

११३. मिति २०८०/०२/२३ गतेको वाणिज्य विभाग बबरमहललाई लेखेको पत्र।

११४. मिति २०८०/०२/२३ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको पत्र।

११५. मिति २०८०/०२/२२ गतेको नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. को पत्र र संलग्न कागजात पाना-१५।

११६. मिति २०८०/०२/२४ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको पत्र र संलग्न कागजात पाना-१।

११७. मिति २०८०/०२/२३ गतेको राष्ट्रिय वाणिज्य बैंक लि. को पत्र र संलग्न कागजात पाना-१२।

११८. मिति २०८०/०२/२३ गतेको गृह मन्त्रालय गुनासो व्यवस्थापन शाखाको पत्र र संलग्न कागजात पाना-१।

११९. मिति २०८०/०२/०८ गतेको ग्लोवल आईएमई बैंक लि. को पत्र।

१२०. मिति २०८०/०२/२२ गतेको ग्लोवल आईएमई बैंक लि. को पत्र र संलग्न कागजात पाना-५।

१२१. मिति २०८०/०२/२४ गतेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको पत्र र संलग्न कागजात पाना-५।

१२२. मिति २०८०/०२/०७ गतेको कृषि विकास बैंक लि. को पत्र र संलग्न कागजात पाना-४५।

१२३. मिति २०८०/०२/२५ गतेको प्रभु क्यापिटल लि. को पत्र र संलग्न गजात पान-१।

१२४. मिति २०८०/०२/२६ गतेको मधुसुदन पोखरेलले गरिदिएको घटना विवरण कागज पाना-३ र संलग्न कागजात पाना-१।

१२५. मिति २०८०/०२/२६ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई लेखेको पत्र।

१२६. मिति २०८०/०२/२६ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयलाई लेखेको पत्र।

१२७. मिति २०८०/०२/२८ गतेको नेपाल राष्ट्र बैंकलाई लेखेको पत्र र संलग्न कागजात पाना-१।

१२८. प्रतिवादी वेद प्रकाश अग्रवालको औंलाछाप।

१२९. मिति २०८०/०२/२८ गतेको भुमी व्यवस्थापन तथा अभिलेख विभागलाई लेखेको पत्र।

१३०. मिति २०८०/०२/२८ गतेको ग्लोवल आईएमई बैंक लि. को पत्र र संलग्न कागजात पाना-२१।

१३१. मिति २०८०/०२/१९ गतेको सिद्धार्थ बैंक लि. को पत्र र संलग्न कागजात पाना-१।

१३२. मिति २०८०/०२/२१ गतेको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको पत्र र संलग्न कागजात पाना-१।

१३३. मिति २०८०/०२/२९ गतेको छैठौँ पटक म्याद थप पत्रसाथ संलग्न कागजातहरू।

१३४. मिति २०८०/०२/२९ गतेको जि.स.व.का. को म्याद थपको लागि लेखेको पत्र र का.जि.अ. को म्याद थप आदेश पाना-१।

१३५. मिति २०८०/०२/२९ गतेको मुक्ति प्रसाद श्रेष्ठको घटना विवरण कागज पाना-३ र कर्मचारी परिचय पत्रको प्रतिलिपी।

१३६. मिति २०८०/०२/२९ गतेको खुवा प्रसाद न्यौपानेको घटना विवरण कागज पाना-२ ।
१३७. मिति २०८०/०२/३० गतेको पुन: अनुसन्धान अधिकृत तोकिएको पत्र पाना-१ ।
१३८. मिति २०८०/०२/२८ गतेको प्राइम कमर्सियल बैंक लि.को पत्र पाना-१ ।
१३९. मिति २०८०/०२/३० गतेको नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तिय संस्था नियमन विभागलाई लेखेको पत्र पाना-१ ।
१४०. मिति २०८०/०२/३१ गतेको ग्लोबल आईएमई बैंक लि. लाई लेखेको पत्र पाना-१ ।
१४१. मिति २०८०/०२/३१ गतेको लक्ष्मी बैंक लि.लाई लेखेको पत्र पाना-१ ।
१४२. 01 June 2023 को नविल बैंकको पत्र र संलग्न कागजातहरु पाना-२४ ।
१४३. मिति २०८०/०२/३१ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको पत्र पाना-१ ।
१४४. मिति २०८०/०२/२४ गतेको एभरेष्ट बैंक लि.को पत्र पाना-१ ।
१४५. 6 June, 2023 को सिद्धार्थ बैंक लि.को पत्र पाना-१ ।
१४६. मिति २०८०/०२/३१ गतेको नेपाल स्टक एक्सचेन्ज लि.को पत्र र संलग्न कागजातहरु पाना-२४ ।
१४७. मिति २०८०/०३/०३ गतेको ललिता थापाको निवेदन पाना-१ र संलग्न सक्कल भौचर थान १ ।
१४८. मिति २०८०/०२/२३ गतेको सनराइज बैंक लि.को पत्र र संलग्न कागजातहरु पाना-५ ।
१४९. मिति २०८०/०२/१९ गतेको मालपोत कार्यालय कलंकीको पत्र र संलग्न कागजातहरु पाना-२ ।
१५०. मिति २०८०/०३/०३ गतेको कुमारी बैंक लि.को पत्र र संलग्न कागजातहरु पाना-१० ।
१५१. मिति २०८०/०३/०५ गतेको सातौ पटक म्याद थपको लागि लेखेको पत्र पाना-२ र म्याद थप अनुमती ।
१५२. मिति २०८०/०३/०६ गतेको मध्यपुर ठिमी न.पा. २ नं. वडा कार्यालयलाई लेखिएको पत्र ।
१५३. मिति २०८०/०३/०६ गतेको युनिभर्सल टुर्स एण्ड ट्राभल्स प्रा.लि. लाई लेखेको पत्र ।
१५४. मिति २०८०/०३/०८ गतेको मध्यपुर ठिमी न.पा. २ नं. वडा कार्यालयको पत्र ।
१५५. प्रभु बैंक लि. को स्टेटमेन्ट पाना-२३ ।
१५६. माछापुच्छ्रे बैंक लि. को स्टेटमेन्ट पाना-२४ ।
१५७. मिति २०८०/०३/१० गतेको बब्लु कुमार गुप्ताले गरि दिएको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-१ ।
१५८. मिति २०८०/०३/०८ गतेको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लि. क पत्र ।
१५९. मिति २०८०/०३/०७ गतेको नेपाल ईन्भेष्टमेन्ट मेगा बैंक लि. क पत्र ।
१६०. मिति २०८०/०३/१० गतेको ग्लोवल आईएमई क्यापिटल लि. को पत्र संलग्न कागजात पाना-१ ।
१६१. मिति २०८०/०३/०८ गतेको राष्ट्रिय वाणिज्य बैंक लि. को पत्र र संलग्न कागजात पाना-१८ ।
१६२. मिति २०८०/०३/१० गतेको जरुरी पक्राउ पुर्जी ।
१६३. मिति २०८०/०३/१० गतेको स्वास्थ्य परिक्षणको लागि लेखेको पत्र र परिक्षण प्रतिवेदन ।
१६४. मिति २०८०/०३/१० गतेको मानिस दाखिला प्रतिवेदन ।
१६५. मिति २०८०/०३/१० गतेको थुनुवा पुर्जी ।

१६६. मिति २०८०/०३/११ गतेको विर बहादुर भण्डारीले गरि दिएको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-४।

१६७. मिति २०८०/०३/११ गतेको जरुरी स्वीकृती।

१६८. मिति २०८०/०३/११ गतेको मिलान म्याद थपको लागी लेखेको पत्र र सो पत्रसाथ संलग्न कागजातहरू।

१६९. मिति २०८०/०३/११ गतेको जि.स.व.का.को मिलान म्याद थपको लागि लेखेको पत्र र सम्मानित अदालतको म्यादथप अनुमती।

१७०. मिति २०८०/०३/०१ गतेको सनराईज बैंक लि. को पत्र।

१७१. मिति २०८०/०३/०१ गतेको हिमालयन बैंक लि. को पत्र र संलग्न कागजात पाना-१३।

१७२. मिति २०८०/०३/११ गतेको रमेश काजी भण्डारीले गरि दिएको घटना विवरण कागज पाना-२ संलग्न कागजात पाना-१।

१७३. मिति २०८०/०२/३२ गतेको ग्लोवल आईएमई बैक लि. को पत्र र संलग्न कागजात पाना-२२।

१७४. मिति २०८०/०३/१३ गतेको खटाई पठाईएको पत्र।

१७५. मिति २०८०/०३/१५ गतेको बयान कार्यको लागी उपस्थित गराईएको पत्र।

१७६. मिति २०८०/०३/१५ गतेको प्रतिवादी अमृत कार्कीको बयान कागज पाना-६ ।

१७७. मिति २०८०/०३/१५ गतेको जि.स.व.का.लाई आठौ पटक म्याद थप अनुमतीको लागि लेखिएको पत्र।

१७८. मिति २०८०/०३/१५ गतेको म्याद थप अनुमती।

१७९. मिति २०८०/०३/१५ गतेको अरुण पोखरेलको घटना विवरण कागज पाना-२।

१८०. मिति २०८०/०३/१४ गतेको खानतलाशी पुर्जी।

१८१. मिति २०८०/०३/१४ गतेको खानतलाशी बरामदी मुचुल्का पाना-२।

१८२. मिति २०८०/०३/१४ गतेको जरुरी प्राउ पुर्जी।

१८३. मिति २०८०/०३/१४ गतेको मानिस दाखिला प्रतिवेदन पाना-२।

१८४. मिति २०८०/०३/१४ गतेको स्वास्थ्य परिक्षण प्रतिवेदन।

१८५. मिति २०८०/०३/१४ गतेको थुनुवा पुर्जी ।

१८६. मिति २०८०/०३/१५ गतेको जिल्ला प्रहरी कार्यालय कास्कीको मानिस उपस्थिती पत्र।

१८७. मिति २०८०/०३/१५ गतेको स्वास्थ्य परिक्षणको लागि लेखको पत्र र परिक्षण प्रतिवेदन।

१८८. मिति २०८०/०३/१५ गतेको थुनुवा पुर्जी ।

१८९. मिति २०८०/०३/१७ गतेको जरुरी पक्राउ स्वीकृती।

१९०. मिति २०८०/०३/१७ गतेको मिलान म्यादको लागि लेखिको पत्र।

१९१. मिति २०८०/०३/१७ गतेको मिलान म्याद अनुमती।

१९२. प्रतिवादीहरुको औठाछाप पाना-२।

१९३. मिति २०८०/०३/१८ गतेको पक्राउ अनुमतीको लागि लेखेको पत्र र अनुमती प्राप्त ।

१९४. मिति २०८०/०३/१८ गतेको काठमाडौं सुनचादी व्यवसायी संघलाई लेकेको पत्र।

१९५. मिति २०८०/०३/१९ गतेको काठमाडौं सुनचादी व्यवसायी संघको पत्र।

१९६. मिति २०८०/०३/१९ गतेको त्रि.वि. भन्सार कार्यालयलाई लेखिएको पत्र।

१९७. मिति २०८०/०३/०६ गतेको ग्लोवल आईएमई बैंक लि. को पत्र र संलग्न कागजात पाना-६ ।

१९८. मिति २०८०/०३/०८ गतेको ग्लोवल आईएमई बैंक लि. को पत्र र संलग्न कागजात पाना-३ ।

१९९. मिति २०८०/०३/१८ गतेको पिलर-६ लाई लेखेको पत्र।

२००. मिति २०८०/०३/१९ गतेको सुजाता अधिकारीको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-२ ।

२०१. मिति २०८०/०३/१९ गतेको त्रिभुवन विमानस्थल भन्सार कार्यालयको पत्र।

२०२. मिति २०८०/०३/२० गतेको

२०३. CDR विश्लेण पाना-३६० ।

२०४. मिति २०८०/०३/२० गतेको प्रतिवादी रेवन्त खड्काको थप बयान कागज पाना-२ ।

२०५. मिति २०८०/०३/२० गतेको प्रतिवादी दिनेश बस्नेतको थप बयान कागज पाना-३ ।

२०६. मिति २०८०/०३/२० गतेको प्रतिवादी वेद प्रकाश अग्रवालको थप बयान कागज पानास-२ ।

२०७. मिति २०८०/०३/२० गतेको प्रतिवादी निर्मल कुमार वि.क. को बयान कागज पाना-९ ।

२०८. मिति २०८०/०३/२१ गतेको काठमाडौं मालपोत कार्यालय भक्तपुरलाई लेखेको पत्र।

२०९. मिति २०८०/०३/२१ गतेको काठमाडौं सुनचादी व्यवसायी संघलाई लेखेको पत्र।

२१०. मिति २०८०/०३/२१ गतेको काठमाडौं सुनचादी व्यवसायी संघको पत्र।

२११. मिति २०८०/०३/२१ गतेको रामकृष्ण बाडेको घटना विवरण कागज पाना-२ र संलग्न कागजात पाना-१ ।

२१२. मिति २०८०/०३/२२ गतेको जि.स.व.का.लाई नवौ पटक म्याद थप अनुमतीको लागि लेखिएको पत्र।

२१३. मिति २०८०/०३/२२ गतेको म्याद थप अनुमती।

२१४. ऐ २६ गतेको म्याद थप पत्र पाना २ ।

**यो अभियोगपत्रबाट कारवाही शुरु गर्न अदालतसँग अनुरोध गरिन्छ।**

**कार्यालयको छापः**

**सरकारी वकीलकोः**

**दस्तखतः**

**नामः** बासुदेव शर्मा।

**दर्जाः** जिल्ला न्यायाधिवक्ता।

**कार्यालयः** जिल्ला सरकारी वकील कार्यालय,काठमाण्डौं

**मितिः** २०८०।०३।२७ गते रोज ३ शुभम्।